माध्यमिक शिक्षा पाठ्यक्रम

कक्षा ९ र १०

भाग ४

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०६४

माध्यामिक शिक्षा पाठ्यक्रम

कक्षा ९ र १०

भाग ४

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
नेपाल

विषयसूची

क्र.सं.	शीर्षक	पृष्ठ
१.	नेपाली	६
२.	अङ्ग्रेजी	११
३.	उर्दू	१५
४.	मैथिली	२१
५.	तिब्बती	३१
६.	हिन्दी	४०
७.	अवधी	४७
८.	चित्रकला	५६
९.	वातावरण विज्ञान	६६
१०.	भोजपुरी	९०
११.	नेपाल भाषा	९८
१२.	सामवेद	११०
१३.	ऋग्वेद	११९
१४.	फोटोग्राफी (छविकला)	१२७
१५.	सङ्गीत	१३८

१. शिक्षाका राष्ट्रिय उद्देश्य

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवनपद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने

३. स्थानीय, राष्ट्रियस्तरका व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देशनिर्माणका निम्ति मानवसंसाधनको विकास गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मदत गर्ने

८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मदत गर्ने ।

Untitled-2.pdf

२. माध्यमिक तहको शिक्षाका उद्देश्यहरू

राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो । माध्यमिक शिक्षाका उद्देश्यहरू निम्नलिखित हुने छन् :

१. देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्नु

२. राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सीपमूलक र तालिमप्राप्त मानव स्रोत उत्पादन गर्नु

३. इमानदारी, आत्मनिर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता, आत्मविश्वास जस्ता गुणको विकास गर्नु

४. दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक क्षमताको विकास गर्नु

५. दैनिक जीवनका समस्या समाधानका लागि उपयुक्त ज्ञान विकास गर्नु

६. राष्ट्रिय विकासका लागि राष्ट्रिय एकता सौहार्द र शान्ति कायम गर्न जातीय र सांस्कृतिक विविधताको महत्त्व गराउन राष्ट्रिय इतिहास, संस्कृति, भूगोल, अर्थशास्त्र, वातावरणसँग परिचित गराउनु

७. प्राविधिक र व्यवसायिक सीप विकास गर्नु र श्रमप्रति सम्मान गर्न सिकाउनु

८. आत्मनिर्भर हुन जीवन निर्वाहका लागि आयआर्जन गर्न सक्ने क्षमता र सामान्य व्यावसायिक सीपको विकास गर्नु

९. मानवअधिकार, सामाजिक न्याय, लोकतन्त्रको मर्म र भावना बुझी सोअनुसार अभ्यास गर्नु

१०. लिङ्ग, अपाङ्गता, सामाजिक, आर्थिक, भौगोलिक, जातीय र सांस्कृतिक विविधताका आधारमा हुने वैयक्तिक विभिन्नताको सम्मान गर्ने र जातजाति, छुयाछुत जस्ता सामाजिक कुरीतिहरूप्रति सचेत रही समावेशी समाज निर्माणमा सक्रिय रहनु

११. रचनात्मक ज्ञान र सीपको विकास गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न स्वतन्त्रता, समालोचनात्मक सोचाइ, विश्लेषणात्मक सीपको विकास गर्नु

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्नु

Untitled-3.pdf

३. माध्यमिक विद्यालयको पाठ्यक्रम ढाँचा

(क) साधारण माध्यमिक विद्यालय तह

सि.नं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	गणित	५	१००
३.	अङ्ग्रेजी	५	१००
४.	विज्ञान	५	१००
५.	सामाजिक शिक्षा	५	१००
६.	स्वास्थ्य, जनसङ्ख्या र वातावरण	४	१००
७.	ऐच्छिक प्रथम पत्र	५	१००
८.	ऐच्छिक द्वितीय पत्र	५	१००
	जम्मा	३९	८००

(अ) ऐच्छिक प्रथम पत्रमा निर्धारित विषयहरू (कुनै एक विषयमात्र)

(क) भाषासमूह

१. नेपाली	२. अङ्ग्रेजी	३. फ्रेन्च
४. रसियन	५. जर्मन	६. स्पानिस
७. चिनियाँ	८. हिन्दी	९. जापानी
१०. बङ्गाली	११. उर्दू	१२. तिब्बती
१३. संस्कृत	१४. ग्रीक	१५. ल्याटिन
१६. अरेबिक	१७. पर्सियन	१८. हिब्रु
१९. मैथिली	२०. नेवारी	२१. अवधी
२२. भोजपुरी		

लेख्य परम्परा वा व्याकरण र उपयुक्त पाठ्यसामग्रीको उपलब्धतानुसार नेपालमा अन्य राष्ट्र भाषाहरूलाई पनि पाठ्यक्रममा समावेश गर्दै लगिनेछ।

(ख) मानविकी तथा सामाजिक शास्त्रसमूह

१. इतिहास	२. भूगोल
३. नागरिक शास्त्र	४. अर्थशास्त्र
५. समाजशास्त्र	६. जनसङ्ख्या शिक्षा
७. वातावरण विज्ञान	

(ग) अतिरिक्त गणित

Untitled-4.pdf

(आ) ऐच्छिक द्वितीयपत्रमा निर्धारित विषयहरु (कुनै विषयमात्र)

१. कृषि शिक्षा,
२. शिक्षा
३. कार्यालय सञ्चालन र लेखा
४. कम्प्युटर विज्ञान
५. गृहविज्ञान
६. बेतबाँसशिल्प शिक्षा
७. सङ्गीत
८. वाद्यवादन
९. नृत्य
१०. चित्रकला
११. वास्तुकला
१२. हस्तकला
१३. खाद्यविज्ञान
१४. बस्त्रसिलाइबुनाइ
१५. लेखापरीक्षण
१६. टाइपिङ र सर्टहयान्ड
१७. फोटोग्राफी (छविकला)
१८. आयुर्वेद
१९. प्राकृतिक चिकित्सा
२०. योग शिक्षा
२१. पत्रकारिता
२२. स्वास्थ्य र शारीरिक शिक्षा
२३. औद्योगिक शिक्षा
२४. प्रारम्भिक बाल विकास शिक्षा

(ख) संस्कृत माध्यमिक विद्यालय

१. संस्कृत माध्यमिक विद्यालय

क्र.सं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	गणित	५	१००
३.	अङ्ग्रेजी	५	१००
४.	विज्ञान	५	१००
५.	सामाजिक शिक्षा	४	१००
६.	अनिवार्य संस्कृत भाषा	५	१००
७.	ऐच्छिक प्रथम पत्र (कुनै एक) (१) वेद (२) व्याकरण (३) न्याय (४) ज्योतिष (५) साहित्य (६) नीतिशास्त्र	५	१००
८.	ऐच्छिक द्वितीय पत्र (कुनै एक) (१) कर्मकाण्ड (२) आयुर्वेद (३) फलित ज्योतिष (४) योग शिक्षा (५) प्राकृतिक चिकित्सा (६) गृह विज्ञान (७) अतिरिक्त गणित (८) शिक्षा	५	१००
	जम्मा	३९	८००

Untitled-5.pdf

२. वेदविश्राम संस्कृत माध्यमिक विद्यालय

क्र.सं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	गणित	५	१००
३.	सामाजिक शिक्षा	५	१००
४.	संस्कृत व्याकरण+अनुवाद	५	१००
५.	संस्कृत भाषा+साहित्य	५	१००
६.	वेद वा नीतिशास्त्र	५	१००
७.	कर्मकाण्ड वा फलित ज्योतिष	४	१००
८.	(१) आयुर्वेद (२) प्राकृतिक चिकित्सा (३) योग शिक्षा (४) तर्कसङ्ग्रह (यीमध्ये कुनै एक विषय)	५	१००
	जम्मा	३९	८००

Untitled-6.pdf

ऐच्छिक नेपाली

१. परिचय

राष्ट्रभाषा एवम् सम्पर्क भाषाका रूपमा रहेको नेपाली भाषाको शिक्षणले विद्यालय तहको पठनपाठनमा महत्त्वपूर्ण स्थान ओगटेको छ। यसैले नेपाली भाषाका पाठ्यक्रम तथा पाठ्यसामग्रीले विद्यार्थीमा प्रभावकारी ढङ्गले व्यावहारिक दक्षता अभिवृद्धि गर्नुपर्छ। नेपाली भाषा शिक्षणलाई जीवनोपयोगी बनाउन आवश्यकताको पूर्ति गर्ने, भाषा संवर्द्धन गर्ने र भाषिक दक्षता अभिवृद्धि गर्ने महत्त्वपूर्ण कार्यको जिम्मेवारी शिक्षकहरूको कार्यकुशलता र लगनशीलतामा निर्भर छ।

विद्यालय तहमा ऐच्छिक नेपाली विषय शिक्षण गर्नुको प्रयोजन भाषिक दक्षता र प्रयोग पक्षको अभिवृद्धि गर्नु तथा बोध र अभिव्यक्ति क्षमता विकास गर्नु रहेको छ। यी कुरालाई सुदृढ तुल्याउन यस परिमार्जित पाठ्यक्रमले निम्नलिखित बुँदाहरूमा जोड दिएको छ :

- पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी एवम् व्यवहारमूलक बनाउने प्रयास गरिएको छ।
- साधारण र विशिष्ट उद्देश्यलाई एकीकृत रूपमा प्रस्तुत गरिएको छ।
- उपर्युक्त पाठ्यवस्तु छनोट एवम् स्तरणमा ख्याल गरिएको छ।
- उच्च शिक्षा प्रवेशको पूर्वाधारका रूपमा आवश्यक भाषिक दक्षता एवम् विश्लेषण क्षमता अभिवृद्धि गर्ने खालका पाठ्यवस्तु चयन गरिएको छ।
- शब्दभण्डार, उखानटुक्का र छन्दलाई समावेश गरिएको छ।
- विधाको क्षेत्र र क्रम स्पष्ट पारिएको छ।
- शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रिया निर्देश गरिएको छ।

यो पाठ्यक्रम निर्माणमा नेपाली भाषा विषय समिति, शिक्षक र विशेषज्ञहरूको आ-आफ्नो क्षेत्रबाट सम्दो प्रयास रहेको छ, तापनि यसलाई अझ बढी उपयोगी एवम् उद्देश्यमूलक बनाउने कार्यमा शिक्षक, शिक्षाविद्, अभिभावक एवम् शिक्षाप्रेमी महानुभावहरूको सल्लाह एवम् सुझावको अपेक्षा गरिएको छ।

२. ऐच्छिक नेपाली विषयको उद्देश्य

कक्षा ९ र १० को ऐच्छिक नेपालीको पाठ्यक्रमको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

१. नेपाली साहित्य पढ्ने अभिरुचि विकास गर्न
२. विभिन्न साहित्यिक रचनाहरू पढी आश्वादन गर्न
३. नेपाली साहित्यका विभिन्न विधासँग परिचित हुन
४. विधाको स्वरूप र शैलीगत भिन्नताको पहिचान गर्न
५. विभिन्न आधारमा साहित्यिक रचनाहरूको विवेचना गर्न
६. सम्बद्ध रचनाकारहरूको सामान्य परिचय दिन

Untitled-7.pdf

७. साहित्यिक रचनाका माध्यमबाट भाषिक क्षमताको विकास गर्न

८. साहित्यिक रचनाहरू पढी त्यसमा अभिव्यक्त विषयवस्तुको सारांश बताउन

९. निर्दिष्ट रचनाका विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न

१०. पठित साहित्यिक रचनाहरूको प्रकृतिअनुसार विषयवस्तु, विचार, चरित्र, उद्देश्य, परिवेश, शीर्षक, छन्द, लय, भाव, संवाद आदिको पहिचान गर्न

११. पठित पाठमा प्रयुक्त विशेष शब्द तथा उखानटुक्काको अर्थ पहिल्याई तदनुरूप वाक्यमा प्रयोग गर्न

१२. शब्दभण्डार वृद्धि गर्न

१३. विभिन्न साहित्यिक रचनाको अनुकरण गरी तदनुरूपका रचना क्षमताको विकास गर्न

१४. मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास गर्न

१५. शुद्ध र स्तरीय नेपाली भाषा प्रयोग गर्न

३. पाठ्यवस्तुको क्षेत्र र क्रम

क्र.सं.	विधा	क्षेत्र	पाठसङ्ख्या		
			कक्षा-९	कक्षा-१०	जम्मा
१.	कथा	सामाजिक	३	२	५
		मनोवैज्ञानिक	३	२	५
२.	कविता	छन्दलय	२	२	४
		लोकलय	२	२	४
		गीतिलय	२	२	४
		मुक्तलय	२	२	४
३.	निबन्ध	वस्तुपरक	२	१	३
		आत्मपरक	१	२	३
		हास्यव्यङ्ग्य	१	१	२
		यात्रासंस्मरण	१	१	२
४.	एकाङ्की/ नाट्यांश	सामाजिक	१	१	२
		मनोवैज्ञानिक	१	१	२
५.	शब्दभण्डार	(क) पठित रचनामा प्रयुक्त शब्दहरूको अर्थ पहिचान, निर्माण प्रक्रिया र प्रयोग (ख) पठित रचनामा प्रयुक्त उखानटुक्काको अर्थ पहिचान र प्रयोग	जम्मा २१	१९	४०
६.	छन्द	(क) अनुष्टुप (ख) शिखरिणी (ग) मन्दाक्रान्ता (घ) शार्दुलविक्रीडित (ङ) स्रग्धरा			

Untitled-8.pdf

४. शिक्षण प्रक्रिया

(क) कथा

कथा शिक्षणको मूल उद्देश्य यसको आस्वादन गरी प्रस्तुत विचार, कल्पनाशीलता तथा सिर्जनशीलता पहिचान गर्नु हो । यसमा अतिरिक्त बोध र उखानटुक्का तथा शब्दभण्डार क्षमताको अभिवृद्धि गर्नु पनि यसका अन्य उद्देश्य हुन् । अतः कथा शिक्षण गर्दा घटनाक्रम मिलाउने, छलफल, प्रश्नोत्तर, खोजसम्बन्धी अभ्यास, कथातत्त्वका आधारमा व्याख्या विवेचना, सारांश लेखन र पठित पाठका विभिन्न शब्दको निर्माण प्रक्रिया र अर्थ पहिचान तथा लिखित र मौखिक रूपमा प्रयोग जस्ता क्रियाकलाप गराउनु उपयुक्त हुन्छ। यस्तै कथाश्रवण, कथाकथन, अनुकृत कथालेखनजस्ता क्रियाकलाप पनि यस क्रममा अपेक्षित छन् ।

(ख) कविता

कविता शिक्षणको प्रमुख उद्देश्यमा कविता आस्वादन गरी गति, यति, लय र भावअनुसारको पठन गर्नु, कल्पनाबोध गरी व्याख्या गर्नु तथा कवितामा प्रयुक्त छन्द, बिम्ब, सङ्केत ठम्याउनु आदि पर्दछन् यी उद्देश्य पूर्तिका लागि शुद्धोच्चारण, सस्वर तथा मौनपठन, शब्दार्थ र प्रयोग, भावपहिचान, कवितातत्त्वका आधारमा व्याख्या, विवेचना, तुलना, समीक्षाजस्ता विभिन्न क्रियाकलाप गराउन सकिन्छ। कविता शिक्षणका लागि प्रश्नोत्तर, छलफल र व्याख्यान विधिका अतिरिक्त कवितालेखनलाई पनि शिक्षण क्रियाकलापका रूपमा अपनाउन सकिन्छ ।

(ग) निबन्ध

निबन्ध विधाको मुख्य उद्देश्य विचारलाई शृङ्खलाबद्ध रूपमा संयोजन गर्नु तथा अभिव्यक्तिलाई वस्तुपरक, आत्मपरक र भावात्मक ढङ्गले प्रस्तुत गर्न सक्नु हो । निबन्ध शिक्षणका लागि घटना तथा अनुभव वर्णन, चित्रवर्णन, स्थलगत भ्रमण र वर्णन, निबन्ध तत्त्वका आधारमा व्याख्या, विवेचना, लिखित तथा मौखिक वर्णन, श्रुतिरचना तथा स्वतन्त्रलेखनजस्ता क्रियाकलाप गराउन सकिन्छ । निबन्धका शिक्षण गर्दा प्रश्नोत्तर, व्याख्या, छलफलका आदि विवरणात्मक, समीक्षात्मक र व्याख्यात्मक विधिको उपयोग गर्न सकिन्छ। यस विधाको शिक्षणका क्रममा पठनबोध, शब्दभण्डार अभिवृद्धि र भाषिक प्रयोगमा विशेष जोड दिनुपर्छ ।

(घ) नाटक

नाटक शिक्षणको उद्देश्य विद्यार्थीलाई परिस्थिति विशेषसँग परिचित गराई तदनुरूपको कथ्य अभिव्यक्ति क्षमता अभिवृद्धि गर्नु हो । नाटक शिक्षणका लागि परिस्थिति, पात्र र भावानुकूल वाचन गराउने र भूमिका निर्वाह गराउने पक्षमा जोड दिनुपर्छ। त्यस क्रममा आरोह, अवरोह, आघात, हाउभाउसहितको प्रस्तुतिलाई विशेष महत्त्व दिनुपर्छ । यस विधाको शिक्षणमा कुराकानी, प्रश्नोत्तर, भाव पहिचान, संवादलेखन, अनुकृतलेखन, नाटक तत्त्वका आधारमा व्याख्या, विवेचना, सारांश लेखन, स्वतन्त्र लेखनजस्ता विभिन्न क्रियाकलाप गराउनु उपयुक्त हुन्छ ।

Untitled-9.pdf

(ङ) शब्दभण्डार र उखानटुक्का

शब्दभण्डार र उखानटुक्काको शिक्षणबाट विद्यार्थीमा भाषिकबोध र अभिव्यक्ति क्षमता विकास गराउन सकिन्छ। यसका लागि विशेषतः पाठमा प्रयुक्त शब्दबाटै र आवश्यकतानुसार पाठ बाहिरका शब्दहरूको शब्दवर्ग पहिचान, अर्थ पहिचान, निर्माण प्रक्रिया पहिचानका साथै प्रयोग पक्षमा पनि जोड दिनुपर्छ। यसैगरी पाठमा प्रयुक्त तथा पाठ बाहिरका उखानटुक्काको प्रयोगात्मक क्षमता अभिवृद्धिबाट विद्यार्थीको अभिव्यक्तिगत तथा शैलीशिल्पगत क्षमता उकास्न सकिन्छ। शब्दभण्डार शिक्षणमा पाठ्यपुस्तक विधिको प्रयोग गरी अभ्यास पक्षमा विशेष ध्यान पुऱ्याउनुपर्छ।

(च) छन्द शिक्षण

छन्द शिक्षणको उद्देश्य विद्यार्थीमा पाठ्यक्रममा निर्धारित छन्दको प्रयोगको ज्ञान गराउनु हो। यसका लागि निर्धारित छन्दको गति, यति र लयसहितको पठन गर्ने मात्रा र गण छुट्याउने, गण सङ्केतको आधारमा कुनै कविताको छन्द पहिल्याउने, अनुकृत लेखन गर्ने र छन्दमा कविता लेख्ने अभ्यास गराउनुपर्छ। छन्दको शिक्षणको क्रममा पाठ्यपुस्तकमा प्रयुक्त र बाहिरी अन्य कविताहरूबाट गण सङ्केत र छन्द पहिचानको अभ्यास गराउनु र निर्धारित छन्दमा कविता लेखन र बाचन अभ्यास गराउनु उपयुक्त हुन्छ।

५. मूल्याङ्कन प्रक्रिया

यस पाठ्यक्रमअनुसार विद्यार्थीको उपलब्धि मूल्याङ्कनका लागि निम्नानुसारको मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्नेछ :

क्र.सं.	मूल्याङ्कनका क्षेत्र	विधा	अङ्क भार	स्पष्टीकरण
१.	शब्दभण्डार	पाठमा प्रयुक्त विभिन्न प्रकारका शब्दहरूको अर्थ पहिचान	५	पाठ्यपुस्तकका विभिन्न पाठबाट पाँचओटा शब्द छानी अर्थ लेख्न लगाउने।
		पाठमा प्रयुक्त विभिन्न प्रकारका शब्दहरूको प्रयोग	५	पाठ्यपुस्तकका विभिन्न पाठबाट माथिल्लो प्रश्नमा नपरेका अन्य पाँचओटा शब्द छानी वाक्यमा प्रयोग गर्न दिने (यस प्रश्नका लागि पर्यायवाची, अनेकार्थी, अनुकरणात्मक, एकल, पारिभाषिक, प्राविधिक आदि शब्द दिने)
		पाठमा प्रयुक्त विभिन्न प्रकारका शब्दहरूको संरचना	५	पाठमा प्रयुक्त उपसर्ग, प्रत्यय, समास, द्वित्व र सन्धियुक्त पाँचओटा शब्द दिई तिनको निर्माण प्रक्रिया बताउन लगाउने।

Untitled-10.pdf

२.	उखानटुक्का	उखान	५	पाठमा प्रयुक्त र बाहिरका पाँचओटा उखान दिई तिनको अर्थ लेखेर वाक्य बनाउन लगाउने ।
		टुक्का	५	पाठमा प्रयुक्त र बाहिरका पाँचओटा टुक्का दिई तिनको अर्थ लेखेर वाक्य बनाउन लगाउने ।
३.	स्वतन्त्र रचना	निजात्मक निबन्ध	१०	कुनै तीन शीर्षक दिई एक शीर्षकमा निजात्मक (भावपरक) निबन्ध लेख्न लगाउने ।
		कथा संवाद	१०	कथा वा संवादबाट दुई प्रश्न (एक अनुकृत र एक स्वतन्त्र) दिई कुनै एकको उत्तर दिन लगाउने ।
४.	छन्द	निर्धारित छन्द	५	निर्धारित छन्दको कविता दिई गण सङ्केतसहित छन्द पहिल्याउने वा गण सङ्केत र छन्द दिई कविता लेख्न लगाउने एक प्रश्न सोध्ने ।
५.	विधागत संरचनाको भिन्नता पहिचान	कथा, कविता, निबन्ध, नाटक	५	कथा, कविता, निबन्ध वा नाटक विधामध्ये कुनै एक विधाको चिनारी दिने वा कुनै दुई विधाको समानता वा भिन्नता छुट्याउने एक प्रश्न सोध्ने ।
६.	सारांश (दृष्टांश वा अदृष्टांश)	कथा, निबन्ध	५	१५० शब्दसम्मको दृष्टांश वा अदृष्टांश दिई सारांश लेख्न लगाउने ।
७.	व्याख्या	कथा, कविता, निबन्ध, नाटक	१०	कथा, कविता, निबन्ध र नाटक विधाबाट चार विशिष्ट पङ्क्ति/अंश दिई कुनै दुईको व्याख्या गर्न लगाउने ।
८.	पाठगत सङ्क्षिप्त उत्तर	कथा, कविता, निबन्ध, नाटक	१०	कथा, कविता, निबन्ध र नाटकबाट सङ्क्षिप्त समीक्षात्मक तीन प्रश्न सोधी दुई प्रश्नको उत्तर लेख्न लगाउने ।
९.	विवेचना	कथा, कविता, निबन्ध, नाटक	२०	कथा, कविता, निबन्ध र नाटक विधामध्येबाट समीक्षात्मक तीन प्रश्न सोधी दुई प्रश्नको उत्तर लेख्न लगाउने ।

Untitled-11.pdf

Optional English Curriculum

Introduction

The Optional English Curriculum is designed specifically for those secondary level students who have already acquired core knowledge of English. It is also prepared for those who have keen interest and are now interested in expanding their knowledge and understanding in English language and literature. Considering these facts this curriculum has been set up for widening their experiences and exposure to varieties of current English that consolidates their language learning through different types of literary materials and activities. It hopes to increase competency in reading and writing skills and create an interest in English to continue their study at higher levels. It is hoped that by exposing them to varieties of English through the different types of literary writing that the national aims of producing students with good command at English and so as to make them capable of serving their country will be achieved. This course is not intended as a course in language, which is the function of the general English course. That is why it will mainly consist of literary texts.

General Objectives

1. To enhance reading habits and encourage reading for pleasure and information
2. To broaden and enrich the knowledge of English language, literature and cultures
3. To expose students to a variety of English literary forms of writings and encourage students to comprehend and appreciate
4. To give students sufficient practice in productive skill- mostly writing which includes paragraph writing, summary writing, précis writing, dialogue writing, different types of imaginary, descriptive and narrative writings and develop students creativity in different types of writing for various purposes
5. To build up students' confidence for further studies of English literature

Untitled-12.pdf

Specific Objectives : At the end of this course, the students will be able to:

Prose

1. Understand the different forms of prose and derive pleasure and information
2. Comprehend a passage and answer question on it
3. Identify and express the central idea or theme of a passage
4. State the intention or message of the author of a passage
5. Identify and explain the meanings of certain key words, phrases, sentences or paragraphs according to their context
6. Write the summary and justify the title of passage
7. Prepare some guided and free compositions which fulfill a particular purpose (narrating, describing, reporting, summarizing etc.) as well s produce a piece o connected writing for a specific purpose using the language forms and vocabulary appropriate to that purpose

Drama

1. Understand the features of drama like plot, scene, characters etc, and show comprehension of a drama
2. Identify and explain the meanings of key words, phrases, sentences of expressions used in the play according to the context
3. Describe the characters of a play
4. Elaborate and explain some expressions of a play
5. Write a summary or gist of a play

Poetry

1. Differentiate the poetry from the other forms of writing and understand its basic features
2. State the theme of a poem
3. Recognize the meaning of the selection of words and phrases in a poem and how they are presented to create interest in poetry
4. Identify the poet's intention and make critical appreciation of a poem
5. Write a summary or gist of poem

Untitled-13.pdf

Evaluation Scheme

There will be a paper-pencil test administered to evaluate the students' learning achievement for this course. In the final SLC examination, there will be one paper of 100 marks. Questions will be asked from the contents of both Grades 9 and 10 in combined form. The distribution of marks will be as follows:

1.	Short introduction to Language and Literature	15 marks
2.	Prose	40 marks
	(a) Stories and Passages	25 marks
	(b) Essays	15 marks
3.	Drama	20 marks
4.	Poetry	25 marks
		Total 100 marks

Marks Division (Skill wise)

1.	Reading	40%
2.	Writing	40%
3.	Grammar	10%
4.	Vocabulary	10%

Contents of Curriculum for Grade 9

Genre	Type	Items	Periods
I. Short introduction to Language and Literature			20
	1. Nature and origin		5
	2. Basic Features		5
	3. Differences		5
	4. Preliminary elements of Literary work		5
II. Prose	1. Stories and Passages	9	45
	a) Ancient	1	5
	b) Folk	2	10
	c) Modern	2	10
	d) Authentic passages with various themes from widely read magazines and newspapers with focus on the English used in mass media; science and technology	4	20
	2. Essays	3	15
	a) Descriptive	1	5

Untitled-14.pdf

	b) Reflective	1	5
	c) Narrative	1	5
III. Drama	1. One act play	3	20
	2. Simple or short or retold drama	1	15
IV. Poetry		7	35
	1. Narrative	2	10
	2. Descriptive	2	10
	3. Lyrical	2	10
	4. Reflective	1	5
	Total		150

Content of Curriculum for Grade 10

Genre	Type	Items	Periods
I. Prose	1. Children's Classic	1	10
	2. Stories	6	30
	a) Ancient	1	5
	b) Folk	1	5
	c) Modern (Contemporary)	4	20
	3. Modern Essays	3	15
	a) Descriptive	1	5
	b) Reflective	1	5
	c) Biographic	1	5
II. Drama	One Act Plays	3	15
III. Poetry		8	40
	1. Elizabethan	1	5
	2. Classical	1	5
	3. Lyrical	2	10
	4. Metaphysical	1	5
	5. Romantic	3	15
	Total		110

Untitled-15.pdf

उर्दू

१. परिचय

राणा शासनकालमा पनि विद्यालयस्तरको पाठ्यक्रममा उर्दूलाई मान्यता दिइएको थियो । पुस्तकको अभावमा विदेशी विद्यालयहरूमा पठनपाठन गरिने पुस्तकहरू नै नेपालमा पनि पढाइने गरिन्थ्यो । यो क्रम २०३८ सालसम्म जारी नै रह्यो ।

२०३८ सालको माध्यमिकस्तरको पाठ्यक्रममा पनि उर्दूलाई एक इच्छाधीन विषयको रूपमा मान्यता दिइयो र शिक्षाको राष्ट्रिय उद्देश्यअनुसार उर्दू पाठ्यक्रमको निर्माण गरियो । त्यसैअनुसार पाठ्यपुस्तक तयार गरी लागू गरिएका थिए ।

माध्यमिकस्तरको पाठ्यक्रमलाई समयसापेक्ष बनाउने क्रममा विभिन्न आवश्यकता र चाहनालाई दृष्टिगत गरी अन्य स्थानीय भाषाहरू झैं उर्दू भाषाको पाठ्यक्रमलाई पनि समयानुकूल पुनः निर्माण गरिएको छ । विद्यार्थीहरूका लागि बढी उपयोगी र व्यावहारिक बनाउन हरसम्भव प्रयत्न गरिएको छ ।

यस पाठ्यक्रमलाई स्तरीय बनाउन यसमा भाषा र साहित्यका विभिन्न विधाहरू समावेश गर्ने प्रयत्न गरिएको छ । पाठ्यक्रमलाई नस्र (गद्य), नज्म (पद्य) र कवाएद (व्याकरण) गरी तीन प्रमुख खण्डमा विभाजित गरिएको छ । नस्र (गद्य) खण्डमा मजामीन (निबन्ध), हेकायात (कथा), सवानेह् (जीवनी) तथा खोतूत निगारी (पत्रलेखन) समावेश गरिएको छ भने नज्म (पद्य) खण्डअन्तर्गत मन्जूमात (कविता), गजलियात (गजल) एवम् रुबाइयात (चतुष्पदी कविता) जस्ता विधाहरूलाई स्थान दिइएको छ । साथै तेस्रो खण्डमा कवाएद् (व्याकरण) का केही मूलभूत नियमहरू राखिएका छन् । गद्य खण्डलाई ५०% पद्य खण्डलाई ३०% र व्याकरण खण्डलाई २०% अङ्कभार प्रदान गरिएको छ ।

२. साधारण उद्देश्य

उर्दू शिक्षणबाट विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

(क) भाषाका चारै सीपहरूमा कुशलता प्राप्त गर्न ।

(ख) सुनेका, पढेका र आफूले अनुभव गरेको विषयवस्तुबारे उर्दूमा मौखिक तथा लिखित अभिव्यक्ति गर्न ।

(ग) साहित्यिक तथा वैचारिक क्षमता वृद्धि गर्न ।

(घ) शुद्ध उच्चारण गर्न तथा शब्द भण्डारमा वृद्धि गर्न ।

(ङ) सामान्य भाषिक समीक्षा र टिप्पणी गर्न ।

(च) कथा, कविता, निबन्धजस्ता साहित्यिक विधाहरू बुझ्न, पढ्न र लेख्न ।

(छ) विभिन्न विशिष्ट स्वदेशी तथा विदेशी व्यक्तिहरूको जीवनी पढी प्रेरणा प्राप्त गर्न ।

(ज) उर्दू व्याकरणका आधारभूत नियमसँग परिचित हुन ।

Untitled-16.pdf

(झ) उर्दू साहित्यप्रति रुचि जगाउन ।

(ञ) उच्च शिक्षामा उर्दू भाषा लिई अध्ययन गर्ने पूर्वाधारको विकास गर्न ।

३. विशिष्ट उद्देश्य

कक्षा ९ र १० को अन्तमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

१. कथा र निबन्धको सार बुझी अनुच्छेदमा मिलाएर अभिव्यक्त गर्न ।

२. पाठमा भएका नयाँ शब्दहरू, वाक्यांशहरू तथा उखान र टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न ।

३. गति, यति र लय मिलाई कविताहरू पढ्न र तिनको मर्म बुझी मौखिक र लिखित रूपमा व्यक्त गर्न ।

४. घरयासी, विद्यालय एवम् कार्यालयसम्बन्धी तथा व्यापारिक चिठीहरू लेख्न ।

५. महान् व्यक्तिहरूको जीवनी पढी तुलनात्मक समीक्षा प्रस्तुत गर्न र जीवनी लेख्न ।

६. ठीक ठाउँमा ठीक शब्द र वाक्यांशको प्रयोग गर्न ।

७. विषयवस्तुहरूका खासखास बुँदाहरू टिप्न र व्याख्या गर्न ।

८. विभिन्न सामान ध्वनिहरूमा फरक छुट्याउन र सही उच्चारण गर्न ।

९. बोल्दा र लेख्दा व्याकरणका नियमहरू पालना गर्दै आफ्ना भाषिक क्षमता वृद्धि गर्न ।

१०. लेख्य चिह्नहरूको पहिचान गरी नियमानुसार उपयुक्त स्थानमा उपयुक्त चिह्नहरूको प्रयोग गर्न ।

४. विषयवस्तु (क्षेत्र र क्रम)

अध्याय, एकाइ तथा पाठहरू	कक्षा ९	कक्षा १०
१. नस्र (गद्य)		
क) मजामीन (निबन्ध)		
क.१. समाजी (सामाजिक)	- समाजी बेदारी (चेतना)	- समाजी
क.२. तहजीबी (सांस्कृतिक)		- माहौलियाती
क.३. तारीखी (ऐतिहासिक)	- तारीखी	- फितरी
क.४. फितरी (प्राकृतिक)	- माहौलियाती	- अदबी
क.५. माहौलियाती (वातावरणीय)	- अदबी	
क.६. अदबी और फन्नी (कला र साहित्यसम्बन्धी)	- फन्नी	
ख) हिकायात (कथा)		
ख.१. मजहबी (धार्मिक)	- मजहबी	- मजहबी
ख.२. अखलाकी (नैतिक)	- अखलाकी	- अखलाकी
ख.३. तारीखी	- तारीखी	
ख.४. समाजी	- समाजी	- समाजी

Untitled-17.pdf

ग) सवानेह् निगारी और सवानेह् हयात् (जीवनी, आविष्कार र विचारक) ग.१. अदीब व शायर (साहित्यकार र कवि) ग.२. मोजिद व मोफक्किर और (आविष्कारक र विचारक) ग.३. खादिमे समाज (समाज सेवी)	- अदीब (लेसानी) - शायर (मुल्की) - मोजिद (गैरमुल्की) - मोफक्किर (लेसानी) - खादिमे समाज (मुल्की)	- अदीब (लेसानी) - शायर (गैर मुल्की) - मोजिद - मोफक्किर (लेसानी) - खादिमे समाज (गैर मुल्की)
घ) खातूत निगारी और खीतूत घ.१. खान्गी (घरायसी) घ.२. स्कूली घ.३. दफतरी (कार्यालयीय) घ.४. तिजारती (व्यापारिक)	- खान्गी - स्कूली - दफतरी - तिजारती	- खान्गी - स्कूली - दफतरी
२. नज्म (पद्य) क) मन्जूमात (कविता) क.१. हम्द (ईश्वर स्तुति कविता) क.२. नात (ईशदूत स्तुति) क.३. कौमी (राष्ट्रिय) क.४. अखलाकी (नैतिक कविता) क.५. तारीखी (ऐतिहासिक कविता) क.६. सकाफती (सांस्कृतिक) क.७. समाजी (सामाजिक कविता) क.८. फितरी (प्राकृतिक)	- हम्द - नात - कौमी - तारीखी - फितरी	- अखलाकी - तारीखी - सकाफती - समाजी
ख) गजलियात (गजल) अदबी और फन्नी शाहकारो पर मुस्तमिल	अज सेहल ता मुस्किल का लिहाज करते हुए हस्बे अदबार और मरातिब आठ गजलें	हस्बे अदबार और मरातिब गजलें
ग) रुबाइयात (चार पङ्क्ति भएको कविता) ग.१. समाजी ग.२. अखलाकी ग.३. मजहबी (धार्मिक) ग.४. नसिहत आमेज (उपदेशात्मक कविता)	हर एक की दो दो रुबाईयात	हर एक की एकएक रुबाईयात
३. कवाएद (व्याकरण) क. कवाएदकी उमूमी जानकारी और ख. दिगर जरुरी वाकफियत	- कलमा और इस्की किस्मे (शब्द र यसका प्रकार) - इस्म और इस्की किस्मे (संज्ञा र यसका प्रकार) - इस्म मारफा और इस्की किस्मे	- जिन्सियत (लिङ्ग) - अल्फाजे मोतजाद (विपरीतार्थक शब्द) - अल्फाजे मोतरादिफ

Untitled-18.pdf

	(व्यक्तिवाचक संज्ञा र प्रकार) - अलम और इस्की किस्मे - जमाना और फेल (काल र क्रिया) - वाहिद और जमा (एकवचन र बहुवचन) - जमीर और इस्की किस्मे (सर्वनाम र यसका प्रकार) - सिफत और इस्की किस्मे (विशेषण र यसका प्रकार)	(पर्यायवाची शब्द) - सावेका और लाहेका (पूर्वसर्ग र परसर्ग) - मोहावरा और जर्बुल अम्साल (प्रचलित उखान टुक्का) - औकाफ और मुख्तसरात (वर्णविन्यास र संक्षिप्त रूप)

५. शिक्षण सामग्री

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी एवम् आकर्षक बनाउन पाठसँग सम्बन्धित उपयुक्त सामग्रीहरू प्रयोग गर्न नितान्त आवश्यक भएकाले विद्यालयमा उपलब्ध तथा स्थानीय स्रोत र साधनहरूको प्रयोगद्वारा सजिलैसँग निर्माण गर्न सकिने खालका सामग्रीहरूलाई प्राथमिकता दिनुपर्दछ ।

यस पाठ्यक्रमको हकमा पाठ्यपुस्तकबाहेक निम्नानुसारका अन्य सामग्रीहरू प्रयोग गर्न सकिनेछ ।

१. उर्दू भाषाका सन्दर्भ पुस्तकहरू
२. उर्दूका पत्रपत्रिकाहरू
३. विभिन्न किसिमका चार्टहरू
४. शब्दपत्ती
५. वर्णपत्ती
६. वाक्यपत्ती
७. अनुच्छेदपत्ती
८. गोजी तालिका
९. क्यासेट प्लेयर
१०. स्लाइडहरू
११. रेडियो र टेलिभिजन
१२. वृत्त चित्र

Untitled-19.pdf

१३. चित्रहरू

१४. फ्लाटिन बोर्ड

६. शिक्षण विधि

पाठ्यक्रमका उद्देश्यहरू प्राप्त गर्न समावेश गरिएका पाठ्यवस्तुहरू शिक्षकद्वारा कक्षाकोठामा प्रस्तुत गरिन्छ जसलाई शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ।

यसअन्तर्गत सम्बन्धित शिक्षकले विभिन्न पक्षहरूलाई दृष्टिगत गरी उपयुक्त र प्रभावकारी शिक्षण विधि, प्रविधि तथा क्रियाकलापहरू अपनाउनुपर्छ।

भाषाका प्रमुख उद्देश्य सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सीपहरू विकास गर्नु भएकाले शिक्षण विधिहरूको छनोटमा निकै विचार पुऱ्याउनुपर्दछ। आवश्यकतानुसार सम्बन्धित सीपको विकास गर्न यीमध्ये उपयुक्त शिक्षण विधि छनोट गरी तदनुरूप शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु बढी प्रभावकारी हुनेछ :

१. मौन तथा सस्वर वाचन गर्न लगाउनु,
२. पाठअन्तर्गतका नयाँ शब्दहरूको अर्थ बताउनु तथा वाक्यमा प्रयोग गर्न लगाउनु,
३. आवश्यकताअनुसार पाठको व्याख्या गर्नु,
४. प्रश्नोत्तरद्वारा विद्यार्थीहरूलाई सक्रिय बनाउनु,
५. चित्र, चार्ट, टेपरिकर्डर आदिको प्रयोग गर्नु,
६. समूहमा छलफल गर्न लगाउनु,
७. गृहकार्यका लागि खोजी गर्ने खालका प्रश्नहरू वा समस्याहरू दिनु तथा लिखित प्रतिवेदन प्रस्तुत गर्न लगाउनु,
८. अभिनय तथा प्रदर्शन विधि प्रयोग गर्नु

७. मूल्याङ्कन प्रक्रिया

शिक्षणको प्रमुख उद्देश्य पाठ्यक्रममा निर्धारित उद्देश्यहरू प्राप्त गर्नु भएकाले ती उद्देश्य के कति प्राप्त भए थाहा पाउन मूल्याङ्कन गर्नुपर्ने हुन्छ।

विद्यार्थीहरूको सिकाइलाई पूर्ण रूप दिन र अझ प्रभावकारी बनाउन निर्माणात्मक मूल्याङ्कन गर्नुपर्दछ भने उनीहरूको प्रगतिलाई लेखाजोखा गरी उत्तीर्ण अनुत्तीर्ण विद्यार्थीहरूलाई छुट्याउन निर्णयात्मक मूल्याङ्कन गरिन्छ। विद्यालयहरूमा प्रचलित एकाइ र त्रैमासिकले परीक्षाहरू निर्णयात्मक तथा निर्माणात्मक मूल्याङ्कनभित्र पर्न आउँछन् भने वार्षिक परीक्षा मुख्य रूपले निर्णयात्मक नै हुन्छ। सामान्यतया दुवै खाले मूल्याङ्कनका लागि लिखित जाँच लिने गरिन्छ। यसका अतिरिक्त दैनिक पाठ शिक्षण क्रियाकलापअन्तर्गत शिक्षकले मौखिक रूपमा पाठसँग सम्बन्धित प्रश्नहरू सोध्नुपर्दछ। साथै प्रत्येक एकाइको अन्तमा एकाइ जाँच पनि लिनुपर्दछ। यसले

Untitled-20.pdf

गर्दा शिक्षकले विद्यार्थीहरूको सिकाइ र आफ्नो शिक्षण प्रक्रियालाई अझ प्रभावकारी बनाउन सजिलो हुन्छ ।

भाषाका चारै सीपहरूलाई दृष्टिगत गरी एकाइ जाँच, त्रैमासिक जाँच तथा कक्षा ९ को वार्षिक जाँचका लागि निम्न प्रकारका प्रश्नहरूको आधारमा परीक्षा लिइनेछ :

१. निबन्धात्मक प्रश्नहरू
२. छोटो उत्तर दिने खालका प्रश्नहरू
३. बहुवैकल्पिक प्रश्नहरू
४. जोड्ा मिलाउने प्रश्नहरू
५. खाली ठाउँ भर्ने प्रश्नहरू
६. ठीक बेठीक छुट्याउने प्रश्नहरू

मूल्याङ्कन गर्दा कक्षाकोठामा लिखित जाँच तथा गृहकार्यबाहेक अन्य क्रियाकलाप पनि अपनाउन सकिन्छ । जस्तै- समूह छलफल, सस्वर पठन, स्वाध्ययन कार्यपछि मौखिक व्याख्या गर्न लगाउने, वादविवाद आदि ।

कक्षा १० को एकाइ तथा त्रैमासिक परीक्षाको स्वरूप आन्तरिक हुने भएकाले उपर्युक्त मूल्याङ्कन विधिहरूद्वारा नै जाँच गर्नु उपयुक्त देखिन्छ तर वार्षिक परीक्षा बाह्य परीक्षा भएकाले कक्षा ९ र १० मा पठनपाठन गरिने सम्पूर्ण विषयवस्तुहरूलाई समेट्ने गरी १०० पूर्णाङ्कको जाँच निर्धारित मूल्याङ्कन विधिको आधारमा सञ्चालन गर्नुपर्नेछ । यस सम्बन्धमा सम्बन्धित निकायले नमुना प्रश्न उपलब्ध गराउनुपर्नेछ ।

अङ्क तथा पाठ्यभार विभाजन तालिका

कक्षा ९ र १०

विषय	पूर्णाङ्क	पाठ्यभार	
		कक्षा ९	कक्षा १०
नस्र	५०	७५	५०
- मजामीन (गद्य)	२०	३०	२०
- हिकायात (कथा)	१०	१५	१०
- सवानेह् हयात (जीवनी)	१०	१५	१०
- खोत्त निगारी (पत्र लेखन)	१०	१५	१०
नज्म (पद्य)	३०	४५	३०
- मन्जूमात (कविता)	१०	१६	११
- गजलियात (गजल)	१०	१६	११
- रुबाइयात	१०	१६	८
कवायद (व्याकरण)	२०	३०	२०
	१००	१५०	१००

Untitled-21.pdf

मैथिली

कक्षा ९-१० क पाठ्यक्रम

साधारण उद्देश्य

इच्छाधीन मैथिली विषय लs कs माध्यमिक स्तर उत्तीर्ण विद्यार्थी सभ निम्नलिखित विषयमे सक्षम होयत ।

१. देखल, सुनल, पढल वा अनुभव कयल विषयक आधापर मैथिली भाषामे मौखिक आ लिखित शुद्ध अभिव्यक्ति देवामे ।
२. विभिन्न साहित्यिक विधा समक अध्ययनसं भाषिक आ वैचारिक क्षमता प्राप्त करवामे ।
३. मैथिली भाषामे सरल मौलिक रचना करवामे ।
४. मैथिली साहित्यिक अध्ययनसं साहित्यमे अभिरुचि उत्पन्न करवामे ।
५. कविताकें गति, यति मिलाक लयबद्ध रूपमे प्रभावकारी ढंगसं पढवामे ।
६. व्यावहारिक रूपमे व्याकरणक प्रयोग करवामे ।
७. कार्यालयीय व्यावसायिक घरायसी अथवा सामाजिक पत्र लिखवामे ।

विशिष्ट उद्देश्य

ऐच्छिक मैथिली भाषा लs कs माध्यमिक स्तर (९-१०) उत्तीर्ण भेल छात्रछात्रासभ निम्नलका विषयवस्तुमे दक्षता प्राप्त करत ।

१. पढल आ सुनल शब्दकें शुद्ध आ स्पष्ट उच्चारण करवामे,
२. कथा कविता, रूपक निबन्ध आदि साहित्यिक विधा रुचिपूर्वक पढवा आ लिखवामे ।
३. पढल गेल कथा कविता, जीवनीक विवेचना, व्याख्या, सारांश भावार्थ आ अर्थ लिखवामे ।
४. कविताकें गति, यति मिलाक लयबद्ध रूपमे प्रभावकारी ढंगसं पढवामे ।
५. कविताक मात्रिक आ वार्णिक एवं मुक्तकक भेद बुझवामे ।
६. सामान्य कथा, कविता आ: निबन्ध लिखवामे ।
७. घरायसी, कार्यालयीय अ व्यापारिक चिठी लिखवामे ।
८. अनुच्छेद, पढवा लिखवा आ पुछलगेल प्रश्नक मौखिक एवं लिखित उत्तर देवामे ।
९. गद्य आ पद्य मौन अध्ययन आ सस्वर वाचन करवामे ।
१०. वादविवाद, संवाद आ छलफल मे अपन मौलिक अभिव्यक्ति देवामे ।
११. विषयवस्तु आ प्रसंग अनुसार कौमा, पूर्णविराम, अर्धविराम आदि चिह्नक प्रयोग करवामे ।
१२. बिग्रह, कारक आ समासक लक्षणसहित भेद बुझवामे ।
१३. मौखिक वा लिखित अभिव्यक्ति मे मुहावरा आ लोकोक्तिक प्रयोग करवामे ।
१४. पर्यायवाची, अनेकार्थक, विपरीतार्थक, समूहार्थक, शब्दकें चिह्नवामे ।

Untitled-22.pdf

१५. व्याकरणक आधारभूत नियमसभक पालन करैत अभिव्यक्त करबामे ।

१६. मौखिक अभिव्यक्तिक क्रियामे हावभाव, चेष्टा अभिनयक प्रदर्शन करबामे ।

१७. मैथिली शब्दकोशक प्रयोग आ शब्द भण्डारक वृद्धि करबामे ।

१८. मिथिलाक्षरमे अनुच्छेद लिखबामे ।

१९. नैतिकता, सच्चरिता, परोपकारिता आ आदर्शता सतगुणक अभिवृद्धि करबामे ।

माध्यमिक स्तर (कक्षा ९-१०) उत्तीर्ण भेला पर निम्नलिखित भाषिक कौशल प्राप्त कs सकैत अछि

१. **सुननाइ**

(क) कविता, कथा, जीवनी सुनब ।

(ख) संवाद, मनोवाद, वादविवाद निबन्ध, चिठी पत्रक बाचना ध्यानपूर्वक सुनब ।

(ग) बातचित, विचार विमर्शआ पाठसम्बन्धी अन्यान्य विषयवस्तु समक सम्बन्धमे कयलगेल वातचित सुनब आ पालन करब ।

(ङ) विभिन्न प्रकारक उच्चरित शब्द सभ सुनब आ, अर्थक भिन्नताक पहिचान करब ।

२. **बजनाइ**

(क) देखल, सुनल, पढल आ अनुभव कयल गेल वस्तु, चित्र घटनाक सम्बन्ध मे स्पष्ट बाजब ।

(ख) वर्ण शब्द आ वाक्य शुद्ध एवं स्पष्ट बाजब ।

(ग) साहित्य, कला आ संवादमे सहभागी भs प्रभावकारी ढंगसँ बाजब ।

(घ) अपना सँ श्रेष्ठ अपनासँ छोट आ अपन समवयस्ककप्रति ।

(ङ) अभिवादन आभार आ क्षमा व्यक्त करैत शिष्टता संबाजब ।

३. **पढ़नाइ लिखित सामग्री समके गति यति मिलाक शुद्ध आ स्पष्ट रूपसँ सस्वर पढ़ब**

(क) साहित्यिक विधा, कविता, कथा, जीवनी आदिक गति, यति, बल, आधात मिला कs।

(ख) विभिन्न प्रकारक निबन्ध, कथा, कविता पढ़ब आ विश्लेषण करब ।

(ग) विशिष्ट अंशक अध्ययन कs व्याख्या, भाव विस्तार (आ विवेचन करब) ।

(घ) पाठ्य विषयवस्तुक अध्ययन करब आ अर्थ बुझब ।

(ङ) प्रचलित मुहावरा अलोकोक्ति पढ़ब आ प्रयोग करब ।

(च) मिथिलाक्षरक वर्णमाला पढ़ब आ प्रयोग करब ।

(छ) पाठ्यांशकें मौन भs कs पढ़ब ।

लिखनाइ

(क) देखल, सुनल, पढल आ अनुभव कयल गेल विषयवस्तु आ घटना विषयमे लिखित वर्णन करब ।

Untitled-23.pdf

(ख) विभिन्न प्रकारक अनुच्छेद लिखब ।

(ग) हिज्जे मिलाक उपयुक्त वाक्यक गठनक कs लिखब ।

(घ) शिक्षकद्वारा लिखाओल गेल लेख श्रुति लेख लिखब ।

(ङ) घरायसी, कार्यालयीय आ व्यापारिक चिठी लिखब ।

(च) विराम चिह्न सभक प्रयोग कs कs लिखब ।

(छ) मुहावरा लोकोक्तिक अर्थ बुझिक वाक्यमे प्रयोग करतै लिखब ।

(ज) पर्यायवाची अनेकार्थी, विपरीतार्थी, पारिभाषिक प्राविधिक शब्द सभक अर्थ बुझी प्रयोग करब ।

(झ) क्रिया मिलाक अनुच्छेद छुटियवैत निबन्ध लिखब ।

कक्षा ९-१०

पाठ्यभार- ५ पूर्णाङ्क १००

क.सं.	विधा	क्षेत्र आ क्रिया उपविधा	सङ्ख्या	कैफियत
१	कथा	क. लोककथा	२	१०
		ख. पौराणिक कथा	२	
		ग. ऐतिहासिक कथा	२	
		घ. नैतिक कथा	२	
		ङ. सांस्कृतिक कथा	२	
२	जीवनी	क. राष्ट्रिय		८
		अ. साहित्यिक	२	
		आ. राजनैतिक	२	
		इ. कलाकार	२	
		ई. सांस्कृतिक	२	
		ख. अन्तर्राष्ट्रिय		१०
		अ. साहित्यिक	२	
		आ. कलाकार	२	
		इ. अन्वेषक आ आविष्कारक	२	
		ई. दार्शनिक	२	
		उ. राजनैतिक	२	
३	रूपक	क. एकाङ्की	२	८
		ख. संवाद	२	
		ग. वादविवाद	२	
		घ. मनोवाद	२	
४	निबन्ध	क. वस्तुप्रधान		१०
		अ. वर्णनात्मक	२	
		आ. विवरणात्मक	२	
		ख. भावप्रधान		

Untitled-24.pdf

		ब. विचारात्मक	२	
		आ. आलोचनात्मक	२	
५.	पत्रलेखन	क. सामाजिक		७
		अ. सम्बन्धी पत्र	२	
		आ. निमन्त्रण पत्र	२	
		ख. व्यावसायिक		१०
		अ. व्यक्तिगत	२	
		आ. संस्थागत	२	
		ग. कार्यालयीय वा सरकारी	२	
६.	कविता	क. वार्णिक	१२	२२
		अ. नैतिक	२	
		आ. पौराणिक	२	
		इ. ऐतिहासिक	२	
		ई. सामाजिक	२	
		उ. सांस्कृतिक	२	
		ऊ. प्राकृतिक	२	
		ख. मात्रिक	८	
		अ. नैतिक	२	
		आ. ऐतिहासिक	२	
		इ. सामाजिक	२	
		ई. प्राकृतिक	२	
		ग. गद्य कविता	२	

व्याकरण

अ) वर्णपरिचय, सन्धि, नाम, सर्वनाम, वचन, लिङ्ग, पुरुष, विशेषण, क्रिया, क्रिया-विशेषण, अव्यय, उपसर्ग, काल, वाच्य, कारक, समास, कृदन्त, तद्धित, वाक्य, हिज्जे, चिन्ह, मुहावरा, लोकोक्ति ।

आ) शब्दार्थ वा शब्दभण्डार

पर्यायवाची, अनेकार्थक, विपरीतार्थक, समार्थक, सहचर, अनेक शब्दकमा हेतु एकशब्द ।

लिपि मिथिलाक्षर

विद्याक क्षेत्र आ क्रमक स्पष्टीकरण

कथा

जीवनमे घटल घटना समकें काल्पनिक आ क्रियाबद्ध रूपमे वर्णन कयल उत्कण्ठित करयवला अभिव्यक्तिकें कथा कहल जाइत छैकन्न कोनो ठोस प्रमाण नही भेटल मुदा लोकमे प्रचलित लोककथा इतिहास वेद पुराण रामायण महाभारत आदि मे लिखल कथा सम ऐतिहासिक, पौराणिक नैतिक आ

Untitled-25.pdf

समाजमे प्रचलित संस्कृतिक सम्बन्धमे लिखल सांस्कृतिक कथा राखल गेल अछि जाही सँ छात्रसभ नैतिक आ धार्मिक होयता।

जीवनी

घटल घटनाकें क्रियाबद्ध रूपमे वर्णन एक दोसराकें सुनायबजेकी तृतीय पुरपक प्रयोग करैत कयलगेल लिखित अभिव्यक्तिकें जीवनी कहल आइत छैक। कियो अपन जीवनमे घटित घटनाके क्रियाबद्ध रूपमे अपने यदि दोसराकें सुनबैत छैक तकरा आत्मकथा कहल जाइत छैक। राष्ट्र आ राष्ट्रियताक लेल असाधारण स्पष्ट राजनीति कला, साहित्य संस्कृति आ कोनो वस्तुक आविष्कार करएमे समर्पित राष्ट्रिय आ अन्तर्राष्ट्रिय महापुरुष एवं कवि लोकनिक जीवनी एहिमे समाविष्ट कयल गेल अछि। जाही सँ विद्यार्थी वर्गमे देशभक्ति आ नवसिर्जनशीलता विकसित होतैक।

रूपक

रूपक आरोप मेलाक कारणें दृश्यकाव्यकें रूपक कहल जाइत छैक।

कहल

रूपकमे जकरा अभिनयाक पर्दापर देखाओल जाएत छैको पात्र संवाद करैत अछि विवादक इरेत अछि उप मनोवाद करैत अछि अथवा इटासँ अधिक व्यक्ति मिलिकप शेनो एउटा निर्णयक वास्ते कयल गेल छलफलकें संवाद कोनो एकटा विषयमे एक आपसमे तर्कपूर्ण अभिव्यक्ति माध्यमसँ अपन पक्षक सिद्धिक वास्ते कयल गेल हसके वादविवाद दोसराके नही सुनायल जकाँ अपने बाजल बातके मनोवाद कहल जाइत छैक। रूपक विधा, मे एकाङ्की, संवाद, मनोवाद आ वाद विवाद राखल गेल अछि।

निबन्ध

कोनो विषयक परिचय विशेषता आ महत्त्वके देखबैत लिखत गेल रचनाकें निबन्ध कहल जाइत छैक। जे कोनो मूर्त विषयमे लिखल गेल निबन्धके वस्तु प्रधान आ जे कोनो अमूर्त वस्तुक विषयमे लिखल गेल निबन्धकें भावप्रधान निबन्ध कहल जाइत छैन। वस्तुप्रधानके विवरणात्मक आ वर्णनात्मक, भाव प्रधानके निबन्ध कहल जाइत छैन। वस्तु प्रधानले विवरणात्मक आ वर्णनात्मक भावप्रधानले विचारात्मक आ आलोचनात्मक इ दुटा भेद होइत छैक। एही पाठ्यक्रम दुमे तरहक निबन्ध राखल गेल अछि।

पत्रलेखन (चिठी) दैनिकी

पत्र (चिठी) लेखनद्वारा एक व्यक्ति दोसर दुरस्थ व्यक्तिसँ अपनभाव अथवा विचारक आदानप्रदान करैत अछि। पत्र दू भिन्न हृदयक बीच सम्पर्क स्थापित करबाक माध्यम होइत अछि। चिठी माध-

Untitled-26.pdf

बाप माय-बहिन, मित्र आदि सम्बन्धीकें लिखल गेल पत्रके घरायसी कोनो व्यक्ति अथवा संस्थाक दिस सँ कोनो दोसर संस्था कम्पनी आदिके लिखल गेल पत्रके व्यावसायिक आ सरकारक काम काजसं सम्बन्धित निवेदन पत्रकें कार्यालयीय अथवा सरकारी पत्र काहल जाइत अछि। पाठ्यक्रममे तीनु प्रकारक चिठीकें समावेश कयल गेल अछि।

दैनिकी

सुतिक प्रातः उठबा कालसँ लs कs रातिमे सुतबाकाल धरि व्यवहार आ कोनो आनो आन घटनाकें यदि लिखल जाइत छैक, तकरा दैनिकी कहल जाइत छैक। एही विद्या सभसं छात्रक स्मरण शक्ति प्रतिभा आ लेखनकलाक अभिवृद्धि होइत अछि।

कविता

लयात्मक रूपमे लिखत गेल श्रव्यकाव्यकें कविता कहल जाइत छैक। पद्यात्मक कविता इ प्रकारक होइत अछि। मात्रिक आ वार्णिक मात्राक आधार पर लिखत गेल कविता मात्रिक आ वर्ण अक्षरक गणनात्मक आधारपर लिखल कविताकें वार्णिक आदि आ वार्णिक अन्तर्गत अनुष्टुप, तोटक, वसन्ततिलका, शिखरिणी छन्दक कविता अबैत अछि। पाठ्यक्रममे दुनु तरहक कविताकद्वारा कवित्व शक्तिक विकास आ साहित्यमे अभिरुचि उत्पन्न करबाक उद्देश्य सँ राखल गेल अछि।

व्याकरण

जकरा पढलासं भाषा शुद्ध लिखs आ बाजs अबैत छैक तकरा व्याकरण कहल जाइत छैक। पाठ्यपुस्तकका सङ्हि भाषाक व्याकरणक सही माध्यमसं ज्ञान देबाक उद्देश्यके अनुरूप पाठ्यपुस्तकक विद्या शीर्षक समक अन्तमे देव आवश्यक अछि तैं हेतु व्याकरण विषयवस्तु समकें विभिन्न शीर्षक नामसं समविष्ट कपल गेल अछि। जहिसै विद्यार्थी समक भाषागत शुद्धता होयत।

बोध

कोनो लिखित अथवा मौखिक अभिव्यक्ति पढी कs वा सुनी कs ओकर अभिप्राय बुझबाक नाम बोध अछि एहिमे पढबाक लेल देल गेल अनुच्छेदमे पारिभाषिक आ प्राविधिक शब्द आ प्रयोजन पर देवs पडैत छैक। जही सँ अन्तमे पुछल गेल प्रश्न समक उत्तर देल जाइत छैक। एहिसं विद्यार्थीक बौद्धिक प्रतिभा आ लेखन कलाक विकास होइत छैक।

मिथिलाक्षर

मिथिलाक्षरके ज्ञानसं मिथिलाक्षरके लिखित प्राचीन ग्रन्थसभक अध्ययन करए आ ओही सभमे लिखल विषयवस्तु समकें जनसमक्ष लयबाक उद्देश्यसं मिथिलाक्षर राखल गेल अछि।

Untitled-27.pdf

शिक्षण विधि आ क्रियाकलाप

कक्षा अनुसारक जे कोनो स्तरक उद्देश्य परिपूर्ति आ भाषिक दक्षता अभिवृद्धि हेतु पाठ्य विषयवस्तु सभ राखल जाइत छैक। मुदा शिक्षक विधि आ क्रियाकलाप प्रभावकारी नही होइत छैक ताधरी एकर सिद्धि नहि भसकैत छैक। तैं हेतु विषयवस्तु आ विधा समक शिक्षण विधि तथा क्रियाकलाप प्रस्तुत कयल गेल अधि एकर अतिरिक्त अन्य शिक्षण विधि होइतैक तँ ओकरो अपनाओल जा सकैत अछि।

१. कविता

कविताक परिचय भेद आ उद्देश्यक सम्बन्धमे शिक्षक छात्रकें ज्ञान करावथि। कविक परिचय कविताक व्याख्या सारांश, कठिन शब्दक अर्थ बुझावथि शिक्षक अपने कविताक गति यति मिलाक सस्वर वाचनकरथि आ छात्रसँ अनुकरण करावाथि पद्यांशके प्रसंग सहित व्याख्या करए सिखावथि आ करावथि दोसर कविक कवितासँ तुलना आ समीक्षा करब सिखावथि कविताकहेतु किछु अंश 'द' कs पाद पूर्ति करावथि।

शिक्षण सामग्री- चक, डस्टर, पाठ्यपुस्तक कवि आ कवितामे वर्णित वस्तुक चित्र।

२. कथा

कथाक परिचय भेद कथाक आधार (आदिक सम्बन्धने ज्ञान करावथि) परिच्छेद पढ़िक लिखs कहथि कथासँकी शिक्षा भेटैत छैक, तकर जानकारी आ प्रश्नोत्तर करावथि कथा कह लगावथि कथाक बीच बीचमे मुहावरा, लोकोक्तिक प्रयोग करथि, करावथि शिक्षक सामग्री, कथासँ सम्बन्धित चित्र पाठ्यपुस्तक आदि।

३. जीवनी

सम्बन्धित व्यक्तिक जन्म देश, काल वंशक परिचय, योग्यता, आचरण, आदर्श राष्ट्रक हेतु कपलगेल योगदान प्रयास आदिक सम्बन्धमे छात्रके जानकारी देथि सस्वर आ मौन वाचन करावथि वाक्यांशक तात्पर्य बुझावथि प्रश्नोत्तर करावथि। शिक्षक सामग्री सम्बन्धित व्यक्तिक चित्र हुनक देन समक चित्र आदि।

४. रूपक

रूपक परिचय, देश काल, परिस्थितिसँ परिचित करावथि कथावस्तुक ज्ञानकरावथि। रूपक के पात्रसभक संवाद अभिनयात्मक ढंगसँ शिक्षक स्वयं उच्चारण करथि, आ छात्रसँ करावथि उक्ति समक आरोह, अवरोह सम्बन्धमे ज्ञान देथि। पात्रक चारित्रिक वैशिष्ट्यक वर्णन करथि।

Untitled-28.pdf

दैनिक

दैनिकी लिखवाक लाभ सम्बन्धमे संक्षिप्त जानकारी। घरायसी, व्यापारिक, सरकारी काजक दैनिकी लिखवाक तरिका आ लाभ सम्बन्धमे जानकारी करावथि।

व्याकरण

व्याकरण ज्ञानसँ भाषमे शुद्धता अबैत छैक मुदा व्याकरणक अलग पोथी नही भेलाक कारणे भाषामे मेल व्याकरणक प्रयोगक आधारपद विद्यार्थीके व्याकरणक क्रमिक ज्ञान देथि।

शिक्षण सामग्री रंगब्बक चित्र पाँच सभक वस्त्र आभूषण आदि।

निबन्ध

निबन्ध परिचय भेद निबन्धक मुख्य मुख्य बुंदा समसँ परिचित करावथि। सस्वर मौन वाचन आ प्रश्नोत्तर करावथि एक अनुच्छेदसँ दोसर अनुच्छेदक क्रियाबद्धताके ज्ञान करावथि विद्याक हेतु विवरणात्मक, व्याख्यानात्मक आ समीक्षात्मक विधिक प्रयोग कवल संकेत छैक। कोनो निबन्धक शीर्षक अथवा मुख्य मुख्य बुंदा सभदकs निबन्ध लिखावथि। पुस्तकालय, विज्ञानसँ लाभ हानि, स्त्रीशिक्षा आदि शीर्षक पर निबन्ध लिखवावथि। श्रुतिलेख लिखवावथि। जाहि सँ लेखन शक्तिक विकास होइक।

शिक्षक सामग्री- निबन्धक पुस्तक विषयसंग सम्बन्धित चित्र।

चिठी दैनिकी

लिफाफ प्रेषक आ प्रापकक नाम, पत्ता आदि लिखवाक ढंगक ज्ञान चिठीक उपरका भागमे लिखल जायवला स्थान, तिथि सम्बोधन आ विषयवस्तु अनुच्छेद, पत्रक अन्तक दहिना भागमे लिखल जायवला अन्तिमे लिखवाति सिखावथि। पारिवारिक विश्राम शब्द, व्याकरिक आ कार्यालयीय चिठीमे लिखयवला विषयवस्तु सिखावथि। कक्षामे आ गृहकार्यक रूपमे चिठी लिखलेल कहथि। शिक्षक सामग्री प्रदान चिठी पत्र।

शिक्षक सामग्री लि. डायरी, चिठी पत्र आदि।

संवाद, मनोवाद आ वादविवाद तीनु विधामे व्यावहारिक रूपमे कक्षामे क्रियाकलाप करावथि। कापीमे शीर्षक दsकs लिखs लगावथि। शिक्षण सामग्री- तीनु विधासँ सम्बन्धित सामग्री (चित्र) आदि।

बोध

कथा, कविता, निबन्ध आदिक अनुच्छेद सँ अर्थ बुझी प्रश्नोत्तर निकालव सिखावथि। वैज्ञानिक आ पारिभाषिक शब्दक अर्थ व्याख्या सिखावथि। शिक्षा सामग्री पाठ्यपुस्तक।

मिथिलाक्षर- मिथिलाक्षर लिखवाक पढ़वाक अभ्यास करावथि।

Untitled-29.pdf

शैक्षिक सामग्री मिथिलाक्षर सिखबला पुस्तक ।

शिक्षणभारक विवरण

प्रतिशतमे

क.सं.	पाठ्यांश	शिक्षण भार
	कथा	१५
	कविता	२०
	जीवनी	१५
	रूपक	१०
	निबन्ध	१०
	पत्रलेखन चिठी/दैनिकी	५
	व्याकरण	२०
	मिथिलाक्षर	५
	जम्मा-	१००

मूल्याङ्कन अङ्कभार

क.सं.	क्षेत्र	विधा	अङ्क
१.	विवेचनात्मक	कथा, कविता, जीवनी, निबन्ध आदि	१०
२.	संक्षिप्त उत्तरात्मक	कथा, कविता, जीवनी, निबन्ध आदि	२०
३.	बोध	दृष्टांश अदृष्टांश	५
४.	व्याख्या	कथा, कविता, जीवनी, निबन्ध, रूपक	२०
५.	स्वतन्त्र रचना	निबन्ध, चिठी, दैनिकी, संवाद, मनोवाद, वादविवाद वक्तृता	२०
६.	व्याकरण		२०
७.	मिथिलाक्षर		५
		जम्मा-	१००

मूल्याङ्कन

इच्छाधीन मैथिली विषयक पूर्णाङ्क १०० अङ्क ३ घन्टा मे समाप्त होनयबला एक पत्र होयत । जाहि मे निम्नलिखित प्रकार आ अङ्कक प्रश्नसभ पुछल जायत ।

१. विवेचनात्मक- १ अङ्क- १०

कथा, कविता, जीवनी, रूपक (एकाङ्की) निबन्ध विधा सँ तीनटा प्रश्न पुछल जायत जाहिमे सँ एक प्रश्नक उत्तर देब आवश्यक होयत ।

२. बोध १ अङ्क-५ कथा जीवनी रूपक, निबन्ध आदि विधा सब गद्यांश देल जायत ओकरा पढिकs अन्तमे पुछल गेल ५ प्रश्नक उत्तर देब आवश्यक होयत एहिमे अङ्क ५ रहत ।

३. संक्षिप्त उत्तरात्मक- प्रश्न-४ अङ्क-२०

कथा, कविता, जीवनी, रूपक (एकाङ्की) सँ छओटा प्रश्न पुछल जायत जाहिमे सँ ५×५ अर्थात् पाँच पाँच अङ्कक ४ चारिटा प्रश्नक उत्तर अपेक्षित होयत ।

४. निबन्ध वस्तु प्रधान वा भावप्रधान निबन्ध विधासँ तीनटा प्रश्न पुछल जायत । जाहिमे सँ न्यूनतम १५० शब्दक १० अङ्कक एकटा विषयपर निबन्ध लिखब आवश्यक होयत ।

Untitled-30.pdf

५. पत्रलेखन दैनिकी विधासँ शिक्षा प्रकृति, स्थान, मनोरञ्जन, आ जीविका, घटना आदि सँ सम्बन्धित तीनटा प्रश्न पुछल जायत जाहिमे ५ अङ्कक एकटा प्रश्नक उत्तर देब आवश्यक होयत ।

६. कोनो विषयवस्तुसँ सम्बन्धित संवाद वादविवाद आ मनोवाद विधा सँ दूटा प्रश्न पुछल जायत । जाहिमे सँ ५ अङ्कक १ एकटाक उत्तर अपेक्षित होयत ।

७. देवनागिरीमे कोनो गद्यांश वा पद्यांश देल जायत जकरा अनुवाद मिथिलाक्षरमे करब आवश्यक होयत । एकर अङ्क ५ होयत ।

८. सन्धि सन्धि विच्छेद समास विग्रह प्रत्यय आ उपसर्गसम्बन्धी ५ अङ्कक एकटा प्रश्न पुछल जायत ।

१०. मुहावरा लोकाक्तिक अर्थ स्पष्ट आ वाक्यमे प्रयोग करवालेल ५ अङ्कक एकटा प्रश्न पुछल जायत ।

११. अर्थ लिखित वाक्यमा प्रयोग करयवला अथवा काल वाच्य सँ सम्बन्धित एकटा ५ अङ्कक प्रश्न पुछल जायत ।

Untitled-31.pdf

तिब्बती

१. परिचय

तिब्बती भाषा सिकी प्रचलित तिब्बती भाषाको विविध पक्षप्रतिको आफ्नो अनुभव र व्यक्तित्वलाई फराकिलो पार्न चाहाने विद्यार्थीहरूको आवश्यकता पूर्ति गर्न वैकल्पिक तिब्बती भाषाको पाठ्यक्रम निर्माण गरिएको छ। यसले तिब्बती भाषा सुन्ने, बोल्ने, पढ्ने र लेख्ने सीपको विकास गरी भाषा साहित्यलाई बुझ्ने क्षमताको विकास गर्ने अपेक्षा गर्दछ। यसले विद्यार्थीहरूको भाषासम्बन्धी दक्षताको अभिवृद्धि गरी उक्त भाषामा उच्च अध्ययन गर्दै लैजाने प्रेरणा प्रदान गर्नेछ।

यस पाठ्यक्रमले पाठकहरूको ज्ञान अभिवृद्धि गरी जीवनका विविध पक्षका विभिन्न सन्देशलाई सञ्चार गर्नमा तिब्बती भाषा प्रयोग हुने तरिकाहरूको सुविवेचना गर्ने क्षमता विकसित गर्ने अपेक्षा गर्दछ।

यसको अलवा, यस पाठ्यक्रमले पाठकहरूलाई तिब्बती भाषा र साहित्यको माध्यमबाट जीवनका गहनतम मूल्य र मान्यताका नवीनतम् कुराप्रति उन्मुख गराई उनीहरूमा बहुमूल्य हिमाली सांस्कृतिक एवम् तत्सम्बन्धी संरक्षण गर्ने भावना जागृत गरी उनीहरूमा देशसेवाप्रति समर्पित असल नागरिकको रूपमा विकसित गर्ने उद्देश्य राख्दछ।

२. साधारण उद्देश्य

कक्षा ९ र १० पूरा गरेका विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

१. तिब्बती साहित्यको सांस्कृतिक पौराणिक तथा लोककथाहरूको माध्यमद्वारा तिब्बती भाषा शुद्धसँग सुन्न, बोल्न, पढ्न र लेख्न।

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभूतिहरूको जीवनी लेख्न।

३. विचारोत्पादक वस्तुहरू एवम् एकाङ्की नाटकहरूको साहित्यिक अङ्गमा विश्लेषण, एवम् संश्लेषण गर्न तथा तत्सम्बन्धी विचार विमर्श गर्न।

४. ऐतिहासिक, साहित्यिक तथा सामाजिक नाटकहरूका पात्रहरूको चरित्रचित्रण गर्न।

५. तिब्बती भाषा व्याकरणका प्रारम्भिक चरणका नियम तथा विधिहरूको प्रयोग गर्ने र वाक्य निर्माण गर्न।

६. आफूले अध्ययन गरेका विभिन्न साहित्यिक कृतिहरूको विषय एवम् प्रकरणहरू राम्ररी बुझी तिनीहरूको समालोचनात्मक समीक्षा गर्न।

७. विभिन्न उद्देश्य प्राप्ति गर्ने क्रममा भाषा प्रयोग गर्ने विधिप्रति सजग भई विभिन्न प्रकारका तिब्बती लेखन कार्यप्रति उन्मुख हुन।

८. साहित्यिक रचनाहरूमा प्रयोग गरिने पद अर्थ, वाक्यांश आदि बुझ्ने क्षमताको विकास गर्न।

९. साहित्यिक रचनाहरूको संक्षेप गर्न।

Untitled-32.pdf

१०. तिब्बती चिकित्सा-शास्त्र तथा ज्योतिष- विद्या (प्रारम्भिक) का आधारभूत शब्दावलीहरू प्रयोग गरी वर्णन गर्न ।

३. विशिष्ट उद्देश्य

पाठ्यक्रमको प्रत्येक खण्डको अन्त्यमा विद्यार्थीहरूले निम्न सीप विकसित गर्नेछन् ।

(अ) गद्य, निबन्ध, जीवनी लेखन, पत्रलेखन सम्बन्धमा

१. कुनै पुस्तकको अंशको मूल भावना बुझ्न र त्यसमा सोधिएका प्रश्नहरूको मौखिक वा लिखित रूपमा उत्तर दिन ।

२. मूल शब्द, वाक्य व्यवहार, वाक्यांश, नयाँ वाक्यहरूको प्रासङ्गिक अर्थ मौखिक तथा लिखित रूपमा अभिव्यक्त गर्न ।

३. कुनै लेखनविषय (शीर्षक) को मूल धारणालाई अभिव्यक्त गर्न ।

प्रत्येक पाठ पढाइसकेपछि निर्धारित शैक्षिक उद्देश्यहरू हासिल भए भएनन् भनी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ। दैनिक शिक्षणसिकाइ क्रियाकलापपश्चात् मूल्याङ्कन गर्दा शिक्षणसिकाइ क्रियाकलापका आधारमा कक्षा वातावरणअनुरूपका प्रश्नहरू सोधिनुपर्दछ। निर्माणात्मक (Formative) मूल्याङ्कनका लागि उल्लिखित कार्यका अतिरिक्त कक्षा ९ मा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्दछ। कक्षा १० मा एक त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्दछ। कक्षा ९ र १० को पाठ्यक्रममा आधारित एस्.एल्.सी. परीक्षाको सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाको मूल्याङ्कन निम्नानुसार गर्नुपर्नेछ। परीक्षामा उत्तीर्ण हुनका लागि विद्यार्थीहरूले सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षामा अलगअलग उत्तीर्णाङ्क प्राप्त गर्नुपर्नेछ।

कक्षा ९
सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क	समय	कैफियत
पहिलो त्रैमासिक	१ - ४	छोटो - ४ वस्तुगत - ८	४ x ४ =१६ ८ x .५=४	१ घ.	प्रत्येक एकाइबाट १/१ छोटो उत्तर र २/२ वस्तुगत प्रश्न
दोस्रो त्रैमासिक	५- ९	छोटो - ४ वस्तुगत - ८	४ x ४ =१६ ८ x .५=४	१ घ.	प्रत्येक एकाइबाट १/१ छोटो उत्तर र २/२ वस्तुगत प्रश्न
अन्तिम परीक्षा	१-१०	छोटो - ८ लामो -२	८ x ४=३२ २ x९= १८	२.१५ घ.	प्रत्येकबाट कम्तीमा १/१ प्रश्न

Untitled-65.pdf

प्रयोगात्मक परीक्षा - ५० अङ्क

(क) प्रयोगात्मक कार्य (वर्षभरिको) - ५ अङ्क

(ख) प्रयोगात्मक कार्यपुस्तिका (Filing) - ५ अङ्क

(ग) प्रयोगात्मक परीक्षा - ४० अङ्क

- प्रयोगात्मक कार्यसूचीमध्येबाट कुनै कार्य गराई ती कार्यको अवलोकनको आधारमा - ३५ अङ्क
- प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा (vivavoce) - ५ अङ्क

कक्षा १०

सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क	समय	कैफियत
पहिलो त्रैमासिक	१ - ४	छोटो - ४ वस्तुगत - ८	४ x ४ =१६ ८ x ५=४	१ घ.	प्रत्येक एकाइबाट १/१ छोटो उत्तर र २/२ वस्तुगत प्रश्न
दोस्रो त्रैमासिक	५- ९	छोटो - ४ वस्तुगत - ८	४ x ४ =१६ ८ x ५=४	१ घ.	प्रत्येक एकाइबाट १/१ छोटो उत्तर र २/२ वस्तुगत प्रश्न
अन्तिम परीक्षा	१-१०	छोटो - ८ लामो प्रश्न - २	८ x ४= ३२ २ x९= १८	२.१५ घ.	प्रत्येक एकाइबाट १/१

प्रयोगात्मक परीक्षा - ५० अङ्क

(क) प्रयोगात्मक कार्य (वर्षभरिको) - ५ अङ्क

(ख) प्रयोगात्मक कार्यपुस्तिका (Filing) - ५ अङ्क

(ग) प्रयोगात्मक परीक्षा - ४० अङ्क

- प्रयोगात्मक कार्यसूचीमध्येबाट कुनै कार्य गराई ती कार्यको अवलोकनको आधारमा - ३५ अङ्क
- प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा (vivavoce) ५ अङ्क

Untitled-66.pdf

वातावरण विज्ञान

१. परिचय

१.१ वातावरण विज्ञान

वातावरण एक विशाल एवम् जटिल क्षेत्र हो । यो सबै जीवजन्तु, बोटबिरुवा र निर्जीव वस्तुहरू, तिनीहरूबीचको सम्बन्ध, निर्भरता, अन्तरक्रिया आदिको समष्टिगत रूप हो । त्यसैले वातावरण जीवजन्तुहरू र अन्य पक्षहरूको समेत एक अभिन्न अङ्ग हो । वातावरण जोगाउनाले नै सबैको संरक्षण हुन्छ । मानिसको अथक प्रयास र प्रयत्नले विकासको गति द्रुतगतिले अगाडि बढ्दैछ । विकासको क्रममा नयाँ-नयाँ प्रविधि, औजार, उपकरण, साधन, रासायनिक पदार्थ, सिद्धान्त आदिको विकास र तिनको प्रयोग भइरहेको छ । नयाँ-नयाँ सिद्धान्त, कार्यविधि, सोचाइ आदिको प्रतिपादन पनि भइरहेको छ । यस किसिमका विकासका गतिविधिहरूबाट खासगरी मानवजाति बढी लाभान्वित भएको छ र जसबाट उसको जीवन प्रक्रिया संचालन गर्न सजिलो परेको छ । तैपनि विकासका सबै उपजहरू वातावरणका लागि कल्याणकारी छैनन् । कतिपय हातहतियार, रासायनिक वस्तु, यन्त्र, वातावरण संरक्षण र सम्वर्द्धनको दृष्टिमा लाभदायक छैनन् । उचित र होसियारीपूर्वक तिनको प्रयोग नभएमा तिनबाट पर्ने असरले जीवजन्तुको जीवन नै खतरामा पर्दछ । तसर्थ विकासका कार्यहरू वातावरण अनुकूल र दिगो हुन आवश्यक छ । विकास कार्यहरू वातावरण प्रतिकूल भएमा तिनबाट वातावरण ह्रास हुन्छ र सबैको वासस्थान पृथ्वी नै खतरामा पर्न जान्छ । मानव निर्मित वस्तुमा, मानवीय क्रियाकलाप, विकास गतिविधिहरू आदिको दुस्प्रभाव पृथ्वीमा परिरहेको छ । फलस्वरूपः वनविनाश, प्रदूषण, बाढीपहिरो, भू-क्षय, खानेपानीको अभाव, तापक्रम वृद्धि, ओजन तहको ह्रास जस्ता वातावरणीय समस्याहरू जटिल हुँदै गएका छन् । यस किसिमका समस्याहरूले जीवजन्तु, प्राकृतिक सम्पदा, सांस्कृतिक सम्पदा, मौसम, पानी आदि वातावरणीय पक्षहरूलाई प्रतिकूल असर पुऱ्याउँदै वातावरण स्वच्छ र स्वस्थ्य भएमा मात्र पृथ्वीमा भएको सम्पूर्ण जीवजन्तु बाँच्न सक्ने स्थिति कायम भइरहन्छ । तर पृथ्वीमा भएको कुनै एक पक्ष जस्तै : हावा, पानी, वनस्पति नाश हुँदा वा घटना अरू पक्षहरूमा प्रतिकूल असर पर्न जान्छ । यसको असरबाट मानिस पनि वञ्चित हुन सक्दैन । त्यसैले वातावरण संरक्षण सबैको चासोको विषय भएको छ । वातावरण संरक्षण जातिको प्रमुख भूमिका रहेको छ । यस किसिमको महत्त्वपूर्ण कार्यमा बालबालिका, युवायुवती, प्रौढ, वृद्ध आदि समुदायले आ-आफ्नो क्षेत्रबाट विशेष भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । तसर्थ सबैले केही न केही मात्रामा भए पनि वातावरण संरक्षण र सम्वर्द्धनको आवश्यकता, महत्त्व आदिको ज्ञान प्राप्त गर्नु आवश्यक हुन्छ । खासगरी भविष्यमा कार्य क्षेत्रमा पुग्ने आजका बालबालिकालाई वातावरणको सन्दर्भमा ज्ञान दिनु अति आवश्यक हुन्छ । यसै परिप्रेक्ष्यलाई आत्मसात् गरी नेपाल सरकार शिक्षा मन्त्रालयले वातावरण विषयलाई प्राथमिकदेखि माध्यमिक कक्षासम्म समावेश गरेको छ । प्राथमिक तहमा कक्षा ४ र ५ मा वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा विषयको रूपमा रहेको छ भने कक्षा ६ देखि ८ सम्म जनसङ्ख्या र वातावरण शिक्षा विषयको रूपमा समावेश भएको छ ।

Untitled-67.pdf

माध्यमिक तहमा विज्ञान तथा वातवारण शिक्षाले अनिवार्य विषय र वातावरण विज्ञानले इच्छाधीन विषयको स्थान पाएको छ ।

वातावरण विज्ञान एक इच्छाधीन विषय भए तापनि यस विषयको माध्यमिक शिक्षामा विशेष महत्त्व छ । प्राथमिक तहदेखि वातावरण विषयको अध्ययन गर्दै आएका विद्यार्थीहरूले अझ थप ज्ञान प्राप्त गर्न चाहेमा यस विषयले अवसर प्रदान गरेको छ । यस अवसरले उनीहरूलाई उच्च शिक्षामा वातारण विज्ञान अध्ययन गर्नका लागि जग बसाल्नुका साथै यस विषयको अध्ययन गर्न हौसला बढाउने छ । वैज्ञानिक सिद्धान्त तथा विषयवस्तुलाई सरल र व्यावहारिक कार्य क्षेत्रहरूसँग मिलाइ यो विषय तयार गरिएको छ । यसले वातावरणसँग सम्बन्धित विभिन्न पक्षहरूमध्ये भौतिक, रसायन, जैविक, प्राकृतिक, सामाजिक तथा आर्थिक र स्वास्थ्य तथा सरसफाइ पक्षहरूलाई समेटेको छ । यी पक्षहरूसँग सम्बन्धित विषयवस्तुहरूलाई वातावरणका विभिन्न क्षेत्रहरूसँग आवद्ध गरी तिनको बीचको विद्यमान सम्बन्ध, अन्तरसम्बन्ध, निर्भरता आदिका बारेमा विद्यार्थीहरूमा ज्ञान, धारणा र सीपको विकास गर्ने लक्ष्य राखिएको छ । यस विषयको अध्ययनबाट विद्यार्थीहरूलाई वातावरण संरक्षण र सम्वर्द्धन गर्ने ज्ञान हुनुका साथै स-साना कार्यक्रमहरू सञ्चालन गर्ने, त्यस किसिमका कार्यहरूमा चासो दिने, सहभागी बन्ने, अरूलाई समेत वातावरण संरक्षण तथा सम्वर्द्धनका कार्यहरूमा लाग्ने प्रेरणा दिनसक्ने आदि पक्षहरूमा उनीहरूको क्षमताको विकास हुने अपेक्षा गरिएको छ ।

२. साधारण उद्देश्यहरू

माध्यमिक तहमा वातावरण विज्ञानको अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

१. हावा, पानी, जमिन, ऊर्जा र ध्वनि जस्ता भौतिक पक्षहरूको ज्ञान प्राप्त गरी तिनको वातावरणमा महत्त्व, असर र संरक्षणका उपायहरू व्याख्या गर्न ।

२. हावा, पानी, जमिन तथा ध्वनि प्रदूषणका कारणहरू र तिनबाट वातावरणमा हुने असरहरू परिचान गरी नियन्त्रणका उपायहरू व्याख्या गर्न ।

३. फोहोरमैला, उद्योग, विषादी तथा किटनाशक, मल र विषाक्त वस्तुहरूबाट वातावरणमा हुने असरहरूको पहिचान गरी उचित व्यवस्थापन तथा प्रयोगको व्याख्या गर्न ।

४. प्राकृतिक प्रकोप तथा मानवीय क्रियाकलापहरूबाट वातावरणमा पर्ने असरहरू वर्णन गरी तिनबाट बच्ने उपायहरू अपनाउन ।

५. पशुपक्षी, बोटबिरुवा र वनजङ्गलको महत्त्व र तिनको आपसी सम्बन्धको पहिचान पहिल्याउन ।

६. पशुपक्षी, बोटबिरुवा र वनजङ्गलको वातावरणीय महत्त्व बुझी तिनको संरक्षणको आवश्यकता र उपायहरू पहिल्याई संरक्षणका कार्यहरूमा सहयोग पुऱ्याउन ।

७. पारिस्थितिक प्रणालीको महत्त्व, बनोट, सन्तुलन र त्यस प्रणालीमा हुने रासायनिक चक्रको वर्णन गर्न र तिनको संरक्षणको कार्यहरूमा सहभागी हुन ।

Untitled-68.pdf

८. मानव र वातावरणको अन्तरसम्बन्ध देखाउन र जनसङ्ख्या बृद्धिबाट आउने समस्याहरू पहिचान गरी तिनका समाधानका उपायहरू वर्णन गर्न ।

९. कृषि प्रणाली र वातावरणका विभिन्न पक्षहरूको सम्बन्ध पहिचान गरी कृषिका गतिविधिहरूबाट वातावरणमा पर्ने असरहरू व्याख्या गर्न ।

१०. स्वास्थ्य वातावरणका लागि सरसफाइको आवश्यकता, स्वास्थ्यमा असर पुऱ्याउने विभिन्न पक्षहरू, सरुवा रोगहरू र तिनको रोकथामका उपायहरूबारे ज्ञान हासिल गरी तिनबाट बच्ने उपायहरू अपनाउन ।

११. स्थानीय वातावरणको स्थिति पहिचान गरी तिनका संरक्षणका उपाय तथा गतिविधिहरूको प्रचारप्रसार गर्न र ती कार्यमा सहभागी हुन ।

३. कक्षागत विषय क्षेत्र, एकाइ र विशिष्ट उद्देश्यहरू

कक्षा ९ र १० का कक्षागत विषय क्षेत्र र एकाइका विशिष्ट उद्देश्यहरू तल दिइएका छन् :

३.१ कक्षा ९ : कक्षागत विषय क्षेत्र, एकाइ र विशिष्ट उद्देश्यहरू

(क) भौतिक पक्ष

१. हावा

१.१ हावाको महत्त्व र यसको बनोटको वर्णन गर्न ।

१.२ हावा प्रदूषणको परिभाषा दिन ।

१.३ हावा प्रदूषणका स्रोतहरूको वर्णन गर्न ।

१.४ हावा प्रदूषणबाट वातावरणमा पर्ने असरहरू पहिल्याई तिनको वर्णन गर्न ।

१.५ हावा प्रदूषण नियन्त्रणका उपायहरू वर्णन गरी ती कार्यमा सहभागी बन्न ।

१.६ दूषित हावाबाट मानिसको स्वास्थ्य र अन्य जीवमा पर्ने सामान्य असरहरू पहिचान गर्न ।

२. पानी

२.१ जीवका लागि पानीको आवश्यकता व्याख्या गर्न ।

२.२ पानीका स्रोतहरू पहिचान गरी तिनको वर्णन गर्न ।

२.३ पानीका स्रोतहरू संरक्षण गर्ने उपायहरू वर्णन गरी तिनको संरक्षण कार्यमा सहभागी हुन ।

२.४ पानीको प्रदूषणको परिभाषा दिन ।

२.५ पानी प्रदूषणका कारणहरू व्याख्या गर्न ।

२.६ पानी प्रदूषण नियन्त्रणका उपायहरू वर्णन गर्न ।

२.७ दूषित पानीबाट मानव स्वास्थ्य र अरू जीवमा पर्ने सामान्य असरहरू पहिल्याउन ।

३. ध्वनि

३.१ ध्वनिको तीव्रताको परिभाषा दिन ।

३.२ ध्वनिको तीव्रताको नाप एकाइहरू पहिचान गर्न ।

Untitled-69.pdf

३.३ ध्वनि बहन क्षमताको व्याख्या गर्न ।

३.४ ध्वनि प्रदूषणका स्रोतहरू वर्णन गर्न ।

३.५ ध्वनि प्रदूषणबाट पर्ने असरहरू बताउन ।

३.६ ध्वनि प्रदूषण नियन्त्रणका उपायहरू पहिल्याई तिनलाई प्रयोगमा ल्याउन ।

४. तापक्रम वृद्धि तथा हावापानी परिवर्तन

४.१ तापक्रम वृद्धि तथा हावापानी परिवर्तनको पहिचान गरी सामान्य रूपमा वर्णन गर्न ।

४.२ तापक्रम वृद्धिले गर्दा पर्ने असरहरू वर्णन गर्न ।

४.३ हावापानी परिवर्तनका कारणहरू पहिल्याउन ।

४.४ तापक्रम वृद्धि नियन्त्रणका उपायहरूको सूची तयार गरी छोटकरीमा वर्णन गर्न ।

(ख) रासायनिक पक्ष

५. उद्योग

५.१ औद्योगिक विकासको महत्त्व वर्णन गर्न ।

५.२ औद्योगिक प्रदूषणको परिभाषा दिन ।

५.३ औद्योगिक प्रदूषणले पार्ने असरहरू वर्णन गर्न ।

५.४ औद्योगिक प्रदूषणको नियन्त्रणका उपायहरू बताई ती कार्यहरूमा सहयोग पुऱ्याउन ।

५.५ उद्योगमा काम गर्ने मानिसहरूले अपनाउनुपर्ने सुरक्षाका उपायहरू पहिल्याई तिनको महत्त्व वर्णन गर्न ।

(ग) जैविक पक्ष

६. वनजङ्गल

६.१ वनजङ्गलको महत्त्व वर्णन गर्न

६.२ वनजङ्गलमा हुने उपयोगी हुने केही प्रमुख बोटबिरुवाहरूको पहिचान गरी तिनको महत्त्व वर्णन गर्न ।

६.३ वनजङ्गलमा जीवहरूको निर्भरता व्याख्या गर्न

६.४ वन विनाशका कारणहरू पहिल्याई तिनको सङ्क्षेपमा व्याख्या गर्न ।

६.५ वन विनाशबाट हुने असरहरू पहिल्याउन ।

६.६ वनजङ्गलको संरक्षणका उपायहरू पहिचान गरी ती कार्यहरूमा सहयोग पुऱ्याउन ।

(घ) प्राकृतिक पक्ष

७. जमिन

७.१ जमिनको महत्त्व वर्णन गर्न ।

७.२ जमिनको बनोट र किसिम वर्णन गर्न ।

७.३ जमिन ह्रास हुनका कारणहरू पहिल्याउन ।

७.४ भू-क्षयको परिभाषा दिई यसबाट जमिनमा पर्ने असरहरू पहिल्याउन ।

७.५ भू-क्षय हुनाका कारणहरूको सूची तयार गर्न ।

Untitled-70.pdf

७.६ भू-क्षयबाट वातावरणमा पर्ने असरहरू वर्णन गर्न ।

७.७ भू-क्षय रोकथामका उपायहरू पहिल्याई तिनको वर्णन गर्न ।

(ङ) सामाजिक तथा आर्थिक पक्ष

८. मानव र वातावरण

८.१ मानिसलाई वातावरणको एक अभिन्न अङ्गको रूपमा पहिचान गर्न

८.२ वातारणअनुसार मानिसको अनुकूलता एवम् रहनसहन वर्णन गर्न

८.३ मानवीय क्रियाकलाहरूबाट आफ्नो वरपरको क्षेत्रमा परेका असरहरूको अवलोकन गरी प्रस्तुत गर्न ।

८.४ जनसङ्ख्या वृद्धिबाट प्रकृतिक स्रोतमा पर्ने असरहरू पहिल्याई तिनको व्याख्या गर्न ।

८.५ मानवीय क्रियाकलापहरूबाट वातावरणमा पर्ने असरहरू रोकथाम गर्ने उपायहरू पहिल्याइ तिनको वर्णन गर्न ।

(च) स्वास्थ्य तथा सरसफाइ पक्ष

९. फोहोरमैला

९.१ गाउँ तथा सहरी क्षेत्रबाट निस्कने फोहोर मैलाको किसिम पहिचान गर्न ।

९.२ फोहोर मैला व्यवस्थापनका उपायहरू पहिल्याई तिनको आवश्यकता वर्णन गर्न ।

९.३ फोहोर मैलाले वातावरणमा पार्ने असरहरू पहिचान गरी तिनको वर्णन गर्न ।

९.४ फोहोर मैलाबाट उत्पन्न हुने रोगहरूको पहिचान गरी सङ्क्षेपमा वर्णन गर्न ।

३.२ कक्षा १०: कक्षागत विषय, क्षेत्र, एकाइ र विशिष्ट उद्देश्यहरू

(क) भौतिक पक्ष

१ हरितगृह प्रभाव

१.१ हरितगृहको पहिचान गरी सङ्क्षेपमा वर्णन गर्न ।

१.२ हरितगृह ग्यासहरूको सूची तयार गरी तिनको वर्णन गर्न ।

१.३ हरितगृह प्रभाव हुनका कारणहरू वर्णन गर्न ।

१.४ हरितगृह प्रभाववाट पर्ने असरहरू पहिल्याउन ।

१.५ हरितगृह प्रभाव नियन्त्रण गर्ने उपायहरू पहिचान गर्न ।

१.६ हरितगृह प्रभाव नियन्त्रणको विश्वव्यापी प्रयासको सामान्य रूपमा बताउन ।

२. ओजन तह

२.१ ओजन तहको परिभाषा दिई सङ्क्षेपमा वर्णन गर्न ।

२.२ ओजन तहको महत्त्व पहिल्याउन ।

२.३ ओजन तहको बिनाश हुनका कारणहरू सङ्क्षेपमा वर्णन गर्न ।

२.४ ओजन तहको बिनाशबाट पर्ने असरहरूको पहिचान गरी तिनको व्याख्या गर्न ।

३. ऊर्जा

३.१ ऊर्जाको परिभाषा र महत्त्व वर्णन गर्न ।

Untitled-71.pdf

३.२ ऊर्जाको स्रोतहरूको पहिचान गर्न ।

३.३ नवीकरण गर्न सकिने ऊर्जाशक्ति संरक्षणका उपायहरू व्याख्या गर्न ।

३.४ नवीकरण गर्न नसकिने ऊर्जाशक्ति संरक्षणका उपायहरू वर्णन गर्न ।

३.५ ऊर्जा संरक्षण नगर्नाले वातावरणमा पर्ने असरहरू पहिचान गर्न ।

(ख) रसायनिक पक्ष

४. विषाक्त फोहोरमैला

४.१ विषाक्त फोहोरमैलाको परिभाषा दिन ।

४.२ विषाक्त फोहोरमैलाको किसिम र स्रोतहरू वर्णन गर्न ।

४.३ विषाक्त फोहोरमैलाको व्यवस्थापनका उचित उपायहरूको बारेमा व्याख्या गर्न ।

४.४ रेडियसन चुहावट तथा अन्य विषाक्तबाट पर्ने असरहरू पहिल्याउन ।

४.५ विषाक्त फोहोरमैलाबाट बच्ने उपायहरूको व्याख्या गर्न ।

(ग) जैविक पक्ष

५. पशुपन्छी

५.१ घरपालुवा र जङ्गली जनावरको महत्त्व पहिचान गर्न ।

५.२ नेपालमा पाइने केही प्रमुख पशुपन्छीहरूको पहिचान गरी तिनको वर्णन गर्न ।

५.३ मुख्य मुख्य दुर्लभ पशुपन्छीहरूको सूची तयार गरी केहीको वर्णन गर्न ।

५.४ पशुपन्छीहरू दुर्लभ हुनका कारणहरू पहिल्याउन

५.५ पशुपन्छी संरक्षणका आवश्यकताहरू व्याख्या गरी संरक्षणका उपायहरू पहिल्याउन ।

(घ) प्राकृतिक पक्ष

६. सीमसार पारिस्थितिक प्रणाली

६.१ सीमसार पारिस्थितिक प्रणालीको पहिचान गरी सङ्क्षेपमा वर्णन गर्न ।

६.२ सीमसारको महत्त्व व्याख्या गर्न ।

६.३ नेपालका केही प्रमुख सीमसारका बारेमा वर्णन गर्न ।

६.४ सीमसारको संरक्षणको आवश्यकता र उपायहरू वर्णन गर्न ।

(ङ) सामाजिक तथा आर्थिक पक्ष

७. कृषि प्रणाली

७.१ कृषि प्रणालीको पहिचान गरी यसको महत्त्व वर्णन ।

७.२ कृषि विकास र वातावरणीय विकास पक्षहरूको आपसी सम्बन्ध पहिल्याउन ।

७.३ रासायनिक मलको प्रयोगबाट वातावरणमा परेका असरहरू र तिनको कम गर्ने उपायहरू वर्णन गर्न ।

७.४ विषाक्त तथा किटनाशकहरूबाट कृषि प्रणालीमा परेको असरहरू र तिनलाई कम गर्ने उपायहरू वर्णन गर्न ।

Untitled-72.pdf

(च) स्वास्थ्य र सरसफाइ पक्ष

८. स्वास्थ्य र वातावरणको सम्बन्ध

८.१ वातावरणीय स्वास्थ्यको पहिचान गरी सङ्क्षेपमा वर्णन गर्न

८.२ स्वस्थ्य रहनका लागि स्वस्थयकर वातावरणको महत्त्व वर्णन गर्न ।

८.३ वातावरण प्रदूषण हुँदा स्वास्थ्यमा पर्ने असरहरू पहिल्याइ व्याख्यान गर्न ।

८.४ कुनै एक कार्यक्षेत्रको वातावरण र त्यसको स्वास्थ्यसँग सम्बन्ध पहिचान गरी वर्णन गर्न ।

४. कक्षागत विषय, क्षेत्र एवम् एकाइको क्रम र पाठ्यभार तालिका

क्षेत्र	कक्षा ९	घण्टी	कक्षा १०	घण्टी
(क) भौतिक पक्ष	१. हावा १.१ हावाको महत्त्व १.२ हावाको बनोट १.३ हावा प्रदूषण र यसका स्रोतहरू १.४ हावा प्रदूषणबाट वातावरणमा पर्ने असरहरू १.५ हावा प्रदूषण नियन्त्रणका उपायहरू	१५	१. हरितगृह प्रभाव १.१ हरितगृह प्रभावको धारणा १.२ हरितगृह ग्यास र स्रोतहरू ग्यास: कार्बनडाइअक्साइड, क्लोरोफोलोरोकार्बन, मिथेन, नाइट्रसअक्साइड स्रोत: जीवास्म इन्धन, रेफ्रिजेरेटर, फोम, फोहोर आदि । १.३ हरितगृह प्रभाव हुनका कारणहरू : इन्धन, वनविनाश, कृषि, उद्योग १.४ हरितगृह प्रभावबाट पर्ने अवसरहरू वनजङ्गल, कृषि, जनस्वास्थ्य, वन्यजन्तु, हावापानी र समुद्र १.५ हरितगृह नियन्त्रणका उपायहरू जीवाम्स इन्धनको उत्पादन र प्रयोग घटाउने, कलकारखानामा हरित ग्यासको नियन्त्रण, वायुमण्डलको हरितग्यास सोस्ने परिवर्तित स्थितिमा अनुकूलन १.६ विद्यमान विश्वव्यापी प्रयास	१३
	२. पानी २.१ पानीको महत्त्व २.३ पानीका स्रोतहरू	१५	२. ओजन तह २.१ ओजन तहको परिचय २.२ ओजन तहको महत्त्व	१३

Untitled-73.pdf

	२.३ पानीका स्रोतहरू संरक्षण गर्ने उपायहरू २.४ पानी प्रदूषणको परिभाषा २.५ पानी प्रदूषणका कारणहरू २.६ पानी प्रदूषण नियन्त्रणका उपायहरू २.६ दूषित पानीबाट मानव स्वास्थ्य र जीवमा पर्ने असरहरू		२.३ ओजन तह विनाश हुनुका कारणहरू २४. ओजन तहको विनाशबाट पर्ने असरहरू	
	३. ध्वनि ३.१ ध्वनिको तीव्रताको परिभाषा ३.२ ध्वनिको तीव्रताको नाप एकाइहरू ३.३ ध्वनि बहन क्षमता ३.४ ध्वनि प्रदूषणका स्रोतहरू ३.५ ध्वनि प्रदूषणका असरहरू ३.६ ध्वनि प्रदूषण नियन्त्रणका उपायहरू	१२	३. ऊर्जा ३.१ ऊर्जाको परिभाषा र महत्त्व ३.२ ऊर्जाका स्रोतहरू ३.३ नवीकरण गर्न सकिने ऊर्जा शक्तिको संरक्षणका उपायहरू ३.४ नवीकरण गर्न नसकिने ऊर्जा शक्तिको संरक्षणका उपायहरू ३.५ ऊर्जा संरक्षण नगर्नाले वातावरणमा पर्ने असरहरू	१५
	४. तापक्रम वृद्धि तथा मौसम परिवर्तन ४.१ तापक्रम वृद्धि तथा हावापानी परिवर्तनको पहिचान ४.२ विश्वव्यापी तापक्रम वृद्धिको असरहरू ४.३ हावापानी परिवर्तनका कारणहरू ४.४ तापक्रम वृद्धि तथा हावापानी परिवर्तन नियन्त्रणका उपायहरू	१२		
(ख) [illegible]	५. उद्योग ५.१ औद्योगिक विकासको महत्त्व ५.२ औद्योगिक प्रदूषणको परिभाषा ५.३ औद्योगिक प्रदूषणले पार्ने असरहरू	२०	४. विषाक्त फोहोरमैला ४.१ विषाक्त फोहोरमैलाको परिभाषा ४.२ विषाक्त फोहोरमैलाका स्रोत र किसिमहरू ४.३ विषाक्त फोहोरमैलाको व्यवस्थापनका उपायहरू	१४

Untitled-74.pdf

	५.४ औद्योगिक प्रदूषण नियन्त्रणका उपायहरू ५.५ उद्योगमा काम गर्ने मानिसले अपनाउनुपर्ने सुरक्षाका उपायहरू		४.४ रेडियसन चुहावट तथा विषाक्तबाट हुने असरहरू ४.५ विषाक्त फोहोरमैलाबाट बच्ने उपायहरू	
(ग) जैविक पक्ष	**६. बनजङ्गल** ६.१ बनजङ्गलको महत्त्व ६.२ बनजङ्गलमा पाइने उपयोगी बोटबिरुवा ६.३ बनजङ्गलमा जीवनको निर्भरता ६.४ बन विनाशका कारणहरू ६.५ बन विनाशबाट पर्ने असरहरू ५.६ बनजङ्गलको व्यवस्थापन र संरक्षणका उपायहरू	२०	**५. पशुपन्छी** ५.१ घरपालुवा र जङ्गली जनावरको महत्त्व ५.२ नेपालमा पाइने केही प्रमुख पशुपन्छीहरू ५.३ मुख्य-मुख्य दुर्लभ पशुपन्छीको सङ्क्षिप्त परिचय ५.४ पशुपन्छी लोप हुनाका कारणहरू ५.५ पशुपन्छी संरक्षणका उपायहरू	१८
(घ) प्राकृतिक पक्ष	**७. जमिन** ७.१ जमिनको महत्त्व ७.२ जमिनको बनोट र किसिम ७.३ भूक्षय र यसको असर ७.४ भूक्षयका कारणहरू ७.५ भूक्षयबाट वातावरणमा पर्ने असरहरू ७.६ भूक्षय रोकथामका उपायहरू	२०	**६. सीमसार पारिस्थितिक प्रणाली** ६.१ सीमसार पारिस्थितिक प्रणालीको परिचय ६.२ सीमसारको महत्त्व ६.३ नेपालका केही प्रमुख सीमसारहरू ६.४ सीमसार संरक्षणको आवश्यकता ६.५ सीमसार संरक्षणका उपायहरू	
(ङ) सामाजिक तथा आर्थिक पक्ष	**८. मानव र वातावरण** ८.१ मानिस वातावरणको एक अभिन्न अङ्ग ८.२ मानवीय क्रियाकलापले गर्दा वातावरणमा पर्ने असरहरू ८.३ मानवीय क्रियाकलापले गर्दा वातावरणमा पर्ने असरहरू रोकथाम गर्ने उपायहरू	१८	**७. कृषि प्रणाली** ७.१ कृषि प्रणालीको परिचय र महत्त्व ७.२ कृषि विकास र वातावरणीय पक्षहरूको सम्बन्ध ७.३ कृषिमा रासायनिक मलको प्रयोग, असर र नियन्त्रणका उपायहरू ७.४ विषाक्त तथा कीटनाशकहरूको प्रयोग, असर र नियन्त्रणका उपायहरू	१२

Untitled-75.pdf

(च) स्वास्थ्य र सरसफाइ पक्ष	९. फोहोरमैला ९.१ गाउँ र सहरबाट निस्कने फोहोरमैलाका किसिम तथा स्रोतहरू ९.२ फोहोरमैला व्यवस्थापनका उपायहरू ९.३ फोहोरमैलाले वातावरणमा पार्ने असरहरू ९.४ फोहोरमैलाबाट उत्पन्न हुने समस्या तथा रोगहरू	१८	८. स्वास्थ्य र वातावरणको सम्बन्ध ८.१ वातावरणीय स्वास्थ्यको परिचय ८.२ स्वस्थकर वातावरणको महत्त्व ८.३ वातावरण प्रदूषणका असर ८.४ कुनै एक कार्यक्षेत्रको वातावरण ८.५ अस्वस्थकर वातावरणको स्वास्थ्यमा असर	१०

३. पाठ्यक्रम विस्तृतीकरण

पाठ्यक्रममा समावेश भएका उद्देश्यअनुसार कक्षा ९ र १० का लागि पाठ्यक्रम विस्तृतीकरण गरिएको छ । पाठ्यक्रम विस्तृतीकरणमा विषय, क्षेत्रगत विषयवस्तुहरू, पाठ्यभार, शिक्षण विधि तथा क्रियाकलाप, शैक्षिक सामग्री र मूल्याङ्कन विधि राखिएका छन् । प्रत्येक कक्षाको विस्तृतीकरण तलको तालिकामा दिइएको छ :

३.१ पाठ्यक्रम विस्तृतीकरण

कक्षा ९

विषय, क्षेत्र र एकाइ	शिक्षण विधि तथा क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन
(क) भौतिक पक्ष १. हावा १.१ हावाको महत्त्व • श्वासप्रश्वास, जलन, प्रकाश संश्लेषण, कार्बनडाइअक्साइड र अक्सिजनको सन्तुलन १.२ हावाको बनोट • नाइट्रोजन, अक्सिजन, कार्बनडाइडअक्साइड, आर्गन, निओन, हिलियम, जलवाष्प १.३ हावा प्रदूषण र यसका स्रोतहरू • हावा प्रदूषण • धुवाँ, कार्बनडाइअक्साइड, कार्बन, मनोअक्साइड, नाइट्रोजनअक्साइड, सल्फरअक्साइड, वाष्पशील हाइड्रोकार्बन यौगिक	व्याख्या, अवलोकन, छलफल, स्थलगत अध्ययन, प्रतिवेदन, Co_2 र O_2 को उपस्थितिको प्रयोग, अवलोकन प्रदूषित र स्वच्छ पानीको नमुना	हावा बनोटको तालिका, चित्रहरू, स्तम्भ चित्र	वस्तुगत र विषयगत प्रश्नहरू, प्रश्नोत्तर, समूहगत कार्य, अवलोकन, प्रतिवेदन, एकाइ परीक्षा

Untitled-76.pdf

• धुलो, फोहोरमैला, यातायात, इन्धन, किटनाशक औषधी, • मानवीय क्रियाकलापहरू • विकास गतिविधि जस्तै, सडक, घरनिर्माण र फोहोरमैला आदिबाट हावा प्रदूषण १.५ हावा प्रदूषणको वातावरणमा असर • जीवहरू प्राकृतिक सम्पदा, सांस्कृतिक सम्पदा, वायुमण्डलको दृश्य १.६ हावा प्रदूषण नियन्त्रणको उपायहरू • धुवाँ नियन्त्रण • धुलो नियन्त्रण • फोहोरमैलाको व्यवस्थापन • आधुनिक प्रविधिको प्रयोग • फोहोर पानीको प्रशोधन			
२. पानी २.१ पानीको महत्त्व • खाना, सरसफाइ, जीवहरूको शरीर निर्माण, प्रकाश संश्लेषण क्रिया २.२. पानीका स्रोतहरू • नदी, ताल, पोखरी, खोला, सागर, झरना र सतहमुनिको पानी २.३. पानीका स्रोतहरू संरक्षण गर्ने उपायहरू • जलधारको संरक्षण, वनजङ्गलको संरक्षण, जमिनको संरक्षण, उचित सदुपयोग, पानीको प्रशोधन र पुनः प्रयोग • जनचेतना अभिवृद्धि २.४ पानी प्रदूषणको धारणा २.५ पानी प्रदूषणको कारण र नियन्त्रणका उपायहरू • सरसफाइ • ढलको व्यवस्था • फोहोरमैला व्यवस्थापन	व्याख्या, छलफल, प्रदर्शन, प्रदूषित पानीको परीक्षण, वाष्पीकरण, फिटकिरी, आफ्नो स्थानको खानेपानीको स्थितिको प्रतिवेदन	पोस्टर, वृत्ताकार रेखाचित्र, जलचक्रको चित्र, प्रदूषित पानी, फिल्टर पेपर, गिलास, चम्चा	विद्यार्थीबाट परिक्षणको प्रतिवेदन प्रस्तुति, विद्यार्थीको सहभागिता, वस्तुगत र विषयगत प्रश्नहरू, एकाइ परीक्षा

Untitled-77.pdf

• उद्योगको फोहोर पानी नियन्त्रण २.६ दूषित पानीको असर • दुर्गन्ध, रोग			
३. ध्वनि ३.१ ध्वनिको तीव्रताको परिभाषा डेसिबेल्स चार्टस् ३.२ ध्वनिको तीव्रताको नाप एकाइहरू • बाट/बर्गमिटर, डिसिबेल्स्ट, थ्रेसहोल्ड अफ हेरिङ (१. बाट /बर्गमिटर), शून्य, डेसिबल ३.३ ध्वनि वहन क्षमता • अधिकतम, मध्य र सबभन्दा कम ३.४ ध्वनि प्रदूषणका स्रोतहरू • समाज, (भीडभाड र होहल्ला) • प्राकृतिक घटना जस्तै, चट्याङ, पशुपक्षी र खोलानाला • मानवनिर्मित जस्तै, यातायातका साधानहरू, कलकारखाना, सञ्चारका साधानहरू र बाजागाजा ३.५ ध्वनि प्रदूषणका असरहरू • श्रवणशक्ति कम हुने, रक्तचापको रोग, मस्तिष्कमा तनाव, वानीव्यहोरामा फरक, जीवजन्तु भड्कने ३.६ ध्वनि प्रदूषण नियन्त्रणका उपायहरू • यातायातको साधनहरूको नियन्त्रण, उद्योगहरूबाट निस्कने ध्वनिको नियन्त्रण, बढी आवाज निस्कने सञ्चारका माध्यम र बाजागाजाको सीमित प्रयोग, कानुनी व्यवस्था • खुला क्षेत्र र हरित क्षेत्रको वृद्धि, सडकको किनारामा वृक्षरोपण, ध्वनि बाधक पर्खालको निर्माण	व्याख्या, छलफल, अवलोकन, प्रदर्शन, स्थलगत अध्ययन, अवलोकन	चार्ट, अडयोमिटर, टुनिङफोर्क	विषयगत र वस्तुगत प्रश्नहरू, सहभागिता, एकाइ परीक्षा

Untitled-78.pdf

४. तापक्रममा वृद्धि तथा हावापानी परिवर्तन ४.१ हावापानी परिवर्तन • धारणा कारण र असर ४.२ तापक्रम वृद्धि • धारणा, कारण र असरहरू ४.३ तापक्रम वृद्धि तथा हावापानी परिवर्तन नियन्त्रणका उपायहरू • साधारण उपायहरू	प्रतिवेदन प्रस्तुति, समूहगत कार्य, छलफल	चित्रहरू	प्रतिवेदन, विषयगत र वस्तुगत प्रश्नहरू सहभागिता, एकाइ परीक्षा
(ख) रसायनिक पक्ष ५. उद्योग ५.१ औद्योगिक विकासको महत्त्व ५.२ औद्योगिक प्रदूषणको परिभाषा ५.३ औद्योगिक प्रदूषणले पार्ने असरहरू • हावा, पानी, माटो-प्रदूषण, जीवजन्तुको स्वास्थ्यमा असर, ध्वनि प्रदूषण, विषाक्त लगायतका फोहोरमैलाको वृद्धि ५.४ औद्योगिक प्रदूषण नियन्त्रणका उपायहरू • फोहोरमैलाको नियन्त्रण र प्रशोधन, धुवाँ, धुलो, आवाजको नियन्त्रण, आवास क्षेत्रभन्दा टाढा उद्योगको स्थापना ५.५ उद्योगमा काम गर्ने मानिसले अपनाउनु पर्ने सुरक्षाका उपायहरू • काम गर्दा होसियारी अपनाउने • औजार तथा साधारण यन्त्र ठीक ठाउँमा राख्ने • औजार तथा साधारण यन्त्रको स्थिति ठीक राख्ने • कार्यस्थल सफा राख्ने • कार्यस्थलभित्र धूमपान नगर्ने	व्याख्या, छलफल, अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति, प्रश्नोत्तर, समूहगत कार्य र छलफल	पोस्टर, चित्र, भिडियो फिल्म, स्लाइड	विषयगत र वस्तुगत प्रश्नहरू, प्रतिवेदन, सहभागिता, प्रश्नोत्तर, एकाइ परीक्षा
(ग) जैविक पक्ष ६. वनजङ्गल ६.१ वनजङ्गलको महत्त्व • पारिस्थितिक प्रणालीको सन्तुलन, जीवजन्तुको आश्रय, उपयोगिता (आयआर्जन, उद्योग सञ्चालन, औषधीको स्रोत, व्यापार)	व्याख्या, छलफल, अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति, प्रश्नोत्तर, समूहगत कार्य	चार्ट, पोस्टर, चित्र	विषयगत र वस्तुगत प्रश्नहरू, प्रतिवेदन, सहभागिता, प्रश्नोत्तर, एकाइ परीक्षा

Untitled-79.pdf

६.२ बनजङ्गलमा पाइने उपयोगी बोटबिरुवा • फल फल्ने बोटबिरुवा • फूल फुल्ने बोटबिरुवा • जडिबुटीहरू ६.३ बनजङ्गलमा जीवनको निर्भरता • बनजङ्गल र मानिस • बनजङ्गल र पशुपन्छी (खाना तथा आहाराको स्रोत, बासस्थान, पारिस्थितिक प्रणालीको सन्तुलन) ६.४ वन विनाश • धारणा ६.५ वन विनाशका कारणहरू • जनसङ्ख्याको चाप, व्यापारीकरण, अति चरण, भूक्षय, बाढीपहिरो, खोरिया फडानी, अवैज्ञानिक खेती प्रणाली, आगलागी • अनियन्त्रित रूपमा बनजङ्गलको फडानी, वैकल्पिक ऊर्जाको व्यवस्था नहुनु • स्थानीय समुदायमा बनसंरक्षणको चेतनाको कमी ६.६ वन विनाशबाट पर्ने असरहरू • हावापानीमा परिवर्तन, अतिवृष्टि, वायु प्रदूषण, जलस्रोतको कमी, वन्यजन्तुको नाश, कृषि उत्पादनमा कमी, बनपैदावारमा कमी, रोगव्याधिको वृद्धि, ६.७ बनजङ्गलको व्यवस्थापन र संरक्षणका उपायहरू • वृक्षरोपण, अतिचरणमा कमी, व्यापारीकरण नगर्ने, निजी बनको विकास, कृषि बनको विकास, वैकल्पिक इन्धनको विकास, वन पैदावारको न्यूनतम प्रयोग, कानुनी व्यवस्था, जनचेतना अभिवृद्धि, (ख) प्राकृतिक पक्ष ६ जमिन (१) जमिनको महत्त्व • जीवजन्तुको बाँच्ने आधार तथा आश्रय, खाद्यान्न, उत्पादन, पारिस्थितिक प्रणालीको सन्तुलन,	व्याख्या, छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रतिवेदन तयारी, समूहगत कार्य	पोस्टर, चार्ट, नमुना, खेतीपाती गरेको जमिन	विषयगत र वस्तुगत प्रश्नहरू, प्रतिवेदन, सहभागिता, एकाइ

Untitled-80.pdf

कपासको उत्पादन, विकास कार्यको आधार, विभिन्न तत्त्वको स्रोत			परीक्षा
७.२ माटोको बनोट स-साना चट्टान, खनिज पदार्थ, हावा, पानी			
• माटोको किसिम दोमोट माटो, बलौटे माटो, मृत्तिका माटो, काली माटो, अम्लीय माटो			
७.३ भू-क्षय			
• धारणा			
• भू-क्षयका किसिमहरूको वर्गीकरण			
• सतह क्षय, नदीको स-साना धारबाट हुने क्षय, नदीको तटीय कटान, गल्लीक्षय, पानीको थोपाबाट हुने क्षय			
७.४ भू-क्षयका कारणहरू			
• वर्षा, वनविनाश, खोरिया,फडानी, अतिचरन, हुरीबतास, बाढीपहिरो			
७.५ भू-क्षयबाट वातावरणमा पर्ने असरहरू			
• वनस्पतिमा ह्रास, पशुपन्छीको वासस्थानमा असर, खेतीपातीमा ह्रास, उत्पादकत्वमा ह्रास, माटोको उर्वराशक्तिमा ह्रास			
७.६ भूक्षय रोकथामका उपायहरू			
• यान्त्रिक विधि: गङ्गा सुधार/भीरस्थितिकरण, बाँध तथा पर्खाल निर्माण, निकासको उचित प्रबन्ध, बाढीपहिरोको नियन्त्रण, सिँचाइ तथा नदीको प्रभाव नियन्त्रण, वनजङ्गलको संरक्षण			
• जैविक विधि:			
• अधिचरनको रोकथाम, बनजङ्गलको संरक्षण, खेतबारीबाट बग्ने पानी ढलको उचित व्यवस्था, वृक्षरोपण, घाँस रोपण, फलफूल खेती, कृषि वन,			

Untitled-81.pdf

(ङ) सामाजिक तथा आर्थिक पक्ष ८ मानव र वातावरण ८.१ मानिस वातावरणको एक अभिन्न अङ्ग • मानिसको वातावरणमा निर्भरता, मानिसको रहनसहन, अनकूलता, बसोबास, लवाइखुवाइ ८.२ मानवीय क्रियाकलापहरूले गर्दा वातावरणमा पर्ने असरहरू • प्रदूषण, भूक्षय, प्राकृतिक स्रोतको नाश, वन्यजन्तुको विनाश, पानीको स्रोतमा कमी, रोगव्याधिको वृद्धि ८.३ मानवीय क्रियाकलापहरूले गर्दा वातावरणमा पर्ने असरहरू रोकथाम गर्ने उपायहरू • प्राकृतिक स्रोतको कम प्रयोग, प्राकृतिक स्रोतको संरक्षण कार्यक्रम सञ्चालन, फोहोरमैला तथा हानिकारक वस्तुको नियन्त्रण • जनचेतना अभिवृद्धि	व्याख्या, छलफल, तुलनात्मक अध्ययन, प्रतिवेदन तयारी र प्रस्तुति, समूहगत कार्य	चित्र, पोस्टर, वृत्तचित्र, बोटबिरुवा, वनजङ्गल	विषयगत र वस्तुगत प्रश्नहरू, सहभागिता, प्रतिवेदन प्रस्तुति, एकाइ परीक्षा
(च) स्वास्थ्य तथा सरसफाइ पक्ष ९ फोहोरमैला ९.१ घर र सहरबाट निस्कने फोहोरमैलाका किसिम र स्रोतहरू • फोहोर मैलाको किसिम तथा भिन्नता, तिनका स्रोतहरू कम गर्ने उपायहरू ९.२ फोहोरमैला व्यवस्थापनका उपायहरू • सङ्कलन व्यवस्था, सहर र घरमा फोहोरमैला व्यवस्थापन गर्ने तरिकाहरू जस्तै: गाड्ने, पोल्ने, मल बनाउने, आदिको तुलना, जनसहभागिता, कार्यक्रमको रूपमा फोहोरमैलाको व्यवस्थापन • फोहोरमैलाको प्रशोधन र पुनः प्रयोग ९.३ फोहोरमैलाले वातावरणमा पार्ने असरहरू, दुर्गन्ध, अस्वस्थकर वातावरण, हावा, पानी र माटो प्रदूषण, ढल तथा निकास	व्याख्या, छलफल, अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति, प्रश्नोत्तर, समूहगत कार्य र छलफल	पोस्टर, चित्र, फोहोरस्थान, भिडियो फिल्म, स्लाइड	विषयगत र वस्तुगत प्रश्नहरू, सहभागिता, प्रतिवेदन, एकाइ परीक्षा

Untitled-82.pdf

रोकावट, विभिन्न किसिमका रोगव्याधि फैलावट ९.४ फोहोरमैलाबाट आउने समस्या तथा सामान्य रोगहरू			

५.२ पाठ्यक्रम विस्तृतीकरण

कक्षा १०

विषय, क्षेत्र र एकाइ	शिक्षण विधि तथा क्रियाकलाप	शैक्षिक सामग्री	मूल्याङ्कन
(क) भौतिक पक्ष १. हरितगृह प्रभाव १.१ धारणा १.२. हरितगृह ग्यास र स्रोत १.३ हरितगृह ग्यासको प्रभाव १.४ कारण, असर र नियन्त्रणका उपायहरू	व्याख्या, छलफल, प्रश्नोत्तर, प्रतिवेदन तयारी र प्रस्तुति, समूहगत कार्य,	चित्रहरू, फोटो, भिडियो, फिल्म	विषयगत र वस्तुगत प्रश्नहरू, सहभागिता, प्रश्नोत्तर, समूहगत कार्य, गृहकार्य, एकाइ परीक्षा
२. ओजन तह २.१ ओजन तहको परिचय र महत्त्व २.२ ओजन तह विनाश हुनुको कारणहरू २.३ ओजन तहको विनाशबाट पर्ने असरहरू	व्याख्या, छलफल, प्रश्नोत्तर, प्रतिवेदन तयारी र प्रस्तुति, समूहगत कार्य	चित्रहरू, फोटो, भिडियो, फिल्म	विषयगत र वस्तुगत प्रश्नहरू, सहभागिता, प्रश्नोत्तर, समूहगत कार्य, गृहकार्य, एकाइ परीक्षा
३. ऊर्जा ३.१ ऊर्जाको परिभाषा र महत्त्व • महत्त्वः ताप, प्रकाश, इन्धन, उद्योग सञ्चालन, यातायात सञ्चालन ३.२ ऊर्जाका स्रोतहरू • नवीकरण गर्न सकिने शक्ति (सूर्य शक्ति, हावा, पानी, गोबरग्यास, बतास, जलशक्ति) • नवीकरण गर्न नसकिने शक्ति (ग्यास, खनिज, तेल, कोइला) ३.३. नवीकरण गर्न सकिने ऊर्जाशक्तिको संरक्षणका उपायहरू • जैविक ऊर्जाको विकास, ऊर्जा नोक्सान हुनबाट बचावट, ऊर्जाको कम खपत गर्ने,	व्याख्या, छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रतिवेदन तयारी, समूहगत कार्य	नमुना, पोस्टर, चार्ट	विषयगत र वस्तुगत प्रश्नहरू, सहभागिता, प्रतिवेदन, एकाइ परीक्षा

Untitled-83.pdf

स्तरयुक्त उपकरणको प्रयोग, सौर्यशक्तिको प्रयोग ३.४ नवीकरण गर्न नसकिने ऊर्जाशक्तिको संरक्षणका उपायहरू • कम खपत गर्ने, खानीलाई जोगाउने ३.५ ऊर्जा संरक्षण नगर्नाले वातावरणमा पर्ने असरहरू • प्राकृतिक स्रोतको विनाश, जीवजन्तुको विनाश, जलवायुमा परिवर्तन, इन्धनको सङ्कट, स्वास्थ्यमा प्रतिकूल असर			
(ख) रासायनिक पक्ष ४. विषाक्त फोहोरमैला ४.१ विषाक्त फोहोरमैलाको परिभाषा ४.२ विषाक्त फोहोरमैलाका स्रोतहरू र किसिम • स्रोतहरू : उद्योगधन्धाबाट निस्कने फोहोरमैला, धातु उद्योगबाट निस्कने रसायन तथा धातु, रासायनिक उद्योग, अस्पताल तथा स्वास्थ्य केन्द्र, अनुसन्धात्मक प्रयोगशाला • किसिम : ठोस, ग्यास र तरल (मर्करी यौगिक, अम्ल, साइनाइड, मर्करी, शिक्षा यौगिक) ४.३ विषाक्त फोहोरमैलाको व्यवस्थापनका उपायहरू • कम उत्पादन, उचित मात्रामा प्रयोग, गाड्ने व्यवस्था, प्रशोधन, पुनः प्रयोग, बालेर नाश गर्न हुनेलाई बालेर नाश गर्ने, कम विषाक्त वस्तुमा परिवर्तन, कानुनी व्यवस्था ४.४ रेडियसन चुहाबट तथा विषाक्तबाट हुने असरहरू • भूमि प्रदूषण, पानीको स्रोत दूषित हुनु, हावा प्रदूषण, जीवजन्तुको नाश, मानव स्वास्थ्यमा असर	व्याख्या, छलफल, अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति, प्रश्नोत्तर, समूहगत कार्य र छलफल	नमुना, पोस्टर, चार्ट	विषयगत र वस्तुगत प्रश्नहरू, प्रतिवेदन, सहभागिता, एकाइ परीक्षा

Untitled-84.pdf

४.५ विषाक्त फोहोरमैलाबाट बच्ने उपायहरू • विषाक्त फोहोरमैलासम्बन्धी उद्योग बसोबास क्षेत्रभन्दा टाढा स्थापना, विषाक्त फोहोरमैलाको कम प्रयोग, विषाक्त फोहोरमैलाको पुनः प्रयोग वा प्रशोधन र नियन्त्रण • जनचेतना अभिवृद्धि			
(ग) जैविक पक्ष ५. पशुपन्छी ५.१ घरपालुवा र जङ्गली जनावरको महत्त्व ५.२ नेपालमा पाइने केही प्रमुख पशुपन्छीहरू ५.३ जङ्गली जनावर लोप हुनुका कारणहरू • प्राकृतिक प्रकोप, बासस्थानको विनाश, जथाभावी सिकार गर्नु, मानवीय अतिक्रमण, संरक्षणको कमी, जनचेतनाको कमी ५.४ मुख्य-मुख्य दुर्लभ पशुपन्छीको सामान्य परिचय • बाघ, एकसिङ्गे गैंडा, कस्तुरी मृग, ब्वासो, चितुवा, चरी बाघ, गौरी गाई, कृष्णसार, दुम्सी, कछुवा, सुनगोरी, मगरगही, डाँफे ५.५ पशुपन्छी लोप हुनाका कारणहरू • उचित बासस्थानको अभाव, आहारको कमी, प्राकृतिक स्वरूपको विनाश, मानवीय अतिक्रमण ५.६ पशुपन्छी संरक्षणका उपायहरू • राष्ट्रिय निकुञ्ज र आरक्ष, प्राकृतिक बासस्थानको संरक्षण, चिडियाखाना • वनजङ्गलको संरक्षण	अवलोकन, स्थलगत अध्ययन, छलफल, प्रतिवेदन, प्रश्नोत्तर, व्याख्या	पोस्टर, चित्र	प्रतिवेदन प्रस्तुतीकरण, समूहगत सहभागिता, विषयगत र वस्तुगत प्रश्नहरू, एकाइ परीक्षा
(घ) प्राकृतिक पक्ष ६. सीमसार पारिस्थितिक प्रणाली ६.१ धारणा ६.२ सीमसार क्षेत्रको महत्त्व	व्याख्या, छलफल, अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति, प्रश्नोत्तर, समूहगत कार्य र	चार्ट, पोस्टर	विषयगत र वस्तुगत प्रश्नहरू, प्रतिवेदन, सहभागिता,

Untitled-85.pdf

• मानिसको खाद्यान्नको स्रोत • जङ्गली पशुपन्छीको खानाको स्रोत • धार्मिक स्थान • वातावरण सन्तुलन आदि ६.३ नेपालका प्रमुख सीमसारहरू • नदी, ताल, पोखरी, धाप, पानी सञ्चय गरेको स्थान, धानखेत ६.४ सीमसारको संरक्षणको आवश्यकता र उपायहरू • संरक्षण नीति • संरक्षण कार्यक्रम	छलफल		प्रश्नोतर, एकाइ परीक्षा
(ङ) सामाजिक तथा आर्थिक पक्ष ७. कृषि प्रणाली ७.१ कृषि प्रणालीको पहिचान र त्यसको महत्त्व • खाद्यान्नको स्रोत, राष्ट्रिय आम्दानीको स्रोत, रोजगारी, उद्योगको लागि कच्चा पदार्थको उपलब्धता ७.२ कृषिका विकास र वातावरणीय पक्षहरूको सम्बन्ध • जमिन • पशुपालन • सिंचाइ • प्रविधि ७.३ कृषिमा प्रयोग हुने रासायनिक मल तथा विषाक्तबाट वातावरणमा पर्ने असरहरू • रासायनिक मलले गर्दा माटोको ह्रास, उर्वराशक्तिमा कमी, जमिनको अत्यधिक प्रयोग • कीटनाशक औषधीको जथाभावी प्रयोग ७.४ कृषिमा प्रयोग हुने रासायनिक मल तथा विषाक्तबाट वातावरणमा पर्ने असर कम गर्ने उपायहरू • रासायनिक मल, कीटनाशक औषधीको प्रयोग उचित किसिमबाट गर्ने, प्राङ्गारिक मलको प्रयोग	छलफल, व्याख्या, तुलनात्मक अध्ययन, अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुती, समूहगत कार्य	चार्ट, पोष्टर, खेतीपातीका चित्रहरू	विषयगत र वस्तुगत प्रश्नहरू, सहभागिता, प्रतिवेदन, एकाइ परीक्षा

Untitled-86.pdf

(च) स्वास्थ र वातावरणको सम्बन्ध ८. वातावरणीय स्वास्थ्यको परिचय • धारणा ८.१ स्वस्थ्यकर वातावरणको महत्त्व • स्वस्थ्यकर वासस्थान • स्वास्थ्यकर हावा र पानी • रोग नियन्त्रण ८.२ वातावरण प्रदूषणको असर • वरपरको वातावरण • हावा प्रदूषण • जल प्रदूषण • जमिन प्रदूषण • ध्वनि प्रदूषण ८.३ कुनै एक कार्यक्षेत्रको वातावरण अध्ययन • कुनै घरेलु उद्योग • काम गर्ने स्थानको वातावरण • काम गर्ने स्थानको वातावरणको स्वास्थ्यमा प्रभाव ८.४ अस्वस्थ्यकर वातावरणको स्वास्थ्यमा असर • भौतिक पक्ष : तापक्रम, विकिरण, संवाहन • रासायनिक पक्ष : रासायनिक वस्तु, किराफट्याङ्ग्रा, पशुपन्छी	व्याख्या, छलफल, अवलोकन, प्रतिवेदन तयारी र प्रस्तुति, प्रश्नोत्तर, समूहगत कार्य र छलफल	पोस्टर, प्रदूषित स्थान, स्वच्छ स्थान, प्रदूषित वस्तुहरू	मौखिक प्रश्न, विषयगत र वस्तुगत प्रश्नहरू, एकाइ परीक्षा, अवलोकन तथा स्थलगत अध्ययन प्रतिवेदन

६. विषय र क्षेत्रअनुसार पाठ्यभार विभाजन तालिका

कक्षा ९		कक्षा १०	
विषय र क्षेत्र	पाठ्यभार	विषय र क्षेत्र	पाठ्यभार
१. भौतिक पक्ष		१. भौतिक पक्ष	
१.१ हावा	१५	१.१ हरितगृह प्रभाव	१३
१.२ पानी	१५	१.२ ओजन तह	१३
१.३ ध्वनि	१२	१.३ ऊर्जा	१५
१.४ तापक्रम वृद्धि तथा मौसम परिवर्तन	१२		
२. रसायनिक पक्ष		२. रसायनिक पक्ष	
२.१ उद्योग	२०	२.१ विषाक्त फोहोरमैला	१४
३. जैविक पक्ष		३. जैविक पक्ष	
३.१ वनजङ्गल	२०	३.१ पशुपन्छी	१८
४. प्राकृतिक पक्ष		४. प्राकृतिक पक्ष	
४.१ जमिन	२०	४.१ सीमसार पारिस्थितिक प्रणाली	१५

Untitled-87.pdf

५. सामाजिक तथा आर्थिक पक्ष ५.१ मानव र वातावरण	१८	५. सामाजिक तथा आर्थिक पक्ष ५.१ कृषि प्रणाली	१२
६. स्वास्थ्य र सरसफाइ पक्ष ६.१ फोहोरमैला	१८	६. स्वस्थ्य र सरसफाइ पक्ष ६.१ स्वस्थ्य र वातावरणको सम्बन्ध	१०
जम्मा	१५०		११०

७. शिक्षण विधि

यस पाठ्यक्रममा विभिन्न विषयहरू, तिनसँग सम्बन्धित क्षेत्र र एकाइअनुसार विशिष्ट उद्देश्यहरू तथा सिकाइउपलब्धिहरू समावेश गरिएका छन्। यसले वैज्ञानिक सिद्धान्तहरू र तिनसँग सम्बन्धित व्यावहारिक पक्षहरूलाई समेटेको छ। यस विषयको शिक्षण गर्दा विषयगत रूपमा शिक्षकले प्रस्तुति गर्नुका साथै प्रत्येक एकाइअनुसार विभिन्न क्रियाकलापहरू गराउनुपर्दछ। यस विषयले वातावरणका विभिन्न पक्षहरू समेटेको छ जसमध्ये धेरैजसो पक्षहरूको अध्यापन गर्दा विद्यालय बरपर वा विद्यालय रहेको क्षेत्रमा भएको वस्तुहरू प्रयोग गरेर गर्न सकिन्छ। तसर्थ शिक्षकले शिक्षण क्रियाकलापहरू गर्दा वा गराउँदा आफ्नो क्षेत्रसँग सम्बन्धित कुनै वातावरणीय पक्षलाई आधार मानी गराउँदा व्यावहारिक हुनेछ। एकाइअनुसार केही सामान्य शिक्षण विधिहरू पाठ्यक्रम विस्तृतीकरणमा दिइएको छ। कक्षामा विद्यार्थीहरूबीच छलफल गराउने, स-साना परियोजना कार्यहरू दिने, तिनको प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने र आपसमा छलफल गराउने गर्नुपर्दछ। पाठमा समावेश भएका विभिन्न शीर्षकहरू विद्यार्थीहरूलाई अध्ययन गर्न लगाउने र कक्षामा प्रश्नोत्तर एवम् छलफल गराउने र जस्ता वातावरण विज्ञान अध्यापन गर्दा निम्न लिखित शिक्षण विधिहरू प्रयोग गर्नु आवश्यक हुन्छ :

१. प्रदर्शन विधि
२. समस्या समाधान विधि
३. प्रश्नोत्तर र छलफल विधि
४. परियोजना कार्य प्रस्तुति र छलफल
५. अवलोकन विधि
६. खोज तथा अन्वेषण विधि
६. प्रयोगात्मक विधि

उपर्युक्त विधिहरू अपनाई शिक्षण गर्दा तथा पाठसँग सम्बन्धित कुनै पनि क्रियाकलाप गर्दा वा गराउँदा विद्यार्थीकेन्द्रित हुनु आवश्यक छ। यसअनुसार अध्यापन गर्दा विद्यार्थीहरूको प्रश्नोत्तर छलफल प्रस्तुति आदिलाई शिक्षकले राम्ररी अवलोकन गर्नुपर्दछ साथै उनीहरूपको कमीकमजोरी, त्रुटिलाई राम्ररी औंल्याई तिनका बारेमा कक्षामा छलफल गराउनुका साथै उनीहरूको कमजोरी हटाउने उपायहरू अपनाउनुपर्दछ।

Untitled-88.pdf

८. मूल्याङ्कन प्रक्रिया

विद्यार्थीहरूको सिकाइउपलब्धिको मूल्याङ्कन पाठ्यक्रममा समावेश भएका विशिष्ट उद्देश्यहरूको आधारमा गर्नुपर्दछ । मूल्याङ्कनका उद्देश्यहरू निम्नअनुसार निर्धारण गरिएका छन् :

१. विषय क्षेत्र र एकाइअनुसार निर्धारण गरिएका विशिष्ट उद्देश्यहरू विद्यार्थीहरूले हासिल गर्न सकेका छन् वा छैनन् तिनको जाँच गर्ने

२. एक एकाइको अध्यापनपछि अर्को एकाइ अध्ययन गर्न विद्यार्थीहरू सक्षम भएका छन् वा छैनन् पत्ता लगाउने । यदि विद्यार्थीहरू अर्को नयाँ एकाइ अध्ययन गर्न सक्षम नभएका भए मूल्याङ्कनका आधारमा आवश्यकताअनुसार शिक्षकले पहिला पढाइसकेको एकाइ दोहोऱ्याउनुपर्दछ ।

३. अध्यापनको प्रभावकारिता पत्ता लगाउने र यसको आधारमा शिक्षणसिकाइमा आवश्यक संशोधन गरी आवश्यकताअनुसार अध्यापन गर्ने ।

४. मूल्याङ्कनको विवरण विद्यार्थीहरूलाई जानकारी दिने र अध्ययनलाई सुधार्नका लागि उनीहरूलाई सुझाव पनि दिने ।

५. अभिभावकहरूलाई समेत मूल्याङ्कनको जानकारी दिने र आफ्ना छोराछोरीको अध्ययनमा सुधार गर्न उनीहरूले गर्नुपर्ने कार्य तथा सहयोगबारे पनि बताइदिने ।

८.१ मूल्याङ्कन विधि

वातावरण विज्ञानको मूल्याङ्कनका लागि निम्निलिखित मूल्याङ्कन विधिहरू प्रयोग गर्न सकिने छ ।

१. अवलोकन

शिक्षकले विद्यार्थीहरूले गरेका विभिन्न कार्यहरूको अवलोकन गरी उनीहरूको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्नुपर्दछ ।

२. सहभागिता

कक्षा बाहिर गराइएका विभिन्न क्रियाकलापहरूमा विद्यार्थीहरूको केकस्तो सहभागिता भएको छ तिनको अभिलेख शिक्षकले राख्नुपर्दछ । यसको आधारमा उनीहरूले प्राप्त गरेका सिकाइउपलब्धिको मूल्याङ्कन गर्नुपर्दछ ।

३. लिखित कार्य

लिखित कार्यअन्तर्गत एकाइ परीक्षा, त्रैमासिक परीक्षा र वार्षिक परीक्षा दिनुपर्नेछ ।

८.२. एस.एल.सी. परीक्षा

पाठ्यक्रमअनुसार भौतिक, रासायनिक, जैविक, प्राकृतिक, सामाजिक तथा आर्थिक र स्वास्थ्य र सरसफाइ गरी विभिन्न किसिमका ६ ओटा क्षेत्रहरू समावेश गरिएका छन् । लामो प्रश्नहरू सोह्रा भौतिक, जैविक, प्राकृतिक र सामाजिक तथा आर्थिक पक्षहरूबाट एक-एक प्रश्न सोध्नुपर्नेछ । बाँकी दुईओटा प्रश्नहरू तलको तालिकामा रासायनिक र स्वास्थ्य र सरसफाइ पक्षहरूका समावेश भएको भए तापनि अन्य पक्षहरूबाट पनि सोध्न सकिने छ । त्यस्तै लघुप्रश्नहरू पनि प्रत्येक क्षेत्रहरूबाट सोध्नुपर्नेछ । प्रश्नपत्रको वितरण तलको तालिकामा दिइएको छ :

Untitled-89.pdf

प्रश्न निर्माण ढाँचा

क्र.सं.	विषयगत क्षेत्र	पाठ्यभार (प्रतिशतमा)	लघु-प्रश्नहरू (प्रत्येकको ३ अङ्क)	लामो प्रश्नहरू (प्रत्येकको ७ अङ्क)	जम्मा
१.	भौतिक पक्ष	३६	८	१	९
२.	रासायनिक पक्ष	१३	३	१	४
३.	जैविक पक्ष	१५	५	१	६
४.	प्राकृतिक पक्ष	१३	६	१	७
५.	सामाजिक तथा आर्थिक पक्ष	१२	६	१	७
६.	स्वास्थ्य र सरसफाइ पक्ष	११	४	१	५
जम्मा		१००	३२	६	३८
उत्तर दिनुपर्ने प्रश्नसङ्ख्या			२४	४	२८

एस.एल.सी. परीक्षामा ३२ ओटा लघु-प्रश्न र ६ ओटा लामो प्रश्नहरू सोधिने छन् । प्रत्येक लघु-प्रश्नको ३ पूर्णाङ्क हुनेछ भने प्रत्येक लामो प्रश्नको ७ पूर्णाङ्क हुने छ । र ३२ ओटा लघु-प्रश्नहरूमध्ये विद्यार्थीहरूले कुनै २४ ओटाको र ६ ओटा लामो प्रश्नहरूमध्ये कुनै ४ ओटा प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।

Untitled-90.pdf

भोजपुरी

परिचय

शिक्षा के जीवनसापेक्ष बनाके राष्ट्रिय परम्परा संस्कृति आ सामाजिक वातावरण का साथे लोकतान्त्रिक मोल मान्यता से परिचित, भाषिक व्यवहार में सक्षम, वैज्ञानिक सिर्जनशीलता में सहायक, उद्यमी, आत्मनिर्भर आ आर्थिक विकास करे में सक्षम आ स्वस्थ नागरिक तैयार करेके उद्देश्य अनुरूप विद्यालयस्तर के पाठ्यक्रम विकास करेके प्रक्रिया चल रहल बा।

एक क्रम में कक्षा ९ आ १० के ऐच्छिक प्रथम पत्र में अध्यापन करावेवाला भाषा समूहअन्तर्गत १०० पूर्णाङ्क विषय के रूप में भोजपुरी भाषा के ई पाठ्यक्रम तैयार कइल बा।

साधारण उद्देश्य

ऐच्छिक भोजपुरी भाषा में माध्यमिक स्तर उत्तीर्ण विद्यार्थी सब निम्नलिखित विषय में सक्षम होई-

१. सुनल आ पढ़ल शब्दन के प्रस्ट शुद्ध उच्चारण करे में।
२. भोजपुरी भाषा में कइल बातचित समझे-बुझे में।
३. कथा, कविता, रुपक, निबन्ध आदि साहित्यिक विधा रुचिपूर्वक पढ़े में आ लिखे में।
४. पढ़ल साहित्यिक विधा के व्याख्या, सारांश, विवेचना आ भावार्थ निकालेमें।
५. प्रवचन, प्रश्नोत्तर, व्याख्या जइसन चिज के आशय समझ के व्यक्त करे में।
६. साधारण आ छोटहन कथा, कविता आ निबन्ध लिखे में।
७. देखल, सुनल आ अनुभव कइल घटना का बारे में व्याख्या विश्लेषण करे में।
८. वादविवाद, संवाद आदि में अपन मौलिक अभिव्यक्ति देवे में।
९. घरायसी, व्यापारिक आ कार्यालयीय पत्र लिखे में।
१०. अनुच्छेद, दैनिकी, मनोवाद आ निवेदन लिखे में।
११. कवनो पाठ पढ़ा के ओकरा बारे में पुछल प्रश्न के जवाब देवे में।
१२. मौखिक आ लिखित अभिव्यक्ति में मोहवरा आ लोकोक्ति के प्रयोग करे में।
१३. विकारी, अविकारी, पर्यायवाची, श्रुतिसमभिन्नार्थक, अनेकार्थक, विपरीतार्थक शब्दन के चिन्हे में।
१४. समास विग्रह करे में।
१५. कारक विभक्ति के उचित प्रयोग करे में।
१६. वाक्य, अनुच्छेद आदि में भा भावाभिव्यक्ति में व्याकरणिक आधारभूत नियम आ चिन्ह के [illegible] करे में।
१७. भोजपुरी अनजान शब्दन के जानकारी खातिरा शब्दकोश प्रयोग क के शब्दभण्डार बढ़ावे में।
१८. पाठ्यपुस्तक के अध्ययन के बाद नैतिकता, चरित्र, स्वावलम्बन आ परोपकार के भावना जागृत करावे में।

Untitled-91.pdf

विशिष्ट उद्देश्य

१. साहित्यिक विधा-कथा, कविता, रूपक आदि के हावभाव, गति, यति लय आ शैली मिलाके वाचन करे में।

२. शिष्ट आ औपचारिक मौलिक भाषा के प्रयोग करे में।

३. देहल विषयका बारे में आपन मौलिक विचार देवे में।

४. भोजपुरी साहित्य के अध्ययन से साहित्य में अभिरुचि उत्पन्न करावे में।

५. विभिन्न साहित्यिक विधा सब के अध्ययन से भाषिक आ वैचारिक क्षमता प्राप्त करावे में।

भाषिक सीप

सुनाइ-बोलाइ

१. साहित्यिक विधा आ दोसर कवनो बात ध्यान से सुने के।

२. अनेकानेक ध्वनि के चिन्हे के।

३. शिक्षक के बात सुन के मूल बात बुझे के।

४. कवनो घटना वृतान्त सुन के हुबहु कहे के।

५. नेता, शिक्षक, विद्वान् आदि के बात सुन के व्याख्या विश्लेषण करे के।

६. कविता के लय, तान आ गति-यति मिला के पढ़े के।

७. वर्ण के वर्गीकरण करे के।

८. सुनल बात के घटनाक्रम मिलाके बोले के आ देखल-सुनल घटना चित्र, वस्तु के स्पष्ट वर्णन करे के।

९. शिष्ट भाषा आ व्याकरणिक नियमयुक्त औपचारिक भाषा बोले के।

१०. वादविवाद, संवाद, छलफल, प्रश्नोत्तर आदि कार्यक्रम में प्रभावकारी ढङ्ग से बोले के।

पढ़ाइ

१. लिखल चिज के हावभाव, गति, यति मिलाके सस्वर वाचन करे के।

२. लिखल सामग्री के मौन वाचन क के पढ़ाइ के गति में द्रुतता लेआवे के।

३. कवनो विद्वान् के लिखल किताब के समीक्षा करे के।

४. पाठमें व्यक्त कइल गइल विषयवस्तु सब के अर्थ लगावत पढ़े के।

५. मथेलाहीन निबन्ध, कथा भा अनुच्छेद के मथेला निकाले के।

६. पढ़ल पाठ के विशिष्ट पङ्क्ति के व्याख्या करे के।

७. साहित्यिक विधा के पाठ सब के आनन्द लेत पढ़े के।

८. प्रचलित मुहावरा आ लोकोक्ति पढ़े के आ प्रयोग करे के।

९. शब्दभण्डार बढ़ावे के।

१०. उद्देश्यअनुसार पठनकौशल सब के विकास करे के।

लिखाइ

१. वर्णविन्यास मिलाके उपयुक्त वाक्यगठन क के लिखे के।

Untitled-92.pdf

२. साफ, शुद्ध आ प्रस्ट लिखे के ।
३. देखल आ सुनल बात के घटनाक्रम मिला के वर्णन करे के ।
४. व्याकरणिक नियम के पालन करत निबन्ध, कहानी भा कवनो रचना करे के ।
५. लेख्य चिन्ह के सही जगह पर प्रयोग करे के ।
६. समाचार बटोरे के ।
७. बुंदा-टिपोट, व्याख्या, भावार्थ, प्रश्नोत्तर, वादविवाद, संवाद स्पष्टीकरण अनुच्छेद आ सारांश लिखे के ।
८. साहित्यिक विधा के रचना करे के ।
९. पाठ में प्रयुक्त मुहवरा, कहावत के अर्थ समझ के वाक्य में प्रयोग करे के ।
१०. चिठ्ठी, निवेदन आदि लिखे के ।

क्षेत्र र क्रम

पाठ्यभार — विषयवस्तु — पूर्णाङ्क : १००

क्र. सं.	विधा	क्षेत्र आ क्रम उपविधा	कक्षा ९ पाठ सङ्ख्या	कक्षा १० पाठ सङ्ख्या	सङ्ख्या	पूर्णाङ्क
१.	कथा	क. नैतिक कथा	१	१	२	१५
		ख. लोक कथा	१	१	२	
		ग. सांस्कृतिक कथा	१	१	२	
		घ. पौराणिक कथा	१	-	१	
		ङ. ऐतिहासिक कथा	१	-	१	
		जम्मा सङ्ख्या	५	३	८	
२.	जीवनी	क. राष्ट्रिय				१५
		अ. साहित्यिक/ राजनीतिक	१	-	१	
		आ. सांस्कृतिक	-	१	१	
		ख. अन्तर्राष्ट्रिय				
		अ. अन्वेषक भा आविष्कारक	१	-	१	
		आ. दार्शनिक	-	१	१	
		जम्मा सङ्ख्या	२	२	४	
३.	रूपक	क. एकाङ्की	१	-	१	१०
		ख. संवाद	-	१	१	
		ग. वादविवाद	१	-	१	
		घ. मनोवाद	१	-	१	
		ङ. वक्तृत्व	-	१	१	

Untitled-93.pdf

		जम्मा सङ्ख्या	३	२	५	
४.	निबन्ध	क. वस्तुप्रधान				१०
		अ. वर्णनात्मक	१	१	२	
		आ. विवरणात्मक	१	१	२	
		ख. भावप्रधान				
		अ. विचारात्मक	१	-	१	
		आ. आलोचनात्मक (व्यङ्ग्यात्मक)	-	१	१	
		जम्मा सङ्ख्या	३	३	६	
५.	चिठी लिखाइ	क. सामाजिक				५
		अ. घरायसी पत्र	१	-	१	
		आ. निमन्त्रणा पत्र		१	१	
		ख. व्यावसायिक				
		अ. व्यक्तिगत	-	१	१	
		ग. कार्यालयीय भा सरकारी	१	-	१	
		जम्मा सङ्ख्या	२	२	४	
६.	दैनिकी		१	-	१	५
		जम्मा सङ्ख्या	१	-	१	
७.	कविता	क. वार्णिक				२०
		अ. नैतिक	१	-	१	
		आ. पौराणिक/ ऐतिहासिक	१	-	१	
		इ. सांस्कृतिक	१	-	१	
		ई. प्राकृतिक	-	१	१	
		ख. मात्रिक				
		अ. नैतिक	-	१	१	
		आ. ऐतिहासिक	-	१	१	
		इ. सामाजिक/ पौराणिक	१	-	१	
		ई. प्राकृतिक	१	-	१	
		ग. गद्य कविता	१	-	१	
		जम्मा सङ्ख्या	६	३	९	

Untitled-94.pdf

७.	व्याकरण	क. वर्ण परिचय, संज्ञा, सर्वनाम, वचन, लिङ्ग, पुरुष, विशेषण, क्रिया, क्रिया-विशेषण, अव्यय, सन्धि, उपसर्ग, काल, वाच्य, कारक, समास, कृदन्त, वाक्य, चिन्ह, मुहावरा, लोकोक्ति, शुद्धाशुद्धि				२०
		ख. शब्दार्थ, भा शब्दभण्डार, पर्यायवाची, अनेकार्थ, विपरीतार्थक, समानार्थक, सहचर, अनेक शब्द खातिर एक शब्द, निपात, प्रत्यय				
		जम्मा सङ्ख्या	२२	१५	३७	१००

पत्र लेखन (चिठी)

पत्र लिखाइ के माध्यम से एक व्यक्ति दोसर परदेशी भा अपनासे दूर रहल व्यक्ति से आपन भाव भा विचार के आदान-प्रदान करेला । पत्र दू अलग व्यक्ति का बीच सम्पर्क स्थापित करेवाला माध्यम ह । माइ-बाप, भाइ-बहिन आदि का बारे में लिखल चिठी के घरायसी, कवनो व्यक्ति भा संस्थाका ओर से कवनो दोसर संस्था आ कम्पनी आदि के व्यापारिक उद्देश्य से लिखल गइल चिठी के व्यावसायिक आ सरकारी कामसम्बन्धी निवेदनपत्र के सरकारी भा कार्यालयीय चिठी कहल जाला । पाठ्यक्रम में तीनू प्रकार के चिठी के समावेश कइल गइल बा ।

दैनिकी

यदि कवनो व्यक्ति सबेरे उठला का बाद से रात में सूते से पहिले तक के आपन क्रियाकलाप, घर व्यवहार आ आउर घटल घटना सबका बारे में लिखेला त ओके दैनिकी कहल जाला । एह विधा से विद्यार्थी के स्मरण शक्ति, प्रतिभा आ लेखन कला में अभिवृद्धि होला ।

कविता

लयात्मक रूप में लिखल गइल काव्य के कविता कहल जाला । पद्यात्मक कविता दू किसिम के होला- मातृक आ वार्णिक । मात्रा के आधार पर लिखल गइल कविता मातृक आ वर्ण (अक्षर) गणना के आधार पर लिखल गइल कविता के वार्णिक कविता कहल जाला । वार्णिक का अन्तर्गत अनुष्टुप,

Untitled-95.pdf

तोटक, वसन्ततिलका, शिखरिणी आदि छन्द के कविता आवेला। पाठ्यक्रम में दुनू तरह के कविता के कवित्व शक्ति के विकास आ साहित्य में अभिरुचि उत्पन्न करावे के उद्देश्य से राखल गइल बा।

व्याकरण

जेकरा पढ़ला से कवनो भाषा ओकर मातृभाषी जइसन शुद्ध लिखे आ बोले आवेला ओके व्याकरण कहल जाला। पाठ्यपुस्तक का संगे भाषा के माध्यम से व्याकरण के ज्ञान देवे के उद्देश्य के अनुरूप पाठ्यपुस्तक के विधा शीर्षक सब के अन्त में देल जरुरी बा। बहीसुके व्याकरण के विषयवस्तु सब के विभिन्न शीर्षक के नाम से समाविष्ट कइल गइल बा। एह से विद्यार्थी सब के भाषा शुद्ध होई।

बोध

कवनो लिखित भा मौखिक अभिव्यक्ति पढ़ के भा सुन के ओकर अभिप्राय बुझे के नाम बोध कहाला। एह में पढ़े खातिर देहल गइल अनुच्छेद में पारिश्रमिक तथा प्राविधिक शब्द आ प्रयोजन पर ध्यान देवे के परेला, जेह से अन्त मे पूछल गइल सवाल सब के जवाब देहल जाला। एहसे विद्यार्थी के बौद्धिक प्रतिभा आ लेखनकला के विकास होला।

शिक्षण विधि (प्रक्रिया)

६.	पाणिनीय तथा शौनकी शिक्षाको पूर्वार्द्ध भाग	१. ऋग्वेदका वर्णहरूको सङ्ख्या २. सवनअनुसार छन्द र स्वरहरूको वर्णन ३. उदात्तादि स्वरहरूको परिचय ४. सन्ध्यक्षर र नासिक्य स्वरको पहिचान ५. मात्रापरिचय र यसका भेदहरू ६. ऋग्वेदाध्ययन र हस्तचालनविधि	(क) सस्वर वाचन (ख) व्याख्यान (ग) तालिकाद्वारा व्याख्यान (घ) हस्तचालन गर्नका लागि कक्षामा प्रयोगात्मक तरिका अपनाउने (ङ) अध्ययन सम्बद्ध प्रयोगात्मक क्रियाकलाप (च) अध्ययन विधिसम्बन्धी कक्षामा प्रयोगात्मक तरिका अपनाउने	४०	२५
			जम्मा-	१५०	१००

Untitled-122.pdf

कक्षा- १०

क.सं.	विषय	पाठ्यवस्तु	शिक्षण विधि	पाठ्यभार	पूर्णाङ्क
१.	गृत्समद ऋषिद्वारा दृष्ट अग्नि ब्रह्मणस्पति देवताहरू सम्बद्ध सूक्तगत ऋचाहरू	ऋग्वेद द्वितीय मण्डलान्तर्गतका १, ९, १२, २१, २३, २४, २५ सूक्तहरू	पद्मासन वा सुखासनमा बसेर गुरुको आज्ञानुसार वैदिक परम्पराबमोजिम सस्वर ऋचाहरू उच्चारण गर्ने	२२	१५
२.	गृत्समद ऋषिद्वारा दृष्ट ऋतु अश्विन, इन्द्र, वायु र सरस्वतीको स्तुति गरिएका ऋचाहरू	ऋग्वेद द्वितीय मण्डलान्तर्गतका ३७, ३९, ४०, ४१, ४२, र ४३ सूक्तहरू	पद्मासन वा सुखासनमा बसेर गुरुको आज्ञाबमोजिम सस्वर ऋचाहरूको उच्चारण गर्ने	२२	१५
३.	विश्वामित्र ऋषिद्वारा आत्मसात् गरिएको अग्निदेव	ऋग्वेद तृतीयमण्डल अन्तर्गतका १, २, ७, ८, १०, १२, १९, २४, २७, २८ सूक्तहरू	पद्मासन वा सुखासनमा बसेर गुरुको आज्ञानुसार सम्बद्ध ऋचाहरू सस्वर ऋचाहरू उच्चारण गर्ने	२२	१५
४.	विश्वामित्र ऋषिद्वारा आत्मसात् गरिएका इन्द्रदेव सम्बद्ध सूक्तगत ऋचाहरू	ऋग्वेद तृतीय मण्डलाअन्तर्गतका ३०, ३१, ३६, ३८, ४०-४२ सूक्तहरू	पद्मासन वा सुखासनमा बसेर गुरुको आज्ञाबमोजिम सस्वर ऋचाहरू उच्चारण गर्ने	२२	१५
५.	महाव्रतयागमा प्रयुक्त निष्केवल्य शस्त्र सम्बद्ध ऋचाहरू	ऋग्वेद तृतीय मण्डलान्तर्गतका ४३, ४४, ४५, ५१, ५५, ५९ र ६२ सूक्तहरू	पद्मासन वा सुखासनमा बसेर गुरुको आज्ञाबमोजिम सस्वर ऋचाहरू उच्चारण गर्ने	२२	१५
६.	पाणिनीय र शौनकी शिक्षा उत्तरार्द्ध	१. गुण र दोषयुक्त उच्चारण भेदको ज्ञान २. वैदाङ्गहरू वर्णहरूको प्रयत्न भेदको परिचय ३. उदात्तादि स्वरहरूको द्वित्व उच्चारण हुने नियमहरूको उल्लेख विविध संज्ञा ५. स्वर र ऋगर्थको वर्णन ६. स्वरहरूको उच्चारण स्थानको वर्णन ७. विद्या गुरुमहिमा सम्बन्धी ज्ञान	(क) सस्वरवाचन (ख) व्याख्यान (ग) तालिकाद्वारा व्याख्या (घ) पाठमा प्रयोग भएका विषयवस्तुको उच्चारण गर्ने, प्रयोग गर्ने ज्ञान" (ङ) पूर्वतयारी (च) हस्त सञ्चालन विधि कक्षामा प्रयोग गरेर देखाउने	४०	२५
			जम्मा	१५०	१००

Untitled-123.pdf

५. शिक्षण विधि

१. शिक्षकले वार्षिक शिक्षण योजना सूक्त, ऋचा योजना र दैनिक पाठयोजना बनाएर शिक्षणका लागि तयार हुनुपर्दछ ।

२. मौलिपल्ट पढाउने ऋक्समूह अघिल्लो दिन नै शिक्षकले गुरुमुख परम्पराअनुसार पढेको प्रमाणिक र वैद्धिक परम्पराअनुसार हुने गरी तयार गर्नुपर्दछ ।

३. विद्यार्थीको स्तर, उमेर, रुचि एवम् क्षमता बुझ्न र तद्नुरूप अध्यापन गर्नुपर्दछ ।

४. ऋग्वेद विषयमा विद्यार्थीलाई आकर्षण गर्न ऋग्वेदको महत्त्व सरल रूपमा बताई उत्प्रेरणा र कौतुहल जगाउनुपर्दछ ।

५. ऋग्वेद पढाउने शिक्षक तथा विद्यार्थीहरूको आचरण आहारविहार र पोसाक शास्त्र सम्मत र एकै किसिमको हुनुपर्दछ ।

६. ऋग्वेद विषय अध्यापन गर्दा बढीभन्दा बढी विद्यार्थीहरूलाई संलग्न गराई उच्चारणमा एकरूपता ल्याउनुपर्दछ ।

७. यो "श्रुति" सम्बद्ध विषय भएकाले गुरुको उच्चारणपछि मात्र छात्रले उच्चारण गर्ने गर्नु र गराउनुपर्दछ ।

८. यो विषय वैदिक परम्पराअनुसार निरन्तर चल्दै आएकाले यसको संरक्षण गर्न शिक्षक सर्वोपरि हुने र तदनुरूप विद्यार्थीले परम्परालाई कायम गर्ने हुँदा शिक्षक सचेत रहेको हुनुपर्दछ ।

९. शिक्षकले उदात्तादि स्वरहरूलाई महत्त्व दिएर ठीक तरिकाले शुद्ध उच्चारणका साथ हस्तसञ्चालन गर्नु र गराउनुपर्दछ ।

१०. शिक्षकले पाणिनीय शिक्षा र शौनकी शिक्षामा वर्णित उच्चारण विधिलाई अवलम्बन गर्नु र गराउनुपर्दछ ।

११. शिक्षकले हरेक घन्टीमा आफ्नो दैनिक पाठ्यवस्तुका अतिरिक्त बीचबीचमा पढेका ऋग्वेदका ऋचाहरू कहाँ प्रयोग हुन्छन् ? भन्ने ज्ञानसमेत दिँदा विद्यार्थीमा उत्सुकता जाग्ने हुन्छ । तसर्थ यस्तो तरिका अपनाउनु सफल शिक्षणको द्योतक हुन जान्छ । सकेसम्म छोटकरीमा ऋचाको आशय बताउन शिक्षक सजग रही तयार गरेको हुनुपर्दछ ।

१२. शिक्षकले वेदाध्ययन गराउँदा विद्यार्थीहरूले हस्त सञ्चालन गर्न नजानेमा आफैंले हात समाएर सञ्चालन गराई दिनुपर्दछ ।

१३. यो विषय अध्यापन गर्दा सर्वप्रथम शिक्षकले उच्चारण गर्ने र त्यसपछि विद्यार्थीलाई उच्चारण गर्न लगाउनुपर्दछ । विद्यार्थीको सङ्ख्या हेरी आधा सङ्ख्यालाई मन्त्रको अर्को आधा भाग उच्चारण गर्न लगाउनुपर्दछ ।

१४. शिक्षकले आफ्नै समक्ष सबै विद्यार्थीहरूलाई पुस्तक हेरेर आफ्नै अगाडि शुद्ध स्पष्ट उच्चारण गर्न सक्ने बनाउनुपर्दछ ।

१५. हरेक कक्षामा विद्यार्थीहरूको पाठ हस्त सञ्चालनपूर्वक कण्ठस्थ सुन्ने गर्नुपर्दछ ।

Untitled-124.pdf

१६. पाणिनीय शौनकी शिक्षा अध्यापन गराउँदा शिक्षकले हालसम्म अध्यापन गरेका ऋचाहरू ठीक उच्चारण भएको नभएको जाँच्नुपर्दछ। केही कमी भए त्यसलाई सच्याएर अध्यापन गर्नुपर्दछ।

६. मूल्याङ्कन

१. यस पाठ्यक्रमका आफ्नै किसिमका सामान्य र विशिष्ट उद्देश्यहरू छन्। ती उद्देश्यहरू विद्यार्थीले प्राप्त गर्न सके नसकेको लेखाजोखा गर्नु नै मूल्याङ्कन हो।

२. यसले ज्ञान, सीप र बौद्धिकताको मापन गर्नुपर्छ।

३. यसले वेदप्रतिपादित आचरणलाई विद्यार्थीले बुझे नबुझेको र सो अनुरूप आचरणलाई पालन गरे नगरेको मापन गर्नुपर्छ।

४. यसले गुरुको आज्ञालाई विद्यार्थीले बुझे नबुझेको सो उल्लेख गर्न सके नसकेको मापन गर्नुपर्छ।

५. यो वैदिक भाषा कठिन र जोडिएका शब्दहरूमा रहेकाले यसलाई सही ठम्याई उच्चारण गरे नगरेको मापन गर्नुपर्छ।

६. यसले वैदिक यज्ञमा ऋचाहरूको सही प्रयोग गर्न सक्ने वा नसक्ने कुराको मापन गर्नुपर्छ।

७. यसबाट विद्यार्थीले भविष्यमा ऋग्वेदको संरक्षण गर्ने वा नगर्ने कुराको मापन गर्नुपर्छ।

८. उद्देश्य, पाठ्यवस्तु र मूल्याङ्कनमा सामञ्जस्य भएको हुनुपर्छ।

९. हस्तसञ्चालन र उच्चारणको एकरूपता ठीक भए नभएको मापन हुनुपर्छ।

१०. प्रश्नले समग्र पाठ्यवस्तु समेटेर मापन गर्नुपर्छ।

११. यसबाट विद्यार्थी त्यस कक्षामा पढ्न आउँदाको स्तर थाहा पाउनुपर्छ।

१२. त्रैमासिक रूपमा मौखिक र लिखित परीक्षामा ठीक उच्चारण र शुद्ध लेख्न सक्ने हुनुपर्छ।

१३. कक्षाको अन्त्यमा उद्देश्य परिपूर्ति भए नभएको मापन गर्नुपर्छ।

१४. शिक्षक तथा विद्यालयले आयोजना गर्ने अवलोकन (यज्ञसम्बन्धी) भ्रमणपश्चात् प्रश्नोत्तरमा सही उत्तर दिने हुनुपर्छ।

१५. हस्तसञ्चालनका लागि अलग मापन हुनुपर्छ।

१६. ऋग्वेद विषयमा ऋचाहरू उच्चारण र हस्तसञ्चालन पक्षलाई जाँच्न यी तरिका अपनाउनुपर्छ।

(क) बहुवैकल्पिक प्रश्नबाट

(ख) ऋचाहरूको ह्रस्व, दीर्घ र प्लुतलगायत द्वित्व प्रतीक ऋचा ठीक छन् छैनन् भन्ने प्रश्न गरेर

(ग) लामा र छोटा ऋचाहरू सोधेर

(घ) सस्वर वाचन गराएर

(ङ) उदात्त, अनुदात्त र स्वरित ठीक भए नभएको मापन गरेर

(च) कक्षागत परीक्षाको आयोजना गरेर

(छ) ऋग्वेदको महत्त्व, आवश्यकता, अध्ययन विधिसम्बन्धी प्रश्न सोधेर।

Untitled-125.pdf

१७. यसरी मूल्याङ्कन गर्दा प्रचलित सैद्धान्तिक परीक्षाका साथै प्रयोगात्मक परीक्षाअन्तर्गत अङ्गसन्निवेश, मुखस्वर र हस्तस्वरहरूलाई समाहित गर्ने र सोको निम्ति २०% अङ्क कायम गरेर सम्बद्ध विद्यालयमार्फत सत्रान्तमा परीक्षा नियन्त्रण कार्यालयमा उपलब्ध गराउने व्यवस्था हुनुपर्छ ।

७. नमुना प्रश्नहरू

बाह्य परीक्षाका लागि सैद्धान्तिक प्रश्न योजना

क्र. सं.	बहुवैकल्पिक प्रश्नहरू	प्रश्न सङ्ख्या	ऋक्सङ्ख्या	प्रतिप्रश्न अङ्क	कुल अङ्क
१.	लामा ऋचाहरूको प्रश्न	३	सोधिएका चारमध्ये तीनको उत्तर दिने	७	३×७=२१
२.	छोटा ऋचाहरूको प्रश्न	३	सोधिएका चारमध्ये तीनको उत्तर दिने	१०	३×१०=३०
३.	खाली ठाउँ भर्ने र जोडा मिलाउने	१		४	१×४=४
४.	पाणिनीय शिक्षाका लामा विवरणात्मक प्रश्न	३		५	३×५=१५
५.	पाणिनीय शिक्षाका छोटा प्रश्न	३		२	३×२=६
६.	पारिभाषिक शब्दार्थ	२		२	२×२=४
	कुल	१५	पूर्णाङ्क		८०

प्रयोगात्मक प्रश्न योजना

पूर्णाङ्क

क्र. सं.	बहुवैकल्पिक प्रश्नका किसिम	प्रश्न सङ्ख्या	प्रतिप्रश्न अङ्क	कुल अङ्क
१.	उच्चारणात्मक (स्वरमात्रादि)	२	४	२×४=८
२.	श्रद्धा आचार विचार	२	२	२×२=४
३.	मुखस्वर र हस्तसञ्चालन	२	२	२×२=४
४.	सामान्य ऋक्कण्ठस्थ	२	२	२×२=४
	कुल		पूर्णाङ्क	२०

Untitled-126.pdf

८. प्रवेशिका (एसएलसी) परीक्षामा निम्नानुसार अङ्क र पाठ्यवस्तु मिलेको प्रश्न हुनुपर्छ ।

क्र.सं.	मण्डल र सूक्तहरू	अङ्क
१.	प्रथम मण्डालान्तर्गतका १ देखि ११ सम्मका सूक्तहरू	८
२.	प्रथम मण्डलान्तर्गतका १८, १९, २०, २२, ४०, ४१, ४२, ४३, ५०, ७४ र ८० सूक्तहरू	६
३.	शान्ति पाठ सम्बद्ध प्रथम मण्डलका ८९, ९०, ९१, ९६, ९७, ९८, ९९, ११३ र ११४ सूक्तहरू	६
४.	प्रथम मण्डलान्तर्गतका ११५, १२२, १२४, १२५, १४२, १४६, १५४, १५६, १५८ सूक्तहरू	६
५.	ऋग्वेद प्रथम मण्डलान्तर्गतका १६४, १६६, १८७, १८८, १९१ सूक्तहरू	५
६.	द्वितीय मण्डलान्तर्गतका १, ९, १२, २१, २३, २४, २५, ३३ सूक्तहरू	५
७.	द्वितीय मण्डलान्तर्गतका ३७, ३९, ४०, ४१, ४२, ४३ सूक्तहरू	५
८.	तृतीय मण्डलान्तर्गतका १, २, ७, ८, १०, १३, १९, २४, २७, २८ सूक्तहरू	५
९.	तृतीय मण्डलान्तर्गतका ३०, ३१, ३६, ३७, ३८, ४०, ४१, ४२ सूक्तहरू	५
१०.	तृतीय मण्डलान्तर्गतका ४३, ४४, ४५, ५१, ५५, ५८, ५९, ६२ सूक्तहरू	५
११.	पाणिनीय शिक्षा र शौनकी शिक्षा पूर्वार्द्ध	१४
१२.	पाणिनीय शिक्षा शौनकी शिक्षा उत्तरार्द्ध	१०
१३.	समस्त पाठ्यक्रमबाट उच्चारणात्मक, श्रद्धा आचारविचार (प्रयोगात्मक) मुखस्वर, हस्तसञ्चालन र सामान्य श्रुक्कण्ठक	२०
	जम्मा	१००

नोटः मौखिक परीक्षा सम्बन्धित विद्यालयमा शिक्षकले परीक्षा लिई परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ ।

Untitled-127.pdf

फोटोग्राफी (छविकला)

परिचय

फोटोग्राफी विषयलाई माध्यमिक तहको कक्षा ९ र १० मा ऐच्छिक विषयका रूपमा समावेश गरिएको छ। यस विषयको पूर्णाङ्क १०० रहने व्यवस्था छ। यस विषयको अध्ययन गरेका विद्यार्थीहरूले फोटोग्राफी तथा यस व्यवसायसँग सामान्य रूपमा परिचित हुनु, यस विषयमा प्रयोग हुने प्रविधिको पहिचान गर्न, प्रयोग गर्न सकून्, उनीहरूमा यो विषयप्रति आस्था हुनका साथै अभिवृद्धि होस्, यिनीहरूमा आत्मनिर्भरता विकास हुन सकोस् तथा यस विषयमा उच्च शिक्षा हासिल गर्नका लागि फोटोग्राफी विषयमा सामान्य प्राज्ञिक पूर्वाधार तयार होस् भन्ने उद्देश्य राखिएको छ। राष्ट्रिय शिक्षा आयोग २०४९ सालको सिफारिसअनुसार विभिन्न ऐच्छिक विषयहरूको अध्ययन गराउने व्यवस्था भएअनुसार यस विषयलाई पनि ऐच्छिक विषयको रूपमा राखी पाठ्यक्रम निर्माण गरिएको हो। यस पाठ्यक्रममा माध्यमिक तहको फोटोग्राफी विषयका साधारण उद्देश्य, विशिष्ट उद्देश्यहरू, विषयवस्तु र यसको क्षेत्र क्रम तालिका, एकाइअनुसार शिक्षण घन्टी, शैक्षिक सामग्रीको सूची, शिक्षण विधिको सङ्केत, मूल्याङ्कन योजनालगायत परिचय, तहगत उद्देश्य समावेश गरिएको छ।

पाठ्यक्रममा समावेश गरिएका सबै विषयवस्तुहरू अनिवार्य हुन्। माध्यमिक तहको फोटोग्राफी विषयलाई ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक अङ्क छुट्याएको हुँदा सोहीबमोजिम शिक्षण कार्यलाई व्यवस्थित गरिनु आवश्यक छ।

साधारण उद्देश्य

माध्यमिक तहको फोटोग्राफी विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

१. फोटोग्राफी विषयको ऐतिहासिक विकासक्रमबारे परिचित हुन।

२. फोटोग्राफी विषयमा प्रयोग हुने सामग्रीहरू चिन्न, छान्न तथा प्रयोग गर्न।

३. फोटोग्राफी कार्यसम्बन्धी सामान्य सीप प्राप्त गर्न।

४. फोटोग्राफी कार्यमा उन्नत प्रविधि तथा वैज्ञानिक पद्धतिको आवश्यकता पहिचान गरी विभिन्न क्षेत्रमा यसको प्रयोगबारे थाहा पाउन।

५. फोटोग्राफी पेसाप्रतिको आस्थामा अभिवृद्धि गरी तथा स्वावलम्बी हुन।

६. फोटोग्राफी विषयमा उच्च शिक्षा अध्ययन गर्नका लागि यस विषयको सामान्य ज्ञान हासिल गर्न।

Untitled-128.pdf

विशिष्ट उद्देश्यहरू

कक्षा- ९

कक्षा ९ को फोटोग्राफी विषयको अध्ययनपश्चात् विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

१. फोटोग्राफीका (छविकलाकारिता) सङ्क्षिप्त परिचय तथा इतिहासबारे ज्ञान हासिल गर्न ।

२. नेपाली फोटोग्राफी (छाया चित्रकारिता) का सङ्क्षिप्त इतिहासबारे ज्ञान हासिल गर्न ।

३. क्यामेराबारे ज्ञान पाउनका साथै यसको सामान्य प्रयोग गर्न ।

४. लेन्सका किसिम जस्तै : नर्मल (Normal), वाइड लेन्स (Wide angle) र टेली लेन्स (Telephoto), बारे ज्ञान पाउनुका साथै सामान्य प्रयोग गर्न ।

५. फोटोग्राफीका सामान्य सिद्धान्तबारे ज्ञान हासिल गर्न ।

६. क्यामेरामा प्रयोग हुने फिल्मबारे ज्ञान पाउन तथा सामान्य प्रयोग गर्न ।

७. फोटोग्राफीमा प्रयोग हुने सहायक सामग्रीहरूबारे ज्ञान पाउनुका साथै प्रयोग गर्न ।

८. फोटोग्राफी (छविकला) लिने सिद्धान्त तथा प्रयोगबारे ज्ञान हासिल गर्न ।

९. फोटोग्राफी (छविकला) मा प्रयोग हुने विभिन्न किसिमका मसलाहरू(Chemicals) बारे ज्ञान पाउनका साथै सामान्य प्रयोग गर्न ।

१०. डार्करूमबारे ज्ञान पाउनुका साथै सादा फोटो (Black & White) छाप्न ।

११. छविकला (Photography) मा प्रकाशको महत्त्वबारे ज्ञान पाउनका साथै प्रयोग गर्न ।

कक्षा- १०

कक्षा १० को फोटोग्राफी विषयको अध्ययनपश्चात् विद्यार्थीहरू निम्न लिखित कुरामा सक्षम हुनेछन् :

१. फोटोग्राफीको परिचय पाउनुका साथै यसका विभिन्न क्षेत्र जस्तै- प्रविधि, अनुसन्धान, विज्ञान, व्यापार तथा सञ्चार (Mass media) मा यसको महत्त्वबारे ज्ञान हासिल गर्न ।

२. क्यामेराबारे ज्ञान पाउनका साथै यसमा प्रयोग हुने लेन्सका किसिम जानी सामान्य प्रयोग गर्न ।

३. लेन्सका किसिमबारे ज्ञान पाउनुका साथै विभिन्न किसिम जस्तै-कोलोज्प लेन्स (Close up), फिस आई (Fish eye –Lense), मिरर लेन्स (Mirror Lense) र जुम लेन्स (Zoom lense) बारे ज्ञान हासिल गरी सामान्य प्रयोग गर्न ।

४. क्यामेराको लेन्समा प्रयोग हुने फिल्टरहरूबारे ज्ञान पाउनका साथै यसका इफेक्टबारे ज्ञान पाइन प्रयोग गर्न ।

५. फिल्मका किसिमबारे ज्ञान हासिल गरी पाउनका यसको सामान्य प्रयोग गर्न ।

६. क्यामेरामा प्रयोग हुने सहायक सामग्री जस्तै- फ्लासका किसिमबारे सामान्य ज्ञान पाउनका साथै प्रयोग गर्न ।

Untitled-129.pdf

७. कम्पोजिसन (Composition) र फ्रेमिङ (Fame) आदिको प्रयोग गर्न ।

९. फोटो छाप्नमा प्रयोग हुने विभिन्न किसिमका कागजहरूबारे ज्ञान पाउनका साथै प्रयोग गर्न ।

१०. डार्करुममा फिल्म विकास (Develop) गर्न, प्रिन्ट (Print) गर्न, कन्ट्याक प्रिन्ट (Contact Print) गर्न तथा फोटो इनलार्ज गर्ने विधिको ज्ञान पाउनका साथै प्रयोग गर्न ।

कक्षा- ९

विषयवस्तु (Content)

१. परिचय

(क) फोटोग्राफी (छविकला) को परिचय तथा विकासक्रम

(ख) नेपाली फोटोग्राफीको इतिहास

(ग) यसको क्षेत्र र महत्त्व

२. फोटोग्राफीको सिद्धान्त

(क) प्रकाशको सिद्धान्त

(ख) प्रकाशका स्रोत

(ग) प्रकाशप्रति संवेदनशील पदार्थ

(घ) सिल्भर साल्ट

३. क्यामेरा

(क) क्यामेराको परिचय, किसिम तथा विकासक्रम

(ख) क्यामेराका अङ्गहरूको परिचय तथा महत्त्व

४. लेन्स

(क) लेन्सको परिचय, किसिम, महत्त्व तथा सामान्य प्रयोग

(ख) नर्मल, वाइड तथा टेली लेन्सको परिचय तथा सामान्य प्रयोग

(ग) फोकसको परिचय, प्रणाली र महत्त्व

(ग) एपरेचरको परिचय तथा महत्त्व

(घ) डेप्थ अफ फिल्डको परिचय र महत्त्व

५. फिल्टर

(क) फिल्टरको परिचय, किसिम र महत्त्व

६. फिल्म

(क) फिल्मको परिचय किसिम तथा महत्त्व

(क) सादा फिल्म (Black & White)

७. फोटोग्राफीमा (छविकला) आवश्यक पर्ने सहायक सामग्रीको परिचय

(क) फ्लास लाइट (ख) स्टान्ड

(ग) क्याबल रिलिज (घ) एक्सपोजर मिटर

Untitled-130.pdf

८. छायाचित्र लिने (छबिकला) तरिका

(क) उचित किसिमबाट क्यामेरा समाउने तरिका (ख) विषयवस्तुको छनोट

(ग) भ्यु पोइन्ट (view point) (घ) कम्पोजिसन

९. फोटोग्राफी सामग्रीहरूको स्याहार तथा सम्भार

(क) क्यामेरा, लेन्स तथा अन्य सहायक सामाग्रीहरू

(ख) फिल्म

१०. डार्करुमको परिचय, किसिम तथा महत्त्व

(क) डार्करुममा आवश्यक पर्ने सामग्रीहरूको परिचय र महत्त्व

(ख) फोटो धुने मसला (Chemicals) को परिचय, किसिम तथा महत्त्व

(ग) फिल्म धुने साधारण सिद्धान्तको परिचय तथा महत्त्व

i. मसलाको तयारी विधि ii. ट्याङ्कमा फिल्म लोड विधि

iii. फिल्म धुलाइ र सुकाउने विधि

(घ) फोटो छाप्ने कागज (Printing Paper) को परिचय, किसिम महत्त्व

(ङ) नेगेटिभबाट कन्ट्याक फोटो छाप्ने विधि र महत्त्व

कक्षा– १०

विषयवस्तु (Content)

१. फोटोग्राफीका विविध क्षेत्रहरूको परिचय तथा महत्त्व

(क) फोटोग्राफी तथा प्रविधि

(ख) फोटोग्राफी तथा अनुसन्धान

(ग) फोटोग्राफी तथा विज्ञान

(घ) फोटोग्राफी तथा व्यापार

(ङ) फोटोग्राफी तथा सञ्चार

२. इन्टरचेन्जेबल लेन्स

(क) इन्टरचेन्जेबल लेन्सको परिचय, किसिम, सामान्य प्रयोग तथा महत्त्व

(ख) क्लोज्प लेन्स, फिस आई लेन्स तथा जुम लेन्स आदिहरूको परिचय महत्त्व तथा प्रयोग विधि

३. फिल्टर

(क फिल्टरको परिचय, किसिम तथा महत्त्व

(ख) सादा फिल्ममा प्रयोग हुने फिल्टर

(ग) रङ्गीन फिल्ममा प्रयोग हुने फिल्टर

Untitled-131.pdf

४. फिल्म

(क) रङ्गीन फिल्म र स्लाइड फिल्मको परिचय, महत्त्व तथा सामान्य प्रयोग विधि

५. सहायक सामाग्री

(क) फ्लास लाइटको परिचय, किसिम, महत्त्व तथा प्रयोग

६. फोटोग्राफी

(क) फोटोग्राफीका प्रकारको परिचय,महत्त्व तथा सामान्य प्रगोग

(अ) भित्री (Indoor Studio Photography)

(१) मुहार फोटो (Portrait) (२) स्थिर चित्र (Still Life)

(ख) बाह्य (Out door)

(अ) दृश्य चित्र (Landscape)

(ग) छायाचित्र पत्राकारिता (Photo Journalism)

७. फोटोग्राफीमा फेमिङ

(क) फेमिङको परिचय, महत्त्व तथा सामान्य प्रगोग

८. फोटो (Picture) निर्माण

(क) फोटो (Picture) निर्माण प्रक्रियाबारे ज्ञान तथा प्रगोग विधि

(ख) नेगेटिभबाट कन्ट्याक प्रिन्ट बनाउने ज्ञान तथा प्रयोग

(ग) फोटो इन्लार्ज गर्ने विधिबारे ज्ञान तथा प्रयोग

(घ) विभिन्न किसिमका कागजहरूको परिचय, महत्त्व तथा प्रयोग

कक्षा ९ र १० का निमित्त
फोटोग्राफी पाठ्यक्रम

क्षेत्र र क्रम (Scope & Sequence)

क्र. सं.	अवधारणा	कक्षा ९ क्षेत्र	शिक्षण घन्टी	कक्षा १० क्षेत्र	शिक्षण घन्टी	मूल्याङ्कन
१.	परिचय फोटोग्राफीको सङ्क्षिप्त परिचय तथा इतिहास	(क) फोटोग्राफीको सङ्क्षिप्त परिचय तथा इतिहास (ख) नेपाली फोटोग्राफीको सङ्क्षिप्त इतिहास (ग) फोटोग्राफीको क्षेत्र तथा महत्त्व	५	क) फोटोग्राफीका विभिन्न क्षेत्रहरू : - फोटोग्राफी तथा प्रविधि - फोटोग्राफी तथा अनुसन्धान - फोटोग्राफी तथा विज्ञान - फोटोग्राफी तथा व्यापार - फोटोग्राफी सञ्चार तथा समाचार	५	(क) मौखिक तथा लिखित प्रश्न

Untitled-132.pdf

२.	फोटोग्राफीको सिद्धान्त ज्ञान	(क) फोटोग्राफीको सामान्य सिद्धान्त - प्रकाशका स्रोतहरू - प्रकाश सरलरेखामा हिंड्छ । - रेफ्लेक्सन, रेफ्राक्सन, बेन्डिङ अफ लाइट प्रकाशमा विद्यमान रङहरू । - लेन्सले कसरी काम गर्छ । (ख) प्रकाशप्रति संवेदनशील पदार्थ - सिल्भर साल्ट	६			(क) मौखिक तथा लिखित प्रश्न (ख) प्रयोगात्मक प्रश्न
३.	क्यामेरा क्यामेराबारे ज्ञान तथा प्रयोग	(क) क्यामेराको परिचय तथा महत्त्व - क्यामेराको विकास - क्यामेराका किसिम - क्यामेराको भागको परिचय तथा प्रयोग (ख) सटर स्पिड - सटर स्पिड र विषयवस्तुको गति /क्यामेराको गति	१७			(क) मौखिक तथा लिखित प्रश्न (ख) प्रयोगात्मक प्रश्न
४.	लेन्स	(क) लेन्सका परिचय, किसिम, महत्त्व तथा सामान्य प्रयोग विधि - नर्मल लेन्स, वाइड, टेली र जुम लेन्सहरूको सामान्य प्रयोग विधि - लेन्सको कार्य (ख) फोकसका परिचय, महत्त्व तथा सामान्य प्रयोग विधि - फोकस कन्ट्रोलको प्रयोग - विषय तथा फोकस दूरी		(क) इन्टरचेन्जेबल लेन्सको परिचय, किसिम, महत्त्व तथा प्रयोग विधि - क्लोज लेन्स, फिस आई तथा जुम लेन्सको सामान्य प्रयोग विधि	१०	(क) मौखिक तथा लिखित प्रश्न (ख) प्रयोगात्मक प्रश्न

Untitled-133.pdf

७.	सहायक सामग्री	सहायक सामग्रीको परिचय तथा प्रयोग (क) फ्लास लाइट (ख) स्टान्ड (ग) क्याबल रिलिज (घ) एक्सपोजर मिटर	२	(क) साधारण तथा विशेष प्रकाशको नाप (wave leangth) को सामान्य परिचय तथा महत्व - फिल इन् प्रकाशको रूपमा प्रयोग विधि - बाउन्स-फ्लास, कम्प्युटर फ्लास स्टुडियो फ्लासको परिचय र महत्व	५	(क) मौखिक तथा लिखित प्रश्न (ख) प्रयोगात्मक प्रश्न
	फोटोग्राफी (छायाचित्र) लिने सिद्धान्त	छायाचित्र लिने सिद्धान्तबारे परिचय तथा प्रयोग विधि (क) कम्पोजिसन (रचना), फ्रेमिङ	४५	फोटोग्राफीका प्रकारका परिचय, महत्त्व तथा सामान्य प्रयोग (क) विषयवस्तुको छनोट (ख) भित्री (Indoor-Studio) - मुहार चित्र (Portrait) - स्थिर चित्र (Still Life) (ग) बाहिरी (Outdoor) - दृश्य छायाचित्र (Landscape) (घ) फोटो पत्रकारिताको परिचय (PhotoJournalism)	४७	(क) मौखिक तथा लिखित प्रश्न (ख) प्रयोगात्मक प्रश्न
९.	साधा फोटोको तयारी विधि	(क) डार्करुमको बनोटको (विषयगत) परिचय, विनिस तथा महत्त्व (ख) डार्करुममा आवश्यक पर्न सामानहरू: - इन्लार्जर, डेभलपिङ ट्याङ्क, - फोटो धुने ट्रे, ड्रायर - कन्ट्याक्ट सिट प्रिन्टर - कटर (ग) फोटो धुने मसला (chemicals) (अ) फिल्म धुने मसला: - डेभलपर - स्पट बाथ - फिक्चर	४८	(क) पाँच ग्रेडका कागजको परिचय, महत्त्व तथा प्रयोग विधि (अ) ग्रेड : स्पेसल, सफ्ट, हार्ड, नर्मल तथा मल्टिग्रेड (ख) नेगेटिभबाट कन्ट्याक्ट फोटा छाप्ने (ग) फोटो इनलार्ज गर्ने विधिको परिचय तथा प्रयोग विधि	३५	(क) मौखिक तथा लिखित प्रश्न (ख) प्रयोगात्मक प्रश्न

Untitled-134.pdf

		(आ) फोटो धुने मसला: - डेभलपर - स्पट बाथ - फिक्चर (घ) फोटो छाप्ने कागजहरूको परिचय तथा महत्त्व - प्रकार : सादा, रङ्गीन - सतह : ग्लसी, म्याट, सेमिम्याट - तौल : सिङ्गल, डबल (ङ) फिल्म धुलाइ - मसलाको तयारी - टयाङ्कमा फिल्म लोड - धुलाइ र सुकाउने (च) नेगेटिभबाट कन्ट्याक्ट फोटो छाप्ने (छ) फोटो इन्लार्ज गर्ने विधि ।				
			१३०		११०	

शैक्षिक सामग्री (Educational Materials)

(क) क्यामेरा (ख) फ्लास लाइट (ग) बेट्री

(घ) लेन्सहरू (Normal, Wide angle, Telephoto, Zoom & Close up lens)

(ङ) Stand / support (च) एक्सपोजर मिटर (Exposure meter)

(छ) फिल्टरहरू (ज) फिल्महरू: Black & White , Colour

(झ) Dark room equipments & other materials

i) Enlarger mechine
ii) Developing chemicals developer, fixer
iii) Developing papers
iv) Paper cutter
v) Tray
vi) Developing tank
vii) Contact sheet printer
viii) Dryer
ix) Tables or Desk, chairs
x) Thermometer
xii) Timer
xiii) Safe light
xiv) चिम्टा र Clips
xv) रबरको पन्जा (Glove)
xvi) Measuring Glass

शिक्षण विधि (Teaching Method)

फोटोग्राफी विषय शिक्षकले फोटोग्राफी विषय शिक्षण गर्दा विभिन्न कुराहरूमा ध्यान दिनुपर्दछ । पाठ प्रस्तुतीकरणको प्रारम्भ सामान्यतया छलफलबाट गराउनुपर्दछ । शिक्षणसिकाइ क्रियाकलापमा अवलोकन, प्रदर्शन, अभ्यास तथा प्रयोगलाई प्राथमिकता दिनुपर्दछ । विषयवस्तु प्रस्तुतिपछि विद्यार्थीलाई नै उदाहरण खोज्न लगाउनुपर्छ । विद्यार्थीहरूको रुचि र क्षमतालाई विचार गरी कक्षा

Untitled-135.pdf

वातावरणअनुसार सिर्जनात्मक रूपमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ। विद्यार्थीहरूले सिकेका कुराहरू/ज्ञानहरू आफ्नो कक्षामा, स्कुलमा आफ्नो घरमा वा अन्य ठाउँमा प्रयोग गर्ने कार्यमा जोड दिनुपर्दछ।

शिक्षणसिकाइको सिलसिलामा विद्यालयमा उपलब्ध हुन नसक्ने सामग्री तथा स्रोत विभिन्न स्थानहरू जस्तै सूचना विभाग, गोरखापत्र संस्थान, पुरातत्त्व जस्ता संस्थानहरूको फोटोग्राफी शाखा तथा स्थानीय फोटो सेन्टरहरू (Studio) मा लगी त्यहाँ प्रयोग भएका सामग्री, सञ्चालित अन्य क्रियाकलाप तथा विभिन्न फोटोग्राफीसम्बन्धी वस्तुहरूको आवश्यकतानुसार प्रदर्शन गर्न तथा अवलोकन गराउनुपर्दछ।

उपर्युक्तअनुसार शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा कक्षा वातावरणअनुकूल विभिन्न शिक्षण विधिहरू प्रयोग गर्नुपर्दछ। प्रयोगात्मक कक्षामा विद्यार्थीहरूले प्रश्न गर्दा कारण बताई प्रयोगात्मक कक्षालाई बढी समय दिई समस्या समाधान गर्नुपर्छ। कक्षामा प्रयोग गराउँदा सकेसम्म एकजनालाई एउटा फोटोग्राफीका साधन क्यामेरा उपलब्ध गराई प्रयोग गर्नुपर्दछ। फोटोग्राफी विषय पढाउँदा कक्षामा शिक्षण विधि निम्नअनुसार गर्नुपर्दछ :

(क) प्रदर्शन विधि (ख) प्रयोगात्मक विधि (घ) प्रश्नोत्तर - छलफल विधि
(ङ) समस्या - समाधान विधि (च) खोज गर्ने विधि इत्यादि।

मूल्याङ्कन विधि (Evaluation Scheme)

प्रत्येक पाठ पढाइसकेपछि निर्धारित शैक्षिक उद्देश्यहरू हासिल भए भएनन् भनी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ। दैनिक शिक्षणसिकाइ क्रियाकलापपश्चात् मूल्याङ्कन गर्दा शिक्षणसिकाइ क्रियाकलापका आधारमा कक्षा वातावरणअनुरूपका प्रश्नहरू सोधिनुपर्दछ। यस कार्यका निर्माणात्मक (Formative) मूल्याङ्कनको लागि उल्लिखित कार्यका अतिरिक्त कक्षा ९ मा दुईओटा त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्दछ। कक्षा १० मा एक त्रैमासिक परीक्षा सञ्चालन गर्नुपर्दछ। एस्.एल्.सी. परीक्षाको सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षाको मूल्याङ्कन निम्नानुसार गर्नुपर्नेछ। परीक्षामा उत्तीर्ण हुनका लागि विद्यार्थीहरूले सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षामा अलग अलग उत्तीर्णाङ्क प्राप्त गर्नुपर्नेछ।

कक्षा ९

सैद्धान्तिक परीक्षा

परीक्षा किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क ४/२०	समय	कैफियत
पहिलो त्रैमासिक	१ देखि ३	छोटो उत्तर- ४ वस्तुगत - ८	४ × ४ = १६ ८ × ½ = ४ २०	१ घण्टा	प्रत्येक एकाइबाट १/१ छोटो उत्तर र २/२ वस्तुगत प्रश्न

Untitled-136.pdf

दोस्रो चैमासिक	४ देखि ८	छोटो उत्तर - ४ वस्तुगत - ८	४ × ४ = १६ ८ × ५ = $\frac{४}{२०}$	१ घण्टा	प्रत्येक एकाइबाट १/१ छोटो उत्तर र २/२ वस्तुगत प्रश्न
अन्तिम परीक्षा	१ देखि १०	छोटो प्रश्न - ८ लामो प्रश्न -२	८ × ४ = ३२ २ × ९= १८	२.१५ मि.	प्रत्येकबाट कम्तीमा १/१ प्रश्न

प्रयोगात्मक परीक्षा - ५० अङ्क

(क) प्रयोगात्मक (कार्य वर्षभरिको) - १० अङ्क

(ख) प्रयोगात्मक कार्यपुस्तिका - ५ अङ्क

(ग) प्रयोगात्मक परीक्षा - ३५ अङ्क

- प्रयोगात्मक कार्यसूचीमध्येबाट कुनै कार्य गराई ती कार्यको अवलोकनको आधारमा - २५ अङ्क
- प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा - १० अङ्क

कक्षा १०

सैद्धान्तिक परीक्षा

परीक्षा किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क ४/२०	समय	कैफियत
पहिलो चैमासिक	१ देखि ४	छोटो उत्तर- ४ वस्तुगत - ८	४ × ४ = १६ ८ × ५ = $\frac{४}{२०}$	१ घण्टा	प्रत्येक एकाइबाट १/१ छोटो उत्तर र २/२ वस्तुगत प्रश्न
अन्तिम परीक्षा	१ देखि ९	छोटो प्रश्न - ८ लामो प्रश्न -२	८ × ४ = ३२ २ × ९= १८	२.१५ मि.	प्रत्येक एकाइबाट १/१ प्रश्न

प्रयोगात्मक परीक्षा - ५० अङ्क

(क) प्रयोगात्मक (कार्य वर्षभरिको) - १० अङ्क

(ख) प्रयोगात्मक कार्यपुस्तिका - ५ अङ्क

(ग) प्रयोगात्मक परीक्षा - ३५ अङ्क

- प्रयोगात्मक कार्यसूचीमध्येबाट कुनै कार्य गराई ती कार्यको अवलोकनको आधारमा - २५ अङ्क
- प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा - १० अङ्क

Untitled-137.pdf

सङ्गीत

परिचय

विद्यालय तहको माध्यमिक शिक्षा पाठ्यक्रमअनुसार ऐच्छिक द्वितीयपत्रमा सङ्गीत विषयलाई समावेस गरिएको छ। यसै तथ्यअनुरूप यो पाठ्यक्रम निर्माण गरिएको हो। सङ्गीतसम्बन्धी पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भसामग्री निर्माणमा समेत यस पाठ्यक्रमलाई मूल आधारका रूपमा लिइने छ।

गायन, वाद्य तथा नृत्यको सम्मिश्रणलाई सङ्गीत भनिन्छ। सङ्गीत एक महत्त्वपूर्ण विधा हो। नेपाली सङ्गीत विषयमा धेरै थरीका बाजाहरू बज्दै आएका छन्। तीमध्ये प्राचीनकालदेखि बज्दै आएका लोकबाजा, परम्परागतबाजा, शास्त्रीय सङ्गीतमा प्रचलित बाजा र आधुनिक सङ्गीतमा प्रचलित बाजाहरूसमेत पर्दछन्। नेपाली बाजा भन्नाले एक वा बढी बाजालाई लिइन्छ। कुनै पनि उपयुक्त बाजाका ध्वनिहरूबाटै सङ्गीतको जन्म भएको हो। यहाँ सङ्गीतका सबै विधा उल्लेख गरिएको छ।

यस पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, माध्यमिक तहको उद्देश्य, कक्षा ९ र १० का विशिष्ट उद्देश्य तथा विषयवस्तुहरू, क्षेत्र र क्रम, शिक्षण प्रक्रिया, पढाइ समयको व्यवस्था एकाइगत पाठ्यघन्टी र पाठ्यभार, मूल्याङ्कन योजनासमेत उल्लेख गरिएको छ।

सङ्गीत विषयमा ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक गरी पाठ्यभार छुट्याइएको छ। प्रत्येक त्रैमासिक परीक्षा र टेस्ट परीक्षाका लागि पनि आधार छुट्याइएको छ। एस.एल.सी. परीक्षामा प्रयोगात्मक मूल्याङ्कनका लागि विद्यालयको आन्तरिक र बाह्य परीक्षालाई २५/२५ पूर्णाङ्क छुट्याइएको छ।

साधारण उद्देश्य

माध्यमिक शिक्षा तहको अध्ययन पूरा गरेपछि सङ्गीत विषयमा विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

१. नेपाली सङ्गीतको सामान्य परिचय र परिभाषा दिई जानकारी हासिल गर्न।
२. नाद, सप्तक, थाट, अलङ्कार, राग, ताल र लयको परिचय दिन।
३ नेपाली सङ्गीतको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउन।
४. वादी, संवादी, विवादी, अनुवादी, स्थायी, अन्तरा, पकड र सप्तकको परिभाषा दिन।
५. मङ्गलधुन, झ्याउरे, ख्याली र मालश्रीको परिचय दिन।
६. गायन र वाद्यशैलीको परिचय दिन।
७. ब्याचुली झ्याउरे, ख्याली र मैथिली धुनको परिचय दिन।
८. लोक र शास्त्रीय सङ्गीतको परिचय दिन।
९. भविष्यमा सङ्गीतसम्बन्धी उच्च शिक्षा हासिल गर्न प्राथमिक आधारशीला तयार गर्न।

Untitled-138.pdf

१०. नेपाली लोकसङ्गीतको विभिन्न विधाका लागि आधारभूत ज्ञान र सीप हासिल गर्न ।
११. राष्ट्रिय गान, भजन, लोक, शास्त्रीय र आधुनिक गीत तथा धुनको परिचय दिन ।
१२. पाश्चात्य तथा भातखण्डे स्वरलिपिको परिचय दिन ।

विशिष्ट उद्देश्य

(क) विशिष्ट उद्देश्य कक्षा ९

१ नेपाली सङ्गीतको परिचय र महत्त्वबारे जानकारी दिन ।
२. आरोह, अवरोह र वर्णको परिचय दिन ।
३. थाट र जातिको परिचय दिन ।
४. नाद, स्वर, सप्तक, लय, ताल आदिको अभ्यास गर्न ।
५. रागको परिचय र परिभाषा दिन ।
६. राष्ट्रिय गीतको परिचयसहित गाउने सीप हासिल गर्न ।
७ भुपाली, बिलावल र यमन रागको परिचयसहित अभ्यास गर्न ।
८. दादरा, कहरवा, तीनतालमा सम, खाली ताली आदिको परिचय दिन र अभ्यास गरी सीप प्रदर्शन गर्न ।
९. झ्याउरे, ख्यालीको परिचय दिन ।
१०. राष्ट्रिय गानको परिचय दिन ।
११. स्थानीय लोकभजन, ऋतुकालीन लोक, शास्त्रीय र आधुनिकगीतको परिचय दिन ।
१२. लोकतालको परिचय दिन र अभ्यास गरी सीप प्रदर्शन गर्न ।

(ख) विशिष्ट उद्देश्य कक्षा १०

१. शुद्ध र विकृत स्वरको अभ्यास गर्न ।
२. राग र स्वर संवादको परिचयसहित सीप हासिल गर्न ।
३. प्रचलित १० थाटको परिचय र परिभाषासहित सीप हासिल गर्न ।
४. रागको परिचय र परिभाषा दिन ।
५. लक्षण गीतको परिचय दिन ।
६. स्थायी, अन्तरा, पकड आदिका साथै वक्रस्वर र वर्ज्यस्वरको जानकारी गर्न ।
७. तालको परिचयका साथै रुपक ताल, झपताल, एकतालका प्रकारहरू बताउन ।
८. ठेक्का, आवर्तन तथा लयका प्रकारहरू बताउन ।
९. लोकगीतको परिचय दिन ।
१०. चुट्का र पर्व गीतको परिभाषा दिन ।
११. नेपाली लोकबाजाको परिचय दिन ।
१२. भातखण्डे स्वरलिपिको परिचय दिन ।

Untitled-139.pdf

१३. प्रचलित स्टाफ स्वरलिपिको परिचय दिन ।

१४. पारिभाषिक शब्द तथा चिह्नहरूको परिचय दिन ।

१५. लोकतालहरूको अभ्यास गर्न ।

सङ्गीत विषयको क्षेत्र र क्रम तालिका

सैद्धान्तिक (कक्षा ९) — जम्मा ५० घन्टी

एकाइ	शीर्षक/विषयवस्तु	पाठ्यभार	कैफियत
१. सङ्गीतको परिचय तथा परिभाषा	(क) आरोह, अवरोह र वर्णको परिचय (ख) ध्वनिको परिभाषा (ग) श्रुतिको परिभाषा र परिचय (घ) प्रचलित १० थाटको परिचय (ङ) नादका प्रकारहरू (च) वादी, संवादी, विवादी, अनुवादी, जाति, स्थायी, अन्तरा, पकड र सप्तक ।	१० घन्टी	
२. स्वरलिपि ज्ञान	(क) भातखण्डे स्वरलिपिको ज्ञान (ख) पाश्चात्य स्वरलिपि (मेजर, माइनर, क्रोमेटिक, टाइमसिग्नेचर) को ज्ञान (ग) आफ्नो वाद्ययन्त्रको विस्तृत अङ्ग वर्णन ।	१० घन्टी	
३. राग खण्ड	(क) लक्षणगीत र सरगमगीत (ख) यमन, भूपाली, बिलावल रागको परिचय र परिभाषा ।	१० घन्टी	
४. ताल खण्ड	(क) तालको परिभाषा, दादरा, कहरवा र तिनतालको परिचय । (ख) लय, मात्रा, विभाग, सम, ताली, खाली र ठेक्का ।	१० घन्टी	
५. लोक सङ्गीत र लोक ताल	(क) लोकगीतको परिचय र परिभाषा तथा विशेषताहरू । (ख) झ्याउरे, ख्याली तथा लोकभजनको परिचय । (ग) झ्याउरे ख्याली र चुट्का ।	१० घन्टी	

प्रयोगात्मक (कक्षा ९) — जम्मा १०० घन्टी

एकाइ	शीर्षक/विषयवस्तु	पाठ्यभार	कैफियत
१. स्वर खण्ड	(क) आसनको अभ्यास तथा सात शुद्ध स्वरलाई गाउन सक्ने अभ्यास ।	२५ घन्टी	

Untitled-140.pdf

	(ख) शुद्ध स्वरमा विभिन्न दस प्रकारका अलङ्कारको अभ्यास ।		
१. राष्ट्रिय गीत (स्वदेश गीत)	(क) राष्ट्रिय (स्वदेश) गीत गाउने अभ्यास ।	१० घन्टी	
३. राग खण्ड	(क) यमन, भूपाली र बिलावल राग । (ख) पाठ्यक्रमभित्रका कुनै एक रागमा सरगम गीत तथा अन्य बाँकीमा मध्यलय गीतको (अलापतानसहित) अभ्यास ।	४५ घन्टी	
४. ताल खण्ड	(क) दादरा, कहरवा र तिनताललाई हातमा ताली दिएर सम, खाली, ताली देखाउन सक्ने अभ्यास ।	१० घन्टी	
५. लोक सङ्गीत र लोक ताल	(क) झ्याउरे, ख्याली र कुनै एक लोकभजनको अभ्यास । (ख)) झ्याउरे, ख्याली, चुट्का ताललाई हातमा ताली बगाएर देखाउन सक्ने अभ्यास ।	१० घन्टी	

सङ्गीत विषयको क्षेत्र र क्रम तालिका

सैद्धान्तिक (कक्षा १०) **जम्मा ४० घन्टी**

एकाइ	शीर्षक/विषयवस्तु	पाठ्यभार	कैफियत
१. स्वर संवाद	(क) स्वरका प्रकारहरू- शुद्ध र विकृतस्वर (ख) ग्रह, अंश, न्यास र स्वर संवादको परिचय ।	६ घन्टी	
२. थाट	(क) प्रचलित दस थाटको परिचय र परिभाषा । (ख) रागको परिभाषा ।	६ घन्टी	
३. राग	(क) रागको परिचय (भिमपलासी, खमाज, बृन्दावनी सारङ्ग, काफी र भैरवी) । (ख) लक्षण गीत । (ग) बक्रस्वर र बर्ज्यस्वर (खट्का), मुर्की, तान र अलाप ।	६ घन्टी	
४. ताल	(क) तालको परिचय- रुपक ताल, झपताल, एकताल । (ख) ठेक्का, आवर्तन तथा लयका प्रकारहरू (विलम्बित, मध्य र द्रुत) ।	६ घन्टी	
५. लोक सङ्गीत	१. (क) नेपाली लोकगीतको वर्गीकरण । (ख) चुट्का । (ग) कुनै एक पर्व गीत (देशको कुनै एक क्षेत्रको प्रचलित एक लोकगीत) । २. नेपाली लोकबाजाको परिचय (मादल, सारङ्गी, सनाई, मुरली र तिन्छु)	७ घन्टी	
६. पाश्चात्य	(क) पाश्चात्य स्वरलिपिको परिचय (ख) स्टाफमा प्रयोग हुने पारिभाषिक शब्द तथा	९ घन्टी	

Untitled-141.pdf

स्वरलिपि	चिह्नको ज्ञान (टोन, सेमिटोन, टेम्पो, बार, बारलाइन, ओक्टेभ, रिद्म, स्पेस, लाइन, स्टेपस, क्लेफ, ट्रेबल क्लेफ, बास क्लेफ, कि सिगनेचर, टाइम सिग्नेचर, टाइम (सिम्पल टाइम, डबल टाइम, ट्रिपल आदि)		

सङ्गीत विषयको क्षेत्र र क्रम तालिका

प्रयोगात्मक (कक्षा १०) जम्मा ७५ घन्टी

एकाइ	शीर्षक/विषयवस्तु	पाठ्यभार	कैफियत
१. स्वर	(क) आसनको अभ्यास । (ख) प्रचलित १० थाटमा विभिन्न प्रकारका अलङ्कारहरूको अभ्यास । (ग) रुपक ताल र झपतालमा कम्तीमा दुईदुईओटा अलङ्कारको अभ्यास ।	१० घन्टी	
१. राष्ट्रिय गीत (स्वदेश गीत)	(क) राष्ट्रिय गीत भातखण्डे र स्टाफलिपि पढेर गाउन सक्ने अभ्यास ।	५ घन्टी	
३. राग	(क) लक्षण गीत, छोटी ख्याल (स्थायी, अन्तरा) अलाप र केही तानहरूसहित निम्न रागमा गाउने अभ्यास- भिमपलासी, वृन्दावनी सारङ्ग, खमाज, काफी र भैरवी ।	२५ घन्टी	
४. ताल	(क) रुपक, झपताल र एक ताललाई हातमा ताली दिएर बोलसहित समान, दुगुन लयमा देखाउन सक्ने अभ्यास ।	१० घन्टी	
५. लोक सङ्गीत	(क) केही लोकताल र लोकगीतको अभ्यास:- (चुट्का, पर्वगीत तथा देशको कुनै पनि क्षेत्रमा प्रचलित एक लोकगीत।	१५ घन्टी	
६. पाश्चात्य सङ्गीत	विभिन्न स्केलमा मेजर, माइनर र मेलोडिक माइनरको अभ्यास ।	१० घन्टी	

शिक्षण प्रक्रिया

सङ्गीत विषय शिक्षण गर्दा विभिन्न कुराहरूमा ध्यान दिनुपर्दछ। विद्यार्थीहरूको क्रियाकलाप र अभ्यासहरूलाई विद्यार्थी-शिक्षक तथा विद्यार्थी-विद्यार्थीबीच छलफल गरी प्रयोगात्मक कार्य गराउनुपर्दछ। सिकेका ज्ञान र सीपलाई आफ्नो कक्षामा, विद्यालयमा, घरमा, रङ्ग मञ्चमा तथा अन्य सम्बन्धित ठाउँमा प्रयोग र प्रदर्शन गर्ने कार्यमा जोड दिनुपर्दछ। सङ्गीत प्रयोगात्मक विषय भएकाले शिक्षण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीले अघिल्लो कक्षामा अध्ययनबाट पहिले नै

Untitled-142.pdf

सिकिसकेका ज्ञान तथा सीपलाई पुनरावलोकन गर्नुपर्दछ। शिक्षण क्रियाकलाप गर्दा निम्नानुसारका शिक्षण विधि, शिक्षण प्रक्रिया तथा शैक्षिक सामग्री प्रयोग गर्न सकिन्छ।

(क) शिक्षण विधि

सङ्गीत शिक्षणमा निम्न प्रक्रिया तथा विधिहरू प्रयोग गरी शिक्षण क्रियाकलाप सञ्चालन गरिन्छ : १. प्रदर्शन विधि २. प्रश्नोत्तर र छलफल विधि ३. प्रयोगात्मक र छलफल विधि ४. समस्या समाधान विधि, ५. खोज विधि ६. अध्ययन भ्रमण र मञ्च प्रदर्शन ७. श्रवण विधि आदि।

(ख) शैक्षणिक सामग्रीहरू

१. विभिन्न वाद्ययन्त्रहरू २ वाद्ययन्त्रका चित्रहरू ३. स्टापनोटेसनका चित्रहरू ४. पाठ्यक्रम ५. पाठ्यपुस्तक ६. शिक्षक निर्देशिका, ७. सन्दर्भ सामग्री ८. अडियो ९. भिडियो टेप आदि।

पढाइ समयको व्यवस्था

कक्षा	पाठ्यभार	पूर्णाङ्क	वार्षिक कुल पिरियड	कैफियत
९	५	१००	१५०	
१०	५	१००	११५	

नोट : विद्यार्थीको स्तर र पूर्वज्ञानअनुरूप सैद्धान्तिक र प्रयोगात्मक विषयवस्तुलाई पाठ्यघन्टीसँग समायोजन गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ। सङ्गीत प्रयोगात्मक विषय भएकाले पाठ्यक्रमले छुट्याइएको पाठ्यभार कमी हुन सक्छ। तसर्थ प्रयोगात्मक कार्यका लागि विद्यालयभित्र तथा बाहिर मञ्च प्रदर्शन, प्रयोगात्मक कार्य तथा अध्ययन भ्रमण माध्यमद्वारा थप अभ्यास गर्न सकिनेछ।

एकाइगत पाठ्य घन्टी र पाठ्यभार (कक्षा ९)

क.सं	एकाइ	पाठ्य घन्टी (५०+१००)	
		कक्षा ९ (सैद्धान्तिक)	कक्षा ९ (प्रयोगात्मक)
१	सङ्गीतको परिचय तथा परिभाषा	१०	२५
२	स्वर लिपि ज्ञान	१०	१०
३	गायन, राग र वाद्य शैली	१०	४५
४	ताल	१०	१०
५	लोक सङ्गीत र लोक ताल	१०	१०
जम्मा		५०	१००

एकाइगत पाठ्य घन्टी र पाठ्यभार (कक्षा १०)

क.सं	एकाइ	पाठ्य घन्टी (४०+७५)	
		कक्षा १० (सैद्धान्तिक) ४० घन्टी	कक्षा १० (प्रयोगात्मक) ७५ घन्टी
१	स्वर संवाद	६	१०

Untitled-143.pdf

२	थाट	६	५
३	राग	६	२५
४	ताल	६	१०
५	लोक सङ्गीत र लोकताल	७	१५
६.	पाश्चात्य सङ्गीत	९	१०
जम्मा		४०	७५

मूल्याङ्कन योजना (Evaluation scheme)

(क) मूल्याङ्कनको आधार

सङ्गीत शिक्षणमा निम्न उद्देश्य प्राप्तिको आधार लिई विद्यार्थीको मूल्याङ्कन गरिनेछ :

- निश्चित सिकाइउपलब्धिहरू विद्यार्थीहरूले हासिल गर्न सके वा नसकेको परीक्षण गर्न ।
- सङ्गीत का नयाँ पाठ सिक्नका लागि पूर्वाधार भए वा नभएको परीक्षण गर्न ।
- विद्यार्थी स्वयम्लाई आफूले गरेको प्रगतिसम्बन्धी पृष्ठपोषण दिन ।
- शिक्षकलाई उसको शिक्षण प्रभावकारितासम्बन्धी पृष्ठपोषण दिन ।
- विद्यार्थीहरूलाई उनीहरूको उपलब्धि मापन गरी सोअनुसार निर्धारण गर्न ।
- सङ्गीतको व्यावहारिक प्रयोगको प्रगति मापन गरी पृष्ठपोषण दिन र सुधार गर्न ।

(ख) मूल्याङ्कन विधि

मूल्याङ्कन औपचारिक तथा अनौपचारिक रूपमा हुनेछ । निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गरिनेछ । निर्णयात्मक मूल्याङ्कन गर्न परीक्षा लिदा १०० पूर्णाङ्कमा जाँच लिई तोकिएको परीक्षालाई निर्धारण गरिएको पूर्णाङ्कमा रूपान्तरण गरी अभिलेख राखिनेछ ।

(अ) निर्माणात्मक मूल्याङ्कन

अवलोकन, सहभागिता, प्रयोगात्मक कार्य, मञ्च प्रदर्शन, छलफल आदिको मूल्याङ्कन गरी पृष्ठपोषण दिने

कक्षाकार्य : कक्षाभित्र सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासहरू दिई तिनीहरूको मूल्याङ्कन गरी पृष्ठपोषण दिने ।

गृहकार्य : घर तथा क्षेत्र भ्रमणमा अभ्यास दिई समाधानको मूल्याङ्कन गरी पृष्ठपोषण दिने ।

एकाइ परीक्षा- प्रत्येक एकाइको अन्त्यमा सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गरी मूल्याङ्कन गरी पृष्ठपोषण दिने ।

(आ) निर्णयात्मक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनका प्रत्येक परीक्षा निम्नानुसार हुनेछन् :

कक्षा ९ र १० मा निर्णयात्मक मूल्याङ्कनका लागि त्रैमासिक परीक्षा, अन्तिम परीक्षा, टेस्ट परीक्षा र एस.एल.सी. परीक्षा सञ्चालन गरिनेछ । प्रत्येक परीक्षामा सैद्धान्तिक र प्रयोगात्मक गरी दुई

Untitled-144.pdf

किसिमका परीक्षा सञ्चालन गरिनेछ। दुवैका लागि प्रत्येक परीक्षाका पूर्णाङ्कभार प्रत्येक परीक्षामा छुट्याइएको पूर्णाङ्क ५०/५० प्रतिशत हुनेछ।

त्रैमासिक परीक्षा : दुईओटा परीक्षा लिने जसको पूर्णाङ्क २०/२० हुनेछ। कक्षा ९ मा दुईओटा र १० मा एउटा त्रैमासिक परीक्षा लिइनेछ। त्रैमासिक परीक्षाका लागि विषयवस्तुहरू विद्यालयले निर्धारण गरी मूल्याङ्कन गर्न सक्नेछन्।

अन्तिम परीक्षा : कक्षा ९ मा शैक्षिक सत्रको अन्त्यमा र कक्षा १० मा टेस्ट तथा एस.एल.सी. परीक्षा सञ्चालन गरिनेछ।

(ग) परीक्षा सञ्चालन र मूल्याङ्कन व्यवस्था

कक्षा ९ र १० तथा एस.एल.सी. परीक्षाको सैद्धान्तिक तथा प्रयोगात्मक मूल्याङ्कन निम्नानुसार हुनेछ। परीक्षामा उत्तीर्ण हुनका लागि सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्नुपर्नेछ। सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क प्रत्येक परीक्षाको पूर्णाङ्कको क्रमशः ३२ प्रतिशत र ४० प्रतिशत हुनेछ।

(क) कक्षा ९

कक्षा ९ मा निम्नानुसारका परीक्षा सञ्चालन र मूल्याङ्कन व्यवस्था हुनेछ।

(अ) सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम सङ्ख्या	पूर्णाङ्क	समय	कैफियत
पहिलो त्रैमासिक	१ र २	छोटा उत्तर आउने ६ ओटा धेरै छोटो उत्तर आउने १० ओटा	१० प्रतिशत	१.५ घन्टा	
दोस्रो त्रैमासिक	१-४	छोटा उत्तर आउने ६ ओटा धेरै छोटो उत्तर आउने १० ओटा	१० प्रतिशत	१.५ घन्टा	
अन्तिम परीक्षा	१-६	छोटा उत्तर आउने ६ ओटा धेरै छोटो उत्तर आउने १० ओटा	३० प्रतिशत	१.५ घन्टा	

नोटः कक्षा ९ को अन्तिम परीक्षाका लागि विशिष्टीकरण तालिका एस.एल.सी.का लागि दिइएको माध्यमिक तहको विशिष्टीकरण तालिकाअनुसार हुनेछ।

प्रश्न तथा पूर्णाङ्क व्यवस्था

प्रश्नका किसिम	सङ्ख्या	पूर्णाङ्क
छोटा उत्तर आउने	६ ओटा	६ X ५ = ३०
धेरै छोटो उत्तर आउने	१० ओटा	१०X २ = २०

(आ) प्रयोगात्मक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क	समय	प्रयोगात्मक अङ्क व्यवस्था
पहिलो त्रैमासिक	१ र २	तल दिएबमोजिम	१० प्रतिशत	१.५ घन्टा	५ + ३ + २ = १०

Untitled-145.pdf

दासो त्रैमासिक	१-४	तल दिएबमोजिम	१० प्रतिशत	१.५ घन्टा	५ + ३ + २ = १०
अन्तिम परीक्षा	१-६	तल दिएबमोजिम	३० प्रतिशत	१.५ घन्टा	१५ +९+ ६ = ३०

नोट : प्रयोगात्मक अङ्क व्यवस्था शीर्षकमा दिइएको सङ्ख्यालाई विस्तृतीकरण तल दिएअनुरूप क्रमशः प्रयोगात्मक कार्य, प्रयोगात्मक कार्यको अवलोकन र प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा/मञ्च प्रदर्शनका मूल्याङ्कनका लागि छुट्याइएको पूर्णाङ्क व्यवस्था हो ।

प्रयोगात्मक परीक्षा लिँदा प्रश्नको किसिम र सङ्ख्या तथा तिनीहरूको पूर्णाङ्क निम्नानुसार हुनेछ ।

१. **प्रयोगात्मक कार्यसम्बन्धी मञ्च प्रदर्शन :** सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ५० प्रतिशत अङ्क

२. **प्रयोगात्मक कार्य दिने र अवलोकन गर्ने :** सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ३० प्रतिशत अङ्क

३. **प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा :** सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको २० प्रतिशत अङ्क

(ख) कक्षा १०

कक्षा १० मा निम्नानुसार परीक्षा सञ्चालन र मूल्याङ्कन व्यवस्था हुनेछ :

(अ) सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम सङ्ख्या	पूर्णाङ्क	समय
पहिलो त्रैमासिक	१ र २	छोटो उत्तर आउने ६ ओटा धेरै छोटो उत्तर आउने १० ओटा	१० प्रतिशत	१.५ घन्टा
टेस्ट परीक्षा	कक्षा ९ का १-६ कक्षा १० का १-६	छोटो उत्तर आउने ६ ओटा धेरै छोटो उत्तर आउने १० ओटा	४० प्रतिशत	१.५ घन्टा

प्रश्न तथा पूर्णाङ्क व्यवस्था

प्रश्नका किसिम	सङ्ख्या	पूर्णाङ्क
छोटा उत्तर आउने	६ ओटा	६ X ५ = ३०
धेरै छोटो उत्तर आउने	१० ओटा	१० X २ = २०

(आ) प्रयोगात्मक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क	समय	प्रयोगात्मक अङ्क व्यवस्था
पहिलो त्रैमासिक	१ र २	तल दिएबमोजिम	१० प्रतिशत	१.५ घण्टा	५+ ३ + २ = १०
टेस्ट परीक्षा	कक्षा ९ का १-६ कक्षा १० का १-६	तल दिएबमोजिम	४० प्रतिशत	१.५ घण्टा	२०+१२+८ = ४०

Untitled-146.pdf

नोट : प्रयोगात्मक अङ्क व्यवस्था शीर्षकमा दिइएको सङ्ख्यालाई विस्तृतीकरण तल दिएअनुरूप क्रमशः प्रयोगात्मक कार्य, प्रयोगात्मक कार्यको अवलोकन र प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा/मञ्च प्रदर्शनका मूल्याङ्कनका लागि छुट्याइएको पूर्णाङ्क व्यवस्था हो ।

प्रयोगात्मक परीक्षा लिदा प्रश्नको किसिम र सङ्ख्या तथा तिनीहरूको पूर्णाङ्क निम्नानुसार हुनेछ ।

१. प्रयोगात्मक कार्यसम्बन्धी मञ्च प्रदर्शन : सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ५० प्रतिशत अङ्क

२. प्रयोगात्मक कार्य दिने र अवलोकन गर्ने : सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ३० प्रतिशत अङ्क

३. प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा : सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको २० प्रतिशत अङ्क

(ग) एस.एल.सी. परीक्षा

(अ) सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क	समय
एस.एल.सी.	कक्षा ९ का १-५ कक्षा १० का १-५	छोटा उत्तर आउने ६ ओटा धेरै छोटा उत्तर आउने १० ओटा	५० प्रतिशत	१.५० घण्टा

प्रश्न तथा पूर्णाङ्क व्यवस्था

प्रश्नका किसिम	सङ्ख्या	पूर्णाङ्क
छोटा उत्तर आउने	६ ओटा	६ × ५ = ३०
धेरै छोटो उत्तर आउने	१० ओटा	१० × २ = २०

माध्यमिक तहको ऐच्छिक द्वितीय पत्र सङ्गीत विषयको विशिष्टीकरण तालिका
अन्तिम परीक्षा (वि.सं. २०६० अनुसार)

क्र.सं.	क्षेत्र/एकाइ	धेरै छोटो		छोटो		जम्मा	जम्मा
	प्रश्न सङ्ख्या	प्रश्न सङ्ख्या	पूर्णाङ्क	प्रश्न सङ्ख्या	पूर्णाङ्क	प्रश्न सङ्ख्या	पूर्णाङ्क
१	स्वर	२	४	१	५	३	९
२	गीत	२	४	१	५	३	९
३	राग	२	४	१	५	३	९
४	ताल	२	४	१	५	३	९
५	लोक सङ्गीत	१	२	१	५	२	७
६	पाश्चात्य सङ्गीत	१	२	१	५	२	७
जम्मा		१०	२०	६	३०	१६	५०

Untitled-147.pdf

(आ) प्रयोगात्मक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम सङ्ख्या	पूर्णाङ्क	समय	कैफियत
एस.एल.सी.	कक्षा ९ का १-५ कक्षा १० का १-५		५० प्रतिशत	१.५० घन्टा	

नोटः

१. प्रयोगात्मक परीक्षा आन्तरिक र बाह्य गरी दुई किसिमको हुनेछ ।

२. आन्तरिक प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २५ प्रतिशत (२५ अङ्क) हुनेछ, विद्यालयमा कक्षा ९ र १० मा प्राप्त गरेको प्राप्ताङ्कको औसत अङ्क आन्तरिक प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क हुनेछ । यस परीक्षाको प्राप्ताङ्क विद्यालयले मूल्याङ्कन गरी पठाउने व्यवस्था हुनेछ ।

३. बाह्य प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २५ प्रतिशत (२५ अङ्क) हुनेछ, बाह्य परीक्षकद्वारा तल दिइएबमोजिम मूल्याङ्कन गरी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क बाह्य प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क हुनेछ ।

प्रयोगात्मक परीक्षाको परीक्षा लिदा प्रश्नको किसिम र सङ्ख्या तथा तिनीहरूको पूर्णाङ्क निम्नानुसार हुनेछ :

१. **प्रयोगात्मक कार्यसम्बन्धी मञ्च प्रदर्शन** : सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ५० प्रतिशत अङ्क (१२.५ अङ्क)

२. **प्रयोगात्मक कार्य दिने र अवलोकन गर्ने** : सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ३० प्रतिशत अङ्क (७.५ अङ्क)

३. **प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा** : सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको २० प्रतिशत अङ्क (५ अङ्क)

(घ) प्रयोगात्मक परीक्षाका लागि निर्देशन

प्रयोगात्मक परीक्षाको मूल्याङ्कन गर्दा एकरूपताका लागि निम्नानुसारका पक्षहरूमा ध्यान पुऱ्याउनु पर्नेछ :

१) बाद्य सङ्गीतको धुन वादनको मूल्याङ्कन गरी यसलाई २० प्रतिशत अङ्क दिने ।

२) स्वर पहिचान गरी मूल्याङ्कन गरी २० प्रतिशत अङ्क दिने ।

३) ताल प्रदर्शनलाई मूल्याङ्कन गरी २० प्रतिशत अङ्क दिने

४) प्रस्तुतिलाई मूल्याङ्कन गरी ४० प्रतिशत अङ्क दिने ।

Untitled-148.pdf